# अध्याय १

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाली समाजको प्रकृति बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुजातीय रहेको छ । यहाँ आफ्नै सामाजिक सांस्कृतिक तथा धार्मिक पृष्ठभूमि भएका जातीय, जनजातीय तथा आदिवासीहरु छन् । विश्व मानव समुदायमा विविध सामाजिक तथा सांस्कृतिक पृष्ठभूमि भएको देश नेपाल पनि एक हो । त्यस्तै नेपाल विविध भाषा, धर्म, संस्कृति तथा आदिवासी जनजाति भएको साझा एवम् संगम भूमि हो ।

नेपालको पूर्वी भाग झापा र मोरङ जिल्लामा परापूर्व कालदेखि बसोबास गरी आएका राजवंशीहरु सत्रौँ र अठारौँ शताब्दीमा भारतको कुछ बिहारबाट नेपाल प्रवेश गरेका थिए । उनीहरुले सभ्य हुन राजपुत भाषाको अनुकरण गरेपछि विभाजित मुसलमान बङ्गलादेश र हिन्दू राजवंशी नेपालमा बसोबास गर्दछन् (गौतम, २००५) ।

नेपालका राजवंशीलाई झट्ट हेर्दा यिनीहरुको शारिरीक संरचना मंगोलियन समुदायको जस्तो देखिएता पनि यिनीहरुको शारिरीक वनावटमा आर्यको रुपरंग सँग पनि समानता रहेको पाइन्छ । यिनीहरुको रहनसहन भारतको पश्चिम वंगालका वंगाली सँग मिल्दोजुल्दो देखिन्छ । त्यस्तै गरी स्थानीय अन्य आदिवासी जनजाति, ताजपुरिया, धिमाल, मेचे, कोच, गिरी गनगाई जातिसँग पनि धेरै कुरामा समानता राख्ने राजवंशीहरु झापा, मोरङ्ग र सुनसरी जिल्लामा बसोवास गर्दै आएका छन् । वि.सं. २०५८ सालको सरकारी जनगणना अनुसार नेपालमा राजवंशी मातृभाषा बोल्नेको जनसंख्या १,२९,८२९ छ (केन्द्रीय तथ्याङ्क विभाग, २००१)

धर्म, सँस्कृति, परम्परा, मान्यता आदि समाज निर्माणका आधारभूत तत्वहरु हुन्, जहाँ महिलाको सधै निम्न स्थान पाइन्छ (श्रेष्ठः १९८७) । पितृप्रधान नेपाली समाजमा लैङ्गिक रचनाको प्रकृति नै असमान छ, जहाँ महिला शिक्षा, स्वास्थ्य सेवा, निर्णय गर्ने शक्ति तथा रोजगारीमा कम पहुँच हुन्छ (आचार्य र बेनेट, १९८१) । महिला र पुरुषमा लैङ्गिकता वृद्धिमा परम्परागत संस्कार, अशिक्षा, गरिबी र रुढीवादीले महत्वपूर्ण योगदान दिएका हुन्छन् ।

प्रत्येक समाजमा लैङ्गिकताको निर्माण महिला र पुरुषमा फरक-फरक हुन्छ । लैङ्गिकता निमार्णको असमानताले गर्दा निर्णय प्रक्रियामा प्रत्येक व्यक्तिमा विविधता पाइन्छ (आचार्य र विनेटः १९८३) । निर्णयले पनि जातीयतामा प्रभाव पार्दछ, महिलाहरुको निर्णय क्षमता उच्च जातका ब्राह्मण र क्षेत्रीमा भन्दा जनजाति तथा आदिबासीमा बढी हुन्छ । राजवंशी समाजमा महिलाको स्थान उच्च हुन्छ । घरपरिवारका सम्पूर्ण कार्यहरु महिलामा केन्द्रित हुन्छन्, जहाँ आर्थिक उत्तरदायित्व, वस्तुको किनबेच तथा निर्णय अधिकार महिलामा निहित हुन्छ (गौतम, २००५) । क्षेत्री, ब्राह्मण र तराईबासीहरु जस्तो यिनीहरुमा छुत-अछुतको भावना तथा स्तरीकरण पाइँदैन । यिनीहरुमा खानपानदेखि लिएर विभिन्न चाडपर्व, संस्कारमा सबैले समानरुपमा सहभागिता जनाउँछन् (घिमिरे, २०६१:१७) ।

राष्ट्रिय योजना आयोग (१९९२) का अनुसार आय, धन, आधुनिक साधन, शिक्षा तथा स्वास्थ्य सुविधामा महिलाको पहुँच कम छ । लैङ्गिकता अन्तरसाँस्कृतिक संरचना हो । प्रत्येक समाजको लैङ्गिकता निर्माणमा धर्म, विश्वास र परम्परागत मूल्य तथा मान्यताले प्रभाव पार्दछन् । लैङ्गिकताको निर्माणमा समाजको पनि भूमिका हुन्छ, जहाँ पुरुषलाई सम्पूर्ण उत्तरदायित्य र महिलालाई अपहेलना गरिन्छ । यो एउटा सिकिएको व्यवहार हो, जुन समयअनुरुप परिवर्तन हुन्छ (चौलागाइँ, २००४:६) ।

माथिका उल्लिखित अध्ययनअनुसार राजवंशी महिलामा निर्णय गर्ने क्षमता उच्च जातिका महिलाहरुमा भन्दा बढी हुन्छ । तर पनि राजवंशी समुदायको लैङ्गिकता निर्माणमा भूमिका खेल्ने सामाजिक साँस्कृतिक पक्षबारे जान्नु उत्तिकै आवश्यक छ । समाजमा सामाजिक र साँस्कृतिक भूमिकाले पनि महिलाको भूमिकामा प्रभाव पार्दछ । उनीहरुको दक्षता र

क्षमतालाई समाजले कुनै मान्यता दिँदैन साथै उनीहरुलाई सामाजिक, आर्थिक तथा अन्य क्रियाकलापमा निर्णयकारी भूमिका खेल्ने अवसर दिइँदैन । उनीहरुलाई दोस्रो श्रेणीको नागरिक र समाजमा सहायकको भूमिकामा राखिन्छ । स्रोतमा कम पहुँचले महिलाहरुको अन्तरनिर्भता र पारिवारिक भूमिकामा प्रत्यक्ष असर पारेको देखिन्छ ।

यसरी अध्ययन तथा अनुसन्धानका क्रममा विभिन्न विद्वान, अनुसन्धानकर्ता, समाजशास्त्री तथा मानवशास्त्रीहरु (जस्तैः ढुंगाना, वि.सं. २०५२; बर्ली, १९८५; श्रेष्ठ, १९९७; उपाध्याय, वि.सं. २०४० आदि) ले राजवंशी समुदायको वारेमा अध्ययन गरेतापनि उनीहरुले आर्थिक, सामाजिक, सांस्कृतिक पक्षमा मात्र जोड दिएका छन् । यस जातिको बारेमा विगत देखि वर्तमान समय सम्म विभिन्न अध्ययन भए तापनि राजवंशी महिलाको बारेमा कुनै अध्ययन भएको छैन । त्यसैले मैले यस अध्ययनमा वर्तमान समयमा विश्वव्यापीरुपमा फैलिएको लैङ्गिक असमानताको प्रभाव राजवंशी समुदायमा कस्तो छ र त्यसले समाजमा महिला पुरुष विचमा कस्तो प्रभाव पारेको छ भनि राजवंशी समुदायमा लैङ्गिक संरचनाको निर्माण र महिलाको भूमिकाको लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गरेको छु ।

## १.२ समस्याको कथन

नेपालका सबै समाजहरुमा पुरुषप्रधानता र स्तरीकरण पाइन्छ, जहाँ पुरुषले महिला र परिवारका सदस्यहरुमाथि शक्ति प्रयोग गर्दछन् । स्रोत साधान तथा घरायसी कार्यमा महिलाको निर्णय गर्ने शक्ति पुरुषको भन्दा कम हुन्छ (आचार्य, १९७९) ।

लैङ्गिकता अन्तरसाँस्कृतिक रचना हो, जुन समाज र सँस्कृतिअनुसार फरकफरक हुन्छ । यस अध्ययनको मुख्य उद्देश्य राजवंशी समुदायमा लैङ्गिक निर्माण प्रक्रियाको अध्ययन गर्नु हो । समाजमा महिला र पुरुषको निर्धारण लैङ्गिक संरचनाले गर्दछ, जसले निर्णय प्रक्रिया र सामाजिक भूमिकामा असर पार्दछ । समाजमा महिलाहरु सधै शोषित र निम्न अवस्थामा रहेका छन् । भसिन (१९९३) का अनुसार पितृसत्तात्मक समाजमा महिलाको निम्न कुरामा नियन्त्रण भएको हुन्छ :

- महिला उत्पादित कामदारको रुपमा (पति र अन्यद्वारा) शोषित हुन्छन् ।
- महिलाको पुनरउत्पादन (सन्तान जन्माउने प्रक्रियामा महिलालाई) स्वतन्त्रता हुँदैन ।
- महिलाका गतिविधि (महिलाहरुलाई घरायसी कार्यमा मात्र सीमित गरिन्छ) ।
- सम्पत्ति र स्रोतमाथि नियन्त्रण ।

भट्टचन (२००१) ले लैङ्गिकताको आधारमा गरिने श्रम विभाजन नै समस्या हो, जहाँ महिलालाई निश्चित घरायसी काममा सीमित गरिएको हुन्छ भने पुरुष सार्वजनिक क्षेत्रमा क्रियाशील हुन्छन् भन्ने तर्क दिएका छन् । शहरी तथा ग्रामीण क्षेत्रमा पुरुष पनि निजी क्षेत्रमा र महिला पनि सार्वजनिक क्षेत्रमा क्रियाशील छन् । तर ग्रामीण क्षेत्रमा यसको विपरीत हुन्छ । महिला र पुरुष दुबैले घरायसी काम गरे पनि त्यसको क्रमिकतामा धेरै फरक पाइन्छ । महिला प्रत्येक दिन १६ घण्टा काम गर्छन् भने पुरुषहरु घुमेर दिन बिताउँछन् ( शर्मा, २००३) ।


हाम्रो समाजमा महिलाहरु शोषित तथा पीडित छन् । उनीहरु निर्णय प्रक्रियाका सबै क्षेत्रमा अपहेलित तथा विकासका क्रियाकलापबाट बाहिर छन् । पुरुषको प्रभुत्व रहेको नेपाली समाजमा महिलाको अवस्था दयनीय छ । उनीहरु गरिबी, अज्ञानता, बेरोजगारी आदिबाट प्रभावित छन् । परिवार पनि सामाजिक संरचनाको एउटा मञ्च हो त्यसैले परिवारको आन्तरिक गतिशीलता नबुझिकन समाजलाई बुझ्न सकिदैन । सामाजिक विकास प्रक्रियामा परिवारको मूलीलाई बढी महत्व दिइन्छ, जुन भूमिकामा सधैँ पुरुष हुन्छ । विकासका प्रत्येक नीति निर्माण तहमा पुरुष र महिला दुबैलाई सहभागी गराउनुपर्छ भन्ने मान्यता विश्वव्यापी बनिसकेको छ ।

यसै परिप्रेक्ष्यमा रहेर यस अध्ययनले निम्न प्रश्नहरुलाई जोड दिइएको छः

- राजवंशी समुदायमा लैङ्गिक संरचनाको निर्माण कसरी हुन्छ ?
- परिवारमा कसको भूमिका कस्तो छ ?
- श्रम विभाजन कस्तो छ ?

- परिवार र परिवारबाहिर महिला र पुरुषको पेशागत भूमिका कस्तो छ ?
- पारिश्रमिकको व्यवस्था कस्तो छ ?
- निर्णय प्रक्रियामा कसको भूमिका बढी छ ?

## १.३ अवधारणागत आधारशीला




राजवंशी समुदायमा लैङ्गिक निर्माणमा विभिन्न तत्वहरुले प्रभाव पारेका छन् । लैङ्गिकता सामाजिक रचना भएकाले समाजमा महिलाहरु शोषित तथा दविएका छन् । परिवारमा असमान व्यवहार गरिनुका साथै जीवनका अवसरबाट वञ्चित भएका छन् । यसैगरी

परिवारमा परम्परागत रुपमा चलिआएका सांस्कृतिक मुल्य, मान्यता तथा विश्वासको आधारमा महिला पुरुषका भूमिकाहरु विभाजन गरिएका हुन्छ जहाँ महिलाहरु घरायसी क्षेत्रमा मात्र सीमित भएका हुन्छन् भने पुरुषहरु सार्वजनिक क्षेत्रमा संलग्न भएका हुन्छन् ।

राजवंशी समुदायमा महिलाहरु घरायसी क्षेत्रमा सीमित हुनोका कारण शिक्षा पनि हो । समाजमा जनचेतनाको कमिले गर्दा महिलाहरु सामाजिक निति नियमलाई स्वीकार्न वाध्य भएका छन् जहाँ उनीहरुको वढिसमय खाना बनाउने, परिवारको हेरचाह जस्ता अनुत्पादक कृयाकलापमा बढी समय खर्च हुन्छ । यसैगरी आर्थिक रुपमा पनि समाजमा महिलाहरु पछि रहेका छन् र राजवंशी समुदायमा चलिआएको धार्मिक मान्यताले पनि महिनालाई घरायसी क्षेमा नै सीमित रहेका छ । यसरी यस राजवंशी समुदायमा लैङ्गिकताको विभिन्न सामाजिक संस्थाहरुद्वारा भएको छ र समाजमा यसै आआधारमा महिला तथा पुरुषका भूमिकाहरु निर्धारण भएका छन् ।

## १.४ अध्ययनका उद्देश्यहरु :

प्रत्येक अध्ययन तथा अनुसन्धानका आ-आफ्नै उद्देश्य हुन्छन् । साधारणतया यस अुनसन्धानको उद्देश्य राजवंशी महिलाको लैङ्गिक सम्बन्धको विश्लेषण गर्नु रहेको छ । साथै यस अध्ययनका विशिष्ट उद्देश्यहरु निम्न छन्-

- अध्ययन क्षेत्रमा लैङ्गिक संरचनाको निर्माण र महिलाको भूमिकाको अध्ययन गर्नु ।
- पारिवारिक निर्णय प्रक्रियामा महिलाको सहभागिता र स्रोतमाथि नियन्त्रणको अध्ययन गर्नु ।

## १.५ अध्ययनका सीमाहरु :

- पूर्वी नेपालको झापा जिल्ला राजगढ गाविस वडा नं. २ लाई यस अनुसन्धानको अध्ययन क्षेत्रका रुपमा लिइएको थियो । यो अध्ययन राजवंशी महिलाको पारिवारिक भूमिका र निर्णय प्रक्रियामा केन्द्रित रहेको थियो ।
- यो एक शैक्षिक अध्ययन भएको हुनाले यसले सम्पूर्ण पक्षलाई समेट्दैन ।

- यो अध्ययन सीमित स्रोत र साधनले गर्दा एउटा गा.वि.स. तथा जातिमा केन्द्रित रहेर अध्ययन गरिएको छ ।

## १.६ अध्ययनको सङ्गठनः

यस शोधपत्रलाई जम्मा सात अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा शोधपत्रको परिचयअन्तर्गन अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अवधारणागत आधाशीला अध्ययनका उद्देश्यहरु, अध्ययनका सीमा र अध्ययनको महत्व समावेश गरिएको छ ।

त्यसैगरी अध्याय दुईमा पूर्वसाहित्य पुनरावलोकनअन्तार्तत लैङ्गिकः एक परिदृश्य, नेपालमा लैङ्गिक परिदृश्य, लैङ्गिक सम्बन्ध र राजवंशी जातिको सामान्य परिच रहेका छन् ।

तेस्रो अध्यायमा अनुसन्धान विधिमा अध्ययन क्षेत्र छनोट गर्नुका कारण, अनुसन्धान ढाँचा, तथ्याङ्कको प्रकृति, नमूना सर्वेक्षण, तथ्याङ्क सङ्कलनका विधिहरु, तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण गरिएको छ ।

अध्याय ४ मा अध्ययन क्षेत्रको भौगोलिक अवस्थामा झापा जिल्लाको ऐतिहासिक पृष्ठभूमि, झावा जिल्ला र राजगढ गाविस, नामाकरण, हावापानी, राजवंशी जातिको ऐतिहासिक पृष्ठभूमि, शारीरिक आकृति, राजवंशीका केही प्रथा र संस्कारहरु, राजवंशी जातिका परम्परागत नाचगानहरु, पहिरन, खानाका परिका, गरगहना, पिउने पानी, सञ्चार, पेशा, माटो, यसैगरी सामाजिक अवस्थाअन्तर्गत समुदायको संरचना, घरको संरचना, जनसाङ्खिकीय विशेषता, जातीय संरचना, पारिवारिक संरचना, शैक्षिक स्थिति, आर्थिक स्थिति र राजनीतिक स्थिति समावेश गरिएको छ ।

अध्याय ५ मा राजवंशी समुदायमा लैङ्गिक संरचनाको निर्माण र महिलाको भूमिका शीषकमा राजवंशी समुदायको सामाजिक स्थिति र लैङ्गिकता, पारिवारिक कार्यविभाजन, परिवारको प्रकृति, बाली उत्पादनमा लैङ्गिक सहभागिता, परिवारमा बच्चाको पालनपोषणको जिम्मेवारी, सरसफाई र घरको व्यवस्थापनमा लैङ्गिक सहभागिता, आर्थिक क्षेत्रमा महिला र

पुरुषको सहभागिता, शैक्षिक स्थितिअन्तर्गत राजवंशी समुदायको शैक्षिक स्थिति, उत्तरदाताको शैक्षिक अवस्था र धार्मिक पक्ष रहेका छन् ।

त्यस्तै अध्याय ६ मा राजवंशी समुदायमा महिलाको निर्णय प्रक्रियामा सहभागिता र स्रोतमाथि नियन्त्रणअन्तर्गत कृषि व्यवस्थापनमा लैङ्गिक निर्णय, जनावरको व्यवस्थापन, पारिवारिक सम्पत्तिमाथिको नियन्त्रण, पारिवारिक निर्णय, पूँजी लगानीमा लैङ्गिक निर्णय, स्वास्थ्य उपचारमा लैङ्गिक निर्णय, सामाजिक-साँस्कृतिक अभ्यासमा लैङ्गिक निर्णय र महिलाको शिक्षाको तह र निर्णय प्रक्रिया सम्मिलित छन् ।

अध्याय ७ मा सारांश, पत्ता लागेका मुख्य कुराहरु र निष्कर्ष समावेश गरिएको छ ।

## १.७ अध्ययनको महत्व :

नेपाल बहुजातीय तथा बहुभाषिक समाज हो, जहाँ साँस्कृतिक विविधताका साथै भौगोलिक विविधता पनि पाइन्छ । विभिन्न क्षेत्रका जातीय समूहहरुका आफ्नै परम्परागत प्रणाली, मूल्य मान्यता, विश्वास तथा रहनसहन हुन्छन् ।

आफ्नो छुट्टै साँस्कृतिक अस्तित्व बोकेको राजवंशी समुदायमा विभिन्न अध्ययन तथा अनुसन्धान भए तापनि महिलाको बारेमा विगतदेखि वर्तमान समयसम्म कुनै अध्ययन नभएकोले यस अध्ययनले राजवंशी समुदायका महिलाहरुको वास्तविक स्थितिको अध्ययनमा जोड दिएको छ । समुदायमा महिला र पुरुषबीचको सम्बन्धका साथै राजवंशी समुदायमा समाजमा परम्परागतरुपमा चलिआएका साँस्कृतिक मूल्य, मान्यता तथा सामाजिक संरचनाले महिलाको भूमिकामा पारेको प्रभाव तथा समाजमा महिलाको वास्तविक स्थितिको अध्ययनमा जोड दिइएको छ ।

लैंगिकता सामाजिक संरचना भएकोले यस राजवंशी समुदायमा लैंगिक संरचनानको निर्माण कसरी भएको छ र यसले महिला तथा पुरुषको भूमिकामा पारेको प्रभावमा यो अध्ययन केन्द्रित रहेको छ । साथै, समाजका आधारभूत तत्वहरु, जस्तैः सामाजिक, साँस्कृतिक, धार्मिक

मूल्य, मान्यता तथा आर्थिक र शैक्षिक पक्षले लैंगिक निर्माणमा पारेको प्रभावलाई यस अध्ययनमा जोड दिइएको छ । समाजमा लैंगिकरुपमा निर्धारित भूमिकाले पारिवारिक निर्णय प्रक्रिया तथा स्रोत, साधनमाथि उनीहरुको पहुँच कस्तो रहेको छ भन्ने विषयमा अध्ययन केन्द्रित रहेको छ ।

यस अध्ययनले राजवंशी समुदायमा लैङ्गिक सम्बन्धको बारेमा जानकारी लिन चाहने स्वदेशी तथा विदेशी अनुसन्धानकर्तालाई सहयोग गर्नुका साथै यस अध्ययनले योजनाविद, नीतिनिर्माता तथा विकासका क्रियाकलाप संञ्चालन गर्न सहयोग गर्नेछ ।

# अध्याय २

# साहित्य पुनरावलोकन

## २.१ लैङ्गिक : एक परिदृष्य

नेपाल बहुभाषिक, बहुधार्मिक तथा बहुजातिको एकीकृत स्वरुप हो, जहाँ प्रत्येक जातिका आ-आफ्नै मौलिक मूल्य मान्यता, साँस्कृतिक परम्पराद्वारा समाजिक गतिविधि सञ्चालन भइरहेका हुन्छन् । पुरुषको प्रभुत्व रहेको हाम्रो समाजमा महिला शोषित छन् र उनीहरुलाई दोस्रो श्रेणीमा राखिएको छ । त्यसैले महिलाको अध्ययन एक पक्षबाट मात्र गर्न सकिदैन किनकि उनीहरुको भूमिका विभिन्न क्षेत्रमा भएकाले बहुसिद्धान्तको आवश्यकता पर्दछ ( भाष्कर, १९९५:२) । पुरुषका कामलाई उत्पादनशील मानिन्छ, जसको आर्थिक भूमिका हुन्छ । महिलाले गर्ने घरायसी काम जति नै महत्वको भए पनि त्यसलाई अनुत्पादनशील मानिन्छ किनकि यसले व्यापारिक उत्पादनमा कुनै योगदान दिदैन (घिमिरे, १९९४) ।

आचार्य (१९९७) का अनुसार परम्परागत सामाजिक संस्कार पनि आर्थिक विकासका क्रियाकलापमा महिला सहभागिताको बाधक हो । यसले गर्दा निर्णय प्रक्रियाामा महिलाको भूमिका निम्न हुन्छ । आर्थिक विकासका क्रियाकलापमा महिला सहभागिताको वृद्धि गर्न सकेमा उनीहरुको निर्णय गर्ने क्षमतामा पनि वृद्धि हुन्छ ।

महिलाको निर्णय क्षमतामा वृद्धि गर्नका लागि उनीहरुलाई विकासका प्रत्येक योजना निर्माणमा समानरुपमा सहभागी गराउनुपर्छ नकि प्राप्तकर्ताको रुपमा । सक्रिय कर्ताको रुपमा लिने हो भने महिलाको भूमिकामा परिवर्तन हुन्छ (श्रेष्ठ १९९४) ।

दाहाल (१९९२) नेपालमा महिलाको स्थितिको बारेमा गरिएको एक अध्ययनमा उच्च जातीय समूहका ब्राह्मण क्षेत्री समुदायमा परिवारमा पुरुष प्रभुत्व रहेको हुन्छ जहाँ महिलाहरु स्वयम् कुनै निर्णय गर्न सक्दैन र उनीहरुको आत्मनिर्भरको लागि आय स्रोत र सम्पत्ति पनि हुँदैन । तर वारगुलाने, लोहरुङ राई र खाम मगरमा सामाजिक संरचना उदार भएकोले समाजमा महिलालाई विवाहगरी वस्न र सम्पत्तिको प्रयोग गर्न सक्दछन् । यसैगरी नेवार, तामाङ्ग र थारु महिलाको परिवारमा महिलाको निर्णय उच्च रहेको हुन्छ ।

नेपाली महिला स्वतन्त्र कामदार नभएर पुरुषद्वारा सञ्चालित छन् । प्रत्येक समुदायमा महिला र पुरुषबीचको निर्णय प्रक्रिया फरक हुन्छ (आचार्य र वेनेटका) । यसैगरी राजवंशी समुदायमा पनि क्षेत्री, ब्राह्मण र तराईवासीहरुको जस्तो छुवाछुत र, सामाजिक स्तरीकरण पाइँदैन । यिनीहरुबीच खानपान, उठबसदेखि लिएर विभिन्न चाडपर्व, संस्कार तथा निर्णयमा समान सहभागिता पाइन्छ (घिमिरे, २०६१:१७) ।

पितृसत्तात्मक समाजमा महिलाको जीवन दयनीय अवस्थामा पाइन्छ । धर्म, जातीयता, सँस्कृति, कानुन, परम्परा, इतिहास तथा समाजिक क्रियाकलापले महिलाको सार्वजनिक क्षेत्रमा सहभागितामा तथा व्यक्तिगत जीवनमा नियन्त्रण गर्दछन् । जुन समाजमा महिलाले दिनको १०.९ घण्टा काम गर्दछन् भने पुरुषले ७.८ घण्टा काम गर्दछन् । तुलनात्मकरुपमा दुबैबीच ३.१ घण्टाको फरक छ । तर, निर्णय क्षमतामा महिलाभन्दा पुरुषको भूमिका बढी छ (स्त्रीशक्ति, २००२) ।

महिलाहरुको बढी समय अनुत्पादनशील भनिने क्रियाकलापमा बित्दछ । यस्ता क्रियाकलापले तेस्रो विश्वका ग्रामीण घरपरिवारको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । गरीब राष्ट्रका महिलाहरुले धरै समय काम गरी अर्थतन्त्र र पारिवारिक कल्याणको निर्माणमा जोड दिएका हुन्छन् । ग्रामीण क्षेत्रका महिलाहरुले शहरी क्षेत्रका महिलाको भन्दा बढी काम गरेको पाइन्छ (वुभिनिक र मेहेरा, १९९०) ।

लैङ्गिक विश्लेषणले महिला र पुरुषको सामाजिक बनोटको खोजी गर्दछ, जसलाई समाजले स्वीकारेको हुन्छ र यो निश्चित साँस्कृतिक अनुभवबाट सिकिएको हुन्छ । यो साँस्कृतिक अवधारणा हो, जुन परिवर्तनशील हुन्छ । महिलाहरुको उत्पादन, घर व्यवहार र कृषि क्षेत्रमा त्रिपक्षीय भूमिका रहेको पाइन्छ । तर पनि उनीहरु शिक्षा तथा व्यक्तिगत गतिविधिबाट वञ्चित भएका छन्, जुन सीपमूलक विकास र अन्तरनिर्भताका लागि आवश्यक हुन्छ ( युएनडिपी, १९९५) । अहिलेसम्म महिलाबारे विभिन्न अध्ययन तथा अनुसन्धान भएका छन् । राजवंशी जातिको बारेमा पनि विभिन्न स्वदेशी तथा विदेशी समाजशास्त्री, मानवशास्त्री र प्राज्ञिक व्यक्तिहरुले विभिन्न अध्ययन तथा अनुसन्धान गरेका छन् । यद्यपि ती अनुसन्धान

लैङ्गिक संरचनामा केन्द्रित थिएनन् । त्यसैले राजवंशी समुदायमा लैङ्गिक संरचनाको निर्माणका लागि यो अध्ययनको सान्दर्भिकता बढेको छ ।

## २.२ नेपालमा लैङ्गिक परिदृष्य

विश्वव्यापी रुपमा नै महिला र पुरुष विचमा असमानता देख्न सकिन्छ । विकसित देशमा दर कम भएतापनि विकासोन्मुख देशहरुमा समाजको अर्थ, राजनीति, प्रशासन तथा सामाजिक व्यवस्थापनमा उल्लेखनिय स्थान छैन । घरायसी कार्यबाट अधिंकाश महिलाहरु अलग हुन नसकेको एउटा अवस्था छ भने प्राकृतिक रुपमा नै महिलाहरुले बच्चा जन्माउनुपर्ने त्यसको स्याहार सुसारमा बढी ध्यान दिनुपर्ने अवस्थाले पुरुष सरह घरवाहिरका काममा संलग्न कम छ । धार्मिक रुपमा समाजमा महिला स्वतन्त्रता निकै कम र सामाजिक बन्धनमा घेरिएका छन् । निर्णय प्रक्रियामा परिवार, प्रशासन तथा राजनीतिदेखि राष्ट्रिय विकासका महत्वपूर्ण क्षेत्रमा महिलाको पहुँच निम्न छ (आचार्य, १९७९:१०५) ।

महिलाहरु अनुत्पादन तथा उत्पादक दुवै क्षेत्रमा काम गर्दछन् । उत्पादक कामको आर्थिक मूल्य हुन्छ र यसलाई उत्पादित वस्तुको रुपमा बजारमा संलग्न गराइन्छ । अनुत्पादित कामलाई घरायसी कामको रुपमा देखिन्छ किनकी यसले व्यापारिक उत्पादनमा प्रत्यक्ष योगदान गर्दैन (घिमिरे) । एउटी महिलाको केमा निर्धारण हन्छ भने जब उसले आफ्नो भूमिका तथा कर्तव्यमा सफलता पाउँछे उसको सफलता हुनु नै आज्ञाकारी छोरी, कुशल गृहणी छोरीलाई जन्म दिनु र एउटी सफल आमा वन्नुमा सीमित रहेको छ । यी भूमिकाले समाजमा मात्र उसको स्थान निर्धारण गर्दैन वरु उसले सम्पूर्ण जीवन नै समर्पित गरेकी हुन्छ । यसरी समाजले स्थापना गरेको लैङ्गिक कार्य विभाजन र त्यस माथिको असमान व्यवहारले गर्दा समाजमा लैङ्गिक विभेद संस्थागत भएर गएको छ जसले गर्दा महिला सामाजिक अवसरहरु राजनैतिक अधिकारको निर्णय प्रक्रियामा समान पहुँच र नियन्त्रण हुन सकेको छैन (हिमाल, २०५३) ।

नेपाली समाज पुरुष प्रधान समाज भएकाले परिवारमा महिलाहरु शोषित र दविएका छन् जहाँ सम्पूर्ण क्षेत्रमा पुरुषको प्रभुत्व रहेको हुन्छ भने महिलाहरु पुरुषद्वारा सञ्चालित भएका हुन्छन् र पारिवारिक निर्णय प्रक्रियामा पनि महिलाको भूमिका पुरुषको तुलनामा कम रहेका हुन्छ । यसै सन्दर्भमा आचार्य (१९९७) का अनुसार महिलाहरुले श्रीमान्, सासु, ससुरा नभएका समयमा वा घर छोडेर टाढा गएका वखतमा मात्रै निर्णय गर्दछन् ।

आचार्य र वेनेट (१९८२) का अनुसार महिलाको पारिवारिक निर्णय प्रक्रियामा आर्थिक अवस्थाले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभाव पारेको हुन्छ । यदि आर्थिक क्रियाकलापमा गराइयो भने निर्णय प्रक्रियामा शक्ति वृद्धि हुन्छ । यसैगरी सामाजिक तथा सांस्कृतिक तत्वहरुले पनि पारिवारिक निर्णयमा प्रभाव पार्दछ जुन समुदाय तथा जनजातीय समूहमा फरक फरक रहेको छ ।

वैवाहिक स्थितिले पनि महिलाको जीवनमा महत्वपूर्ण भूमिका खेल्दछ । आचार्य भन्दछिन् ( १९७९) महिलालाई वैवाहिक स्थितिले छोरीबाट बुहारीमा परिवर्तन गराउँछन् । विवाह पश्चात् महिलाको हैसियत र भूमिकामा परवर्तन आई कर्तव्य र कामको भार बढाउँदछ । वैवाहिक स्थितिले नै महिलालाई पुरुष निर्भर बनाउँछ किनभने उनीहरुको सम्पत्ति माथिको अधिकार पुरुषबाट वा परिवारबाट प्राप्त हुन्छ । समाजमा पुरुषहरुलाई जन्मदै अधिकार प्राप्त हुन्छ । नेपालमा महिलाको सानै उमेरमा विवाह गर्ने प्रचलनले उनीहरुको अवस्था नराम्रो छ । खास गरी सामाजिक र सांस्कृतिक र धार्मिक परम्परा अनुसार महिलाहरुलाई चाँडो विवह गरीदिने वा महिनावारी हुनुभन्दा अगाडि विवाह गर्दा पुण्य प्राप्त हुन्छ भन्ने मान्यताले नारीलाई समाजमा कमजोर बनाइदिएको छ । नारीको पहिलो प्राथमिकता विवाहलाई, दोस्रो शिक्षा र रोजगारलाई दिइएको छ (आचार्य, १९९७) ।

केन्द्रीय तथ्यांक विभाग (१९९८, भाद्र) मा उपलब्ध तथ्यांकअनुसार नेपाली समाजमा लैङ्गिक आधारमा आर्थिक उत्पादनमा संलग्न महिलाहरुको स्थिति हिमाली भेगमा ३५% पहाडि भेगमा ५१% र तराई भेगमा ३१% रहेको छ । यसैगरी यसै तथ्यांकले जनाए अनुसार आर्थिक

उत्पादनमा सक्रिय भएका महिलाहरुको ९६.५% कृषिमा सहभागिता र महिलाहरु प्रत्येक दिन औषत १० घण्टा आफ्नो खेतवारीमा काम गर्दछन् ।

नेपालको उच्च पहाडी क्षेत्र र तराइ क्षेत्रमा महिलाको कृषिमा सहभागिता क्रमशः ५४ र ४२% भएको पाइन्छ । सन् १९९१ को एक प्रतिवेदन अनुसार कुन जातिको वाली कहाँ लगाउने, कति र कुन प्रकारको रसायनिक मल कुन वालीमा हाल्ने भन्ने विषयमा ४३% निर्णय महिलाले गर्ने उल्लेख गरिएको छ (सेडा १९९१) । कृषि बाहेक अन्य गैर कृषि क्षेत्र ( उद्योग, व्यवसाय, विज्ञान र प्रविधि, विकास, पर्यटनमा) या विभिन्न औद्योगिक मुलुकको तुलनामा नेपाली महिलाहरुको सहभागिता ज्यादै कम रहेको देखिन्छ ।

नेपाली महिलाहरु खेतीका काममा प्रतिदिन पुरुषको भन्दा झण्डै चार घण्टा बढी विताउँदछन् । महिला विकासका लागि पाँच वर्षे योजनासँग सम्बन्धित तथ्यांक अनुसार महिला किसानले खेतीमा दैनिक ९.९ घण्टा व्यतित गर्ने देखिएको छ । कुल ग्रामीण घरायसी आम्दानीमा पनि महिलाको सहभागिता बढी देखिन्छ । तथ्यांकले सो आम्दानीको ५०% महिला, पुरुष ४४% र केटा केटीको सहभागिता ६% रहेको देखिन्छ (सेडा १९९१) । अन्तर्राष्ट्रिय श्रम संगठन वास सन् १९९५ प्रकाशित तथ्यांक अनुसार महिलाहरुले दैनिक १८ घण्टा सम्म पनि काम गर्दछन् । त्यस्तै गरी सन् १९९२ को संयुक्त राष्ट्रसंघको प्रतिवेदन अनुसार परिवारको कामको दुई तिहाई हिस्सा महिलाले गर्दछन् ।

लैङ्गिक एक अन्तर सांस्कृतिक रचना हो जुन समाजमा भएका सामाजिक सांस्कृतिक तथा परम्परागत मुल्य मान्यता अनुसार फरक फरक हुन्छ र यसैको आधारमा निर्धारित भूमिकाले गर्दा समुदाय वा जातीय समूहमा लैङ्गिक भूमिका पनि फरक फरक रहेको हुन्छ । ( दाहाल, १९९२) ले आठ समुदाय वा जातीय समूहमा गरेको अध्ययनमा तीन धार्मिक समूहमा उच्च जाति व्राह्मण, क्षेत्री र मैथली समुदायमा यहि स्थिति निम्न रहेको छ । मध्यवर्गीय समूह जस्तै वारगाउले, राई र खाम गरको सामाजिक स्थिति उच्च रहेको छ भने वौदिष्ट समूह जस्तै तमाङ्ग नेवार र थारु समुदायमा महिलाको स्थिति मध्यम रहेको छ ।

महिला विकास तथा प्रकाशक केन्द्र (१९९२) को अध्ययनमा १० वर्ष र यस माथिका जम्मा जनसंख्या मध्ये पुरुष निष्कृय प्रतिशत बढीरहेको थियो जहाँ महिलाहरु बढी श्रमिक थिए । महिलाहरु ११ घण्टा काम गर्दछन् जहाँ ७५% महिलाको समय घरायसी कृयाकलापमा २०% कृषिमा र ५% आयस्रोतका कृयाकलापमा वित्दछ । यस अध्ययनले निकालेको निष्कर्षको आधारमा कृषि कृयाकलापको निर्णयमा पुरुषको बढी भूमिका रहेको छ जहाँ ५८% निर्णय पुरुषले गर्दथे, ११% दुवैले र ३१% निर्णय महिला स्वयंले गर्दथे ।

नेपालमा लैङ्गिक विविधता धेरै रहेको पाइन्छ जहाँ पुरुषको तुलनामा महिलाको स्थिति निम्न हुन्छ । यसैगरी समाजमा छोरीको तुलनामा छोरालाई बढी महत्व दिइन्छ (दाहाल, १९८९) । महिला तव मात्र महिला हुन्छन्, जसले परिवारमा आमाको भूमिकामा धेरै सन्तान (विशेषगरी छोरा) जन्माउँदछन् । छोरा नभएको महिलाको समाजमा निम्न रहेको हुन्छ । छोरा नभएको महिलाको समाजमा निम्न रहेको हुन्छ । कार्की (१९८८) का अनुसार समाजमा छोरा चाहिनको मुख्य कारण भनेको, आर्थिक योगदान, वंशको निरन्तरता तथा बुढेसकालको साहरा भएकोले सामाजिक, धार्मिक रुपमा छोराको महत्व रहेको पाइन्छ ।

## २.३ लैङ्गिक सम्बन्धः

लैङ्गिकता सामाजिक सांस्कृतिक तथा मनौवैज्ञानिक रुपमा परिभाषित महिला पुरुषको पद हो । यो सामाजिक रचना हो जुन सामाजमा सांस्कृतिक रुपमा निर्माण भएर सामाजिक रुपमा फैलिन्छ । समाजमा यसको निर्माणमा विभिन्न तत्वहरु सामाजिक, सांस्कृतिक, धार्मिक मुल्य, मान्यता तथा शिक्षाले प्रत्यक्ष प्रभाव पारेको हुन्छ र यसैका आधारमा समाजमा महिला तथा पुरुषका भूमिकाहरु निर्धारण भएका हुन्छन् ।

लैङ्गिकता सामाजिक सांस्कृतिक रुपमा पुरुष र महिला विचको भिन्नता हो जस्तो की भाषा, धर्म, शिक्षा, नातेदारी विच कसले कस्तो भूमिका खेल्नु पर्छ भन्ने कुरामा सामाजिक तथा सांस्कृतिक रुपमा कुनै पनि महिला र पुरुष वाल्यकाल देखि नै सामाजिकरण हुँदै आएका हुन्छन् (हेस, १९९५) । लैङ्गिक भाषा, धर्म र प्रविधि जस्तै मानिसको आविष्कार हो र

तिनीहरु जस्तै यसले मानिस सामाजिक जिवनलाई क्रमबद्ध सांस्कृतिक तरीका भित्र व्यवस्थिति गर्दछ (जुडिथ लोवर, १९९५) । लैङ्गिक भूमिकाहरु जैविक रुपमा नभएर समाजमा सांस्कृतिक रुपमा फैलने गर्दछन् (ऐन ओकली) । रोजरका अनुसार लैङ्गिक सामाजिक सांस्कृतिक रुपमा निर्धारित महिला पुरुषका भूमिका तथा उत्तरदायित्व हुन् जुन समाजमा सांस्कृतिले निर्धारण गर्दछ ।

लैङ्गिक सामाजिक सांस्कृतिक तथा मनोवैज्ञानिक अवधारणा हो । हामी लिङ्गका आधारमा महिला पुरुष भएर जन्मन्छौं र पुरुषत्व र स्त्रीत्व हुन सिक्दछौं । त्यसैले लैङ्गिक सामाजिक तथा सांस्कृतिक उत्पादन हो । सामाजिक जीवनका मूल्य, मान्यता र निर्देशित लक्ष्यहरुका माध्यमबाट लैङ्गिक भूमिका समाजमा हुर्कने गर्दछ । समाजभित्र सामाजिक मान्यताबाट नै लैङ्गिक निर्माण हुन्छ । संस्कृतिले नै जैविक लिङ्गलाई सामाजिक महत्व प्रदान गर्दै लैङ्गिक निर्माण गर्दछ । लैङ्गिक एउटा संस्था हो जसले लैङ्गिक दृष्टिकोणलाई उत्पादन गर्ने, मजबुत गराउने, पुर्नउत्पादन गर्ने, पुनःसंरचना गर्ने गर्दछ । साथै यसले व्यक्तिगत जीवन र समाजका पक्षहरु, सामाजिक सम्बन्ध व्यक्तित्व, विचारधारा आदिलाई संगठित गर्दछ ।

लैङ्गिक अवधारणा सामाजिक, राजनैतिक र आर्थिक रुपमा निर्धारित महिला पुरुषको भूमिका हो (भट्टराई, २००६) । लैङ्गिकतामा सामाजिक, सांस्कृतिक मनोवैज्ञानिक पक्षहरु संम्मिलित हुन्छन् जहाँ समाजमा यि तत्वहरुले महिला तथा पुरुषलाई स्त्रीत्व र पुरुषत्व सिकाउँदछन् । लैङ्गिक सम्बन्ध महिला पुरुषको शक्ति सँग सम्बन्धित रहेको हुन्छ । लैङ्गिक भूमिका सिकिएको व्यवहार हो जहाँ समाजमा रहेका मूल्य मान्यता तथा परम्परागत संस्कारका आधारमा परिवारमा महिला पुरुषका भूमिकाहरु विभाजित भएका हुन्छन् ।

## २.४ राजवंशी जातिको सामान्य परिचय

नेपाली समाज बहुभाषिक, बहुधार्मिक, बहुजातीय एवम् जनजाति आदिवासीहरुको संगम स्थल हो । यहाँ आफ्नै सामाजिक, सांस्कृतिक तथा धार्मिक पृष्ठभूमि भएका आदिवासी समूहहरु छन् ।

राजवंशी जाति पूर्वीनेपालका आदिवासी भए तापनि परापूर्व कालमा यिनीहरुको मूल थलो भारतमा थियो । राजवंशीको प्राचिन इतिहासको सामाग्रीहरुको अध्ययनको आधारमा भारतको व्रंगाल आसम, मेघालय, त्रिपुरा, नागालैण्ड, मणिपुर राज्यहरुमा वसोवास गरेको देखिन्छ । यिनीहरु विक्रम सम्वत् शुरु हुनु अगावै एक हजार वर्ष अगाडी पूर्वतिरबाट "वोडो" जातिका मानिस भारत प्रवेश गरेका थिए । कालान्तरमा विस्तारै यिनीहरु आसाम उत्तर तथा पूर्वतिर फैलिदै गए । तिनीहरुले विस्तारै विहार र नेपालका भू-भाग झापा र मोरङ्ग, सुनसरी जिल्ला आई बसे । राजवंशीहरुको शारिरीक बनावट हेर्दा यिनीहरु भंगोल प्रजातिका (चिम्सो आखा, नेप्टो नाक, गालाको हड्डी चेप्टो, काला-कला, पहेले वर्ण, देखिने मगोल द्रविड मिश्रित जाति जस्तो देखिन्छ । यिनीहरुको वोल्ने भाषा द्रविड हो ।

नेपालका राजवंशीलाई झट्ट हेर्दा यिनीहरुको शारिरीक संरचना मंगोलियन समुदायको जस्तो देखिन्छ तापनि यिनीहरु आर्यको रुपरंग सँग पनि समानता देखिन्छ । यिनीहरुको रहन सहन भारतको पश्चिम वंगालका बंगालीसँग धेरै मिल्दछ । त्यस्तै गरी अन्य स्थानीय जनजाति, आदिवासी, ताजपुरीया, धिमाल, कोचे, मेचे, गिरी, गनगाई जातिसँग धेरै कुरामा समानता राख्ने राजवंशीहरु झापा, मोरङ्ग, सुनसरी, जिल्लामा वसोवास गर्दछन् । २०५८ सालको जनगणना अनुसार नेपालमा राजवंशी मातृभाषा वोल्नेहरुको सख्या १५७६४९ छ । जनसंख्याको आधारमा राजवंशीहरु मोरङ्गमा ३३४९५, सुनसरी जिल्लामा १००७ र झापामा ८४८३९ छन् । भाषा जिल्लाका ४७ गा.वि.स. । नगरपालिका मध्ये अधिकांश ठाउँमा यिनीहरुको बसोवास उल्लेख्यरुपमा छ । (केन्द्रीय तथ्यांक विभाग, २००१) ।

सन्यालको विचारमा राजवंशीको उत्पतिको इतिहास रहस्यपूर्ण छ । भनिन्छ यिनीहरु महान वडो परिवारका थिए, जो इंसापूर्व दशौं शताब्दी पूर्ववाट भारत प्रवेश गरि ब्रहमपुत्र नदीका किनार बसोवास गरी विस्तारै आसाम भरी र उत्तर र पूर्वी वंगालमा फैलिए । सुदूर पूर्वतिर वंगालमा बसोवास गर्ने यो जातिको आधुनिक इतिहासको पहिलो परिचय वक्त्यार खिलाजीको वर्णनमा पाइन्छ । उनीहरु सन् १२०६ मा तिब्बतमा प्रवेश गरेका थिए । त्यतिखेर लखनवती र तिब्बतको विचमा पहाड र जंगल थियो जाहाँ तीन थरी गैर भारतीय मंगोलियन जनजातिहरु कोच, मेच र थारुहरु बस्दथे (सन्याल, १९६७:१) ।

नेपालका राजवंशी जातिको उत्पतिको सम्बन्धमा ऐतिहासिक प्रमाण नभएतापनि यिनीहरुको आफ्नै लोक कथाले के बुझाउँछ भने राजवंशीहरुको सामाजिक उत्थान संस्कृतिकर वा प्रक्रियाबाट भएको हो, यिनीहरुले आफूलाई नेपाली समाजको महत्वपूर्ण जात क्षेत्रीसँग संलग्नता रहेको बताउँदछन् । यसै सन्दर्भमा फुलसिंह राजवंशी भन्दछन्- राजवंशीहरु परशुरामबाट भयवीत क्षेत्रीहरु भागेर कोचको आश्रण ग्रहण गरे । त्यहीँबाट कोच नाम उत्पति क्षेत्री जाति 'संकोच' अवस्थावभाट कोच शब्द सृष्टि भयो । यो जाति कोमुदी एवं योगिकी तन्त्रमा लेखेको छ 'कवाच' (भन्दभाषी) शब्दबाट कोच नामको उत्पत्ति भएको हो ( राजवंशी, २०५४:३) ।

राजवंशीहरु सत्रौं, अठारौँ शताब्दीमा दक्षिणको विहार र उत्तरको मोरङ्ग देखि आसामसम्म फैलिएको कोच साम्राज्य भारतमा अंग्रेजहरुले र मोरङ्ग तथा झापालाई नेपालले गामेपछि कोचहरुको राजनितिक इतिहास अन्त्य भयो (विष्ट, २०५५:९५) । कोच र राजवंशी मोरङ्ग र झापाका सबैभन्दा पुराना वासिन्दा छन् । उनीहरुको उललेख महाभारत पुराणमा पनि भएको छ । कोच राजाहरुले महाभारतकालमा कुरुक्षेत्रको लडाइमा समेत भाग लिएका थिए । झापाको "किचकवध" भन्ने ठाउँ नै महाभारतको लडाइमा भीमद्वारा गरिएको कोच राजा किचकको राज्य हो भन्ने विश्वास गरिएको छ (विष्ट, २०५५:९६) ।

एस.एन. शर्मा लेख्छन् - राज + वंशी = राजवंशी शब्द ले कुनै राजाको वंश वा कुलसँग सम्बन्धित व्यक्ति वा समूहलाई जनाउँछ । तर 'राज' + 'वंशी' = राजवंशी शब्दको अर्थ कुनै रहस्यलाई लुकाउनु हुन्छ । भारतिय इतिहासको ठूलो ग्रन्थ वीर विनोदको आधारमा वि.सं. १६५३ मा कुच विहार राज्य र आसामका अन्य राज्यहरुमाथि दिल्ली सम्राट अकवरका सेनापती जयपुर नरेशको मानसिंहको आक्रमण पछि पुनः वंगाल र आसामका राजाहरु माथि मुलसमान पठानहरुको आक्रमण हुँदा धेरै मानिसहरु घरवार छाडेर जंगलमा लुकेका थिए । संभवतः त्यसैताका नेपालको निकट वर्ती क्षेत्र कुचविहार राज्यका मानिसहरु सपरिवार नेपालको मोरङ्ग र झापा जिल्लाहरुका जंगलमा आई लुकेर बसेका हुनुपर्ने, तिनीहरुमा कुच विहार राज्यको राजवंशीसँग समबन्धित केही परिवारहरुले आफ्नो रहस्यलाई लुकाएर राखेका हुन् सक्छन् । यसै घट्नाले गर्दा नेपाली राजवंशीहरु राजवंशी शब्दको हकदार छन् (शर्मा २०५१:१५) ।

लेखक श्रेष्ठ राजवंशी बसोवासको सन्दर्भमा लेख्दछन् - वि.सं. भन्दा अगाडि पूर्वतिरबाट वोडो जातिका एक हुल मानिस भारत प्रवेश गरेका थिए । तिनीहरु ब्रह्मपुत्र नदीको किनारमा वसोवास गर्न थालेपछि विस्तारै तिनीहरु आसाम र उत्तरी तथा पूर्वी बंगालमा फैलिए । तिनीहरु मध्ये केही आजकल विहार र नेपालको झापा र मोरङ्गमा आई बसोवास गर्न थाले (श्रेष्ठ, २०३३:६५-६६) ।

राजवंशी जाति पूर्वी नेपालका आदिवासी भएपनि परापूर्व कालमा यिनको मूल भारतमा रहेको कुरा यस जातिका मुखियाहरुवाट थाहा भएको छ । यिनले आफ्नो सम्बन्ध सूर्यवंशी क्षेत्रियसित बताउँछन् । यिनीहरुको आफ्नो भनाइ अनुसार परशुरामले क्षेत्रीय विकास गर्ने अभियान चलाएपछि धेरै नै जनाले आफ्नो जात लुकाएर ज्यान जोगाउने प्रयास गरेका थिए । राजवंशी जातिका पूर्वजहरुले पनि त्यतिखेर जनै खोलेर वरको रुखमा टागेर आफुहरु जंगल पसे पनि राजकाज गर्ने ठाउँमा जंगल फोडेर खेती गर्न थाले । नेपालको जंगलमा पस्ने राजवंशीहरुका सन्तान नै वस्तुतः वर्तमान राजवंशी हुन् (उपाध्याय २०६०:५६) ।

राजवंशी समुदायहरु वीच एउटा रोचक किम्बदन्ती पनि छ । त्यसै किम्बदन्तीको अनुसार राजवंशी आफुलाई क्षेत्री र कश्यप गोत्रको बताउँछन् । प्राचिन समयमा सूर्यवंशका सहस्रार्जुन नाम भएका एक जना प्रतापि राजा थिए । एकदिन शिकार खेल्न भनी सेनाका साथ वनतिर लागे । दिनभरी शिकार गरेर राती भगवान परशुरामका पिता यमदग्नीको आश्रममा पुगे । यमदग्नी ऋषिले कामधेनु गाईको मद्दतले राजा र उनका सबै सेनालाई राजकिय मर्यादाका साथ अथिति सत्कार गरे कामधेनुको मद्दतले ऋषिले यस्तो काम गर्न सफल भए भन्ने कुरा राजाले थाहा पाए । राजाले ऋषि सँग कामधेनु गाईलाई भिक्षाको रुपमा दिन अनुरोध गरे । यो कामधेनु गाई राजाको दरवारमा हुन योग्य छ भनी भने तर ऋषिले गाईदिन अस्विकार गरे तर राजाले वलपूर्वक गाई आफ्नो दरवारमा त्यस समयमा परशुराम आश्रममा थिएनन् । पछि थाहा भयो राजाले आफ्नो वावुलाई अपमानित गरेको कुरा सुनेर परशुराम सहसार्जुन दरवारमा गए र राजालाई हत्या गरेर कामधेनु लिइ आए ।

यसको बदलामा मह्रसार्जुनको पुत्रले पिताको हत्याको प्रतिशोध लिने प्रतिज्ञा गरे अनुसार परशुरामको अनुपस्थितिमा यमदग्नीको हत्या गरे । परशुराम तिर्थबाट फर्केपछि पिताको

हत्याको कुरा थाहा पाए । त्यहीबेला परशुरामले प्रतिज्ञा गरे कि पृथ्वीमा रहेका समस्त क्षेत्री वंशको नाश गर्ने भनि कसम खाएका थिए । सम्पूर्ण क्षेत्री विरुद्ध युद्ध घोषणा गरेर सहसार्जुनका सम्पूर्ण छोराहरुको हत्या गरे त्यसमध्ये १२ जना छोराहरु परशुरामको डरले आसामका भित्री भागमा लुकेर बसे ।

परशुरामको पराक्रमको अगाडि यिनीहरुको केही लागेन । घर-घर, गाउँ-गाउँ उनको डरले भयवित भए । परशुरामले चिन्लान भनेर राजवंशीहरुले जनै फ्याके । कतिले आफ्नो घरको वरीपरी लसुन प्याज पनि झुण्डाए । लसुन प्याज त्यसबेला बाहुन क्षेत्रीले खाँदैनथे । यसरी परशुरामको डरले भागेका राजवंशी विहार वंगाल, आसाम र नेपालको मोरङ्ग र झापा जिल्ला सम्म आइपुगे । यसै कथामा आधारित भएर राजवंशीहरु आफुलाई क्षेत्री भएको उल्लेख गर्दछन् । राजवंशीहरु आफुलाई सूर्यवंशीका सन्तान र आफ्नो गोत्र काश्यप भएको बताउँछन् (घिमिरे, २०६१:१७) ।

राजवंशीका साधारणतया चार गोत्र हुन्छन् । ती हुन् - भारद्वाज काश्यप, धनेश्वर र सन्दीप । पूर्ण क्षेत्रीय आचरणमा बस्ने राजवंशीहरु सिंह र राजवंशी नै लेख्दछन् तर विराटनगरका राजवंशीहरु चौधरी लेख्ने गर्दछन् । राजवंशीहरुमा उपजाति हुँदैन ।

राजवंशी समुदायभित्र सातवटा थरहरु देखिन्छन्- (१) राजवंशी (२) खटाहा, (३) ताजपुरिया, (४) कोच, (५) रमानिया काहाल (६) कोल माकरा (७) वोडा राजवंशी । राजवंशी जातिभित्र जातीय भिन्नता पाईंदैन । उनीहरुमा खान, उठवस देखि लिएर विभिन्न चाडपर्व संस्कारहरु सबैले उत्तिकै रुपमा सहभागी हुन्छन् ।

राजवंशी जातिको गोत्र वा पेरुवा सम्बन्धमा पानीलाल राजवंशी लेख्दछन् । राजवंशीको अर्थहरुको जस्तो अरु कुनै गोत्र छैन । नेपालका राजवंशीका १६ वटा गोत्र छन् । जो निम्न अनुसार छन्:-

१) चैतन

२) नितानन्द

३) आदित्त

४) सतगुरुवा

५) रमाउत

६) ठून ठूनिया

७) लखिगदाघर

८) चतुरमारिया

९) वालोराम

१०) चनतखेला

११) उदित

१२) जगवन्धु

१३) ढाडिगर

१४) कविर

१५) सीता उदित

१६) लुल्सीया

राजवंशी झापा जिल्लाको आदिवासी जाति हो । यो जातिको बसोवास जिल्लाका सबै क्षेत्रमा पाइएता पनि विशेष गरेर जिल्लाको मध्य तथा दक्षिणी भेगमा पाइन्छ । यो जाति खास गरेर भद्रपुर, पथरिया, अनारमनी, गरामनी, काँकडभिट्टा, गौरीगञ्ज, घैलाडुब्बा, गैगुनधुरा, राजगढमा बढी केन्द्रित भएको देखिन्छ । प्राकृति पुजक यिनीहरु ठाकुर ब्रह्मानीको पूजा गर्छन् र धामी झाँक्री मान्दछन् । आफ्नै सांस्कृतिक मान्यता अनुरुप विभिन्न चाडपर्वहरु मान्दछन् । राजवंशी जातिमा विवाह हुँदा आफ्नै जातिसँग तर हाडनाता भन्दा वाहिर विवाह गर्दछन् । त्यस्तै गुरुकुलमा वावुसरह भएकाले सातपुस्तासम्म र मित्रपट्टि लीन पुस्ता सम्म विवाह हुँदैन । यसरी आफ्नै ऐतिहासिक पृष्ठभूमि वोकेको राजवंशी पनि नेपालको विभिन्न जाति मध्ये एक हो ।

### क) **फुलसिह राजवंशी** (२०५४)

फुलसिंह राजवंशीले लेखेको भएको पुस्तक "*राजवंशी संस्कृति*" का विभिन्न लेखहरुमध्ये 'प्राचीन राजवंशी राज्य आर राजालार संक्षिप्त विवरण' राजवंशी भाषा, प्राचीन राजवंशी

भाषा र प्राचीन साहित्य, राजवंशीको मौखिक साहित्य आदि शीर्षक लेखहरु मुख्य देखिन्छन् । यीबाहेक विभिन्न अवसरमा राजवंशीहरुद्वारा गाइने लोकगीतहरु राजवंशी भाषाका गाउँखाने कथा, उखान, टुक्काहरुका साथै राजवंशी जातिका पेशा, धर्म, कुलगुरु वा ठाकुर, पानसुपारी, पाल्तु, पशुपंक्षी, खानपान, नाचगान, पोशाक, आभूषण आदि ससाना लेख मार्फत राजवंशी जातिको रहन-सहन, रीतिरिवाज र मूल्य मान्यताहरुका बारेमा यस पुस्तकमा सविस्तार चर्चा गरिएको छ ।

राजवंशीले प्रस्तुत लेखमा राजवंशी जातिको राज्य पुराण, महाभारत महाकाव्य र अन्य ग्रन्थमा उल्लेख भएअनुसार कामरुप नामलाई नै प्राग्ज्योतिष राज्य भनी उल्लेख गरेको बताएका छन् । उनका अनुसार विश्वसिंह कोचजाति थिए । कोचले कालक्रममा हिन्दू धर्म ग्रहण गरेर हिन्दू समाजमा विलीन भए । अहिले पनि उत्तरवङ्ग वा गुवालपाडातिर कोच शब्दलाई हेय दृष्टिले हेर्ने भएकाले कोच जातिले आफूलाई राजवंशी जातिमा परिणत गरेका छन् ।

लेखक राजवंशीले कोचको नामको उत्पत्तिको उन्दर्भमा ऋषि परशुरामले आक्रोशित भई क्षत्रियहरुको संहार गर्न थालेपछि आफ्नो जीवन रक्षार्थ यो जाति यत्रतत्र लुकेर ज्यान बचाउने क्रममा जातीय संकोच खेप्न बाध्य भएकाले कालान्तरमा यही संकोच शब्दबाट 'कोच' शब्दको जन्म भएको उल्लेख गरेका छन. । उनले प्राचीन कामतापुर वा कोचविहार राज्यका राजवंशी महाराजाहरुको नाम र प्रत्येक शासकको शासन अवधिबारे पनि उल्लेख गरेका छन् ।

लेखक राजवंशीले राजवंशी भाषा नेपालको सुदूरपूर्वी मेची अञ्चलको झापा र मोरङ्ग जिल्लामा अति प्राचीकालदेखि नै बोलचालको रुपमा थियो भन्दै यो भाषा अहिले राजवंशीबाहेक ताजपुरिया, गनगाई, हेलवाई, हारी, जुगी आदि जातिसमूहको पनि मातृभाषा भएको उल्लेख गरेका छन् ।

राजवंशी भाषाको उत्पत्ति र विकासका बारेमा विभिन्न विद्वानहरुका भनाइको तुलनात्मक अध्ययन राजवंशीले गर्दै अन्त्यमा के भनेका छन् भने आर्यजाति सभ्य जाति भएकाले आर्यभाषा सभ्य भाषाका रुपमा परिचित थियो । त्यसैकारण कातापुरका राजामहाराजाले आर्यसभ्यता स्वीकार गरे । त्यसबाट के कुरा स्पष्ट हुन्छ भने संस्कृतबाट राजवंशी भाषाको उद्‌भव भएको हो भन्दै राजवंशी भाषा र संस्कृत भाषावीच तुलनात्मक अध्ययनका निम्ति केही नमूना पनि प्रस्तुत गरेका छन् र राजवंशी लिपिका सम्बन्धमा चर्चा गर्दै 'कोइथेली' लिपि राजवंशीको लिपि हो जुन ब्राह्मो लिपिको शाखा-सन्तान हो भनी उल्लेख गरेका छन् ।

राजवंशी भाषाको मौलिक साहित्यका बारेमा लेखक राजवंशीको धारणा के छ भने अक्षर नजान्ते वा अक्षरको अल्प ज्ञान भउका मानिसले मुखै मुखले रचना गरेका गीत, फाकरी, चानक, लोककथा, केटाकेटीका कथा, विवाह गीत, तिस्टाबुढी गीत आदि राजवंशी जातिका मौखिक साहित्य अथवा लोकसाहित्य हुन् र यस्तो मौलिक साहित्यका दृष्टिले पनि यो जाति समृद्ध छ ।

**ख)** **भूमिलाल राजवंशी** (२०५९)

भूमिलाल राजवंशीद्वारा लिखित प्रस्तुत पुस्तक २०५७ सालमा प्रकाशनमा आएको हो । यस पुस्तकको अध्ययनबाट नेपालका झापा र मोरङ्गमा बसोवास गर्दै आएका राजवंशी जातिका मुख्य चाड पर्व पूजा-पर्वहरुका विषयमा पर्याप्त जानकारी हासिल गर्न सकिन्छ ।

प्रस्तुत लेखमा भूमिलाले झापा, मोरङ्ग जिल्लामा आदिकालदेखि बसोवास गर्दै आएका राजवंशीहरुका विभिन्न चाडपर्वहरुमध्ये सिरुवा पावनी, ददिकाद, अनन्त चतुर्दशीव्रत डोरा, जितुवा पावनी, जात्रापावनी, उवासी पावनी, एकादशी व्रत, डोलपूजा, ग्रामसेवा आदि नौवटा चाडपर्वहरुबारे उल्लेख गरेका छन् । उनले राजवंशीहरुका चाडपर्व एवं पूजा-पर्वहरुका बारेमा उल्लेख गर्दा तिनका पृष्ठभूमि, उद्देश्य र पूजाका विधानबारे. संक्षिप्तमा प्रकाश पारेका छन् । प्रायः जसो चाडपर्वहरुको उत्पत्तिबारे धार्मिक आख्यानका आधारमा हिन्दू धार्मिक पौराणिक ग्रन्थका विभिन्न कथाहरुसँग जोड्ने प्रयत्न गरेका छन् । लेखकले कुनै पनि चाडपर्व किन

मनाइन्छ, मनाउनुपर्ने उद्देश्य र ती चाडपर्वहरु मनाउँदा कुन विधिविधान अन्तर्गत मनाउनु पर्छ भनी संक्षेपमा वर्णन गरेका छन् ।

हिन्दू धर्ममा शक्तिको पूजा गरिने हुनाले तन्त्रमन्त्र विद्यामा राजवंशीहरु ज्यादै ठूलो विश्वास राख्दछन् । यिनीहरु प्रकृतिपूजालाई प्राथमिकता दिन्छन् । राजवंशीहरुका चाडपर्वमध्ये सिरुवा पावनी नव वषएको आरम्भको खुसियालीको अवसरमा तीन दिनसम्म परम्परागत रुपमा जलसिरुवा, कादसिरुवा, रङ्गसिरुरुवा मनाउँछन् । वर्ष दिनका लागि मन्त्रले चारकिल्ला बाँध्दछन् । उनीहरु जडीबुटी गाड्छन्, वर्ष दिनमा हुने हानि नोक्सानी, शत्रुबाट बच्ने जस्तो सुरक्षात्मक व्यवस्था गरी ढुक्क हुन्छन् । माटो, पानी, रङ्ग खेलेर नव वर्षको शुभारम्भ गर्दै, खुसियाली मनाउनु नै मानव शरीर र प्रकृतिबीचको अन्योन्यास्रीत सम्बन्ध हो भन्ने कुरा स्पष्ट पारेका छन् ।

यसरी सिरुवापावनीका अवसरमा परम्परागत संस्कृतिमा आधारित विभिन्न लोकगीतहरु गाइने कुरा लेखकले उल्लेख गरेका छन् । यस अवसरमा राजवंशी समाजमा गाइने यस्ता गीतहरुले घर-व्यवहार, समाजको चालचलन, प्रेम, विकृति, विसंगती आदिलाई अभिव्यक्त दिने कुरा लेखकले स्पष्ट पारेका छन् । राजवंशी समुदायमा सासू-बुहारी बीचको सम्बन्ध, पुरुषप्रधान समाजमा महिलाले भोग्नुपरेका नियति एवं वेदनाहरु पनि यस लेखमा संकलित छन् ।

राजवंशी जातिमा मनाइने दोस्रो पर्वका रुपमा लेखक राजवंशीले ददिकादमा पर्वलाई लिएका छन् । ददिकाइमा श्रीकृष्ण जन्माष्टमीका दिन भगवान् श्रीकृष्णको वाल्यकाललाई सम्झेर उत्सव मनाइन्छ । यस वर्षको प्रकार्यात्मक सम्बन्ध मानिसको माटोसँगको अविछिन्न सम्बन्धलाई स्थापित गर्नु रहेको हुन्छ भन्ने विचार उनले व्यक्त गरेका छन् । यस पर्वका अवसरमा माटियाकाद, बासकाद, कलकाद, कुलाकाद, लङ्काकाद, दोदलोङ्गकाद आदि पनि मनाइने कुरा उनले उल्लेख गरेका छन् ।

त्यस्तै गरी लेखकले तेस्रो पर्वका रुपमा “अनन्त चतुर्दशीव्रत डोरा” को बारेमा वर्णन गरेका छन् । यो पर्व भाद्र महिनाको शुक्लपक्षको प्रतिपदाका दिन मनाइन्छ । अनन्त भन्नु नै श्रीकृष्ण, विष्णु भगवान् हुन् । जसका नाम अनेक छन्, जस्तैः आकाश, पाताल, पृथ्वी, ऋतु, वर्षा, हावा, पानी आदि । यिनीहरुको स्वरुप अनन्त छ । यो त्रिलोक चौध भुवन भन्नु नै अनन्त भगवान् हो भन्ने धारणा व्रतहरुको हुन्छ । राजवंशी समाजमा के धारणा छ भने व्रत बसेमा सांसारिक विघ्नबाधा र कष्टबाट मुक्ति हुन्छ भन्ने विचार राजवंशीहरुको छ ।

लेखक राजवंशीले यस समुदायमा ‘जितुवा पावनी’ प्रत्येक वर्ष सोह्रश्राद्धको अष्टमीका दिन मनाइन्छ भन्ने कुरा उललेख गरेका छन् । यो खासगरी ‘पितृश्राद्ध’ को पर्व भएको जानकारी दिँदै श्राद्ध गर्नाले तीन पुस्तथासम्मका पितृहरुको उद्धार हुन्छ र परिवारका सदस्यको आयु बढ्छ, धनधान्य हुन्छ, संकट मोचन हुन्छ भन्ने धारणा राजवंशीहरुको छ । यसै शीर्षकमा विंवदन्तीमा आधारित जिम्बुत राजाबाट जितुवा पूजा थालनी भएको कुरा पनि उल्लेख गरिएको छ ।

जितुवा पावनी पर्वपछि आउने अर्को महत्वपूर्ण पर्व ‘जात्रापावनी’ हो भन्दै लेकका अनुसार हिन्दू धर्मावलम्बीहरुले सबैभन्दा ठूलो चाड वडा दशैलाई माने झैँ राजवंशी समाजले ‘जात्रापावनी’ मान्ने गर्छन् । राजवंशीहरु यस अवसरमा नौ दिनसम्म भवानी दुर्गाको पूजा आराधना गर्छन् । उनीहरुको टीका लगाउने चलन छैन तर जात्रामा मेला भर्न भने जान्छन् । दशैंमा देवीको पूजा अर्चना गर्नाले शक्ति, सफलता, मनोकाङ्क्षा पूर्ण हुन्छ भन्ने धारणा लेखकले व्यक्त गरेका छन् । दशैंमा अरु हिन्दूसरह शक्तिस्वरुप आठ देवी इन्द्रायणी, वैष्णवी, महेश्वरी, कौमारी, चामुण्डा, ब्राम्ही, बाराही, महालक्ष्मीको श्रद्धा र भक्तिभावले बडो हर्षका साथ पूजाआजा गर्छन् भनी लेखक राजवंशीले उल्लेख गरेका छन् ।

लेककका विचारमा राजवंशी समुदायमा ‘उवासी पावनी’ पनि उत्तिकैं महत्वपूर्ण चाडको रुपमा लिइन्छ । उनीहरु तिहारलाई उवासी पावती भन्दछन् । राजवंशी समाजमा यी पूजालाई बोलचालको भाषामा अलखी पूजा, गुरुवोसी, लक्ष्मीपूजा, लखीपूजा पनि भन्छन् । यस समुदायका मानिसहरु लक्ष्मीको पूजा-आधारना र स्तुति गर्नाले वालीनाली गाईवस्तु,

साथै धनसम्पत्तिमा श्रीवृद्धि हुने विश्वास गर्छन् । यस अवसरमा हिन्दूले जस्तो गाईगोरुको, कागको कुकुरको पूजा गर्ने चलन छैन । साथै उनीहरुको भाइ टीका गर्ने चलन पनि छैन । यस बेला लक्ष्मीमाताको आह्वान गर्दै सम्पूर्ण खेतबारीमा दियो बाल्छन् र दल (पिना र कागतीको पातको धूलो) बनाइ बालीनालीमा छर्कन्छन् । दल छर्कनुको अर्थ खेतबारीमा जति पनि रोगव्याधि, कीराफट्याङ्ग्रा नलागोस् भन्ने हो । खेतका गरागरामा लक्ष्मीको बास होस्, धानका सबै विरुवामा बाक्लै धान फलोस् भनी यस अवसरमा आराधना गर्दे गर्छन् । लक्ष्मीपूजाको भोलिपल्ट वस्तुभाउलाई एक किसिमको जडिबुटी बनाएर खुवाउने चलन छ जसलाई 'बाखर' भन्ने गर्छन् । 'वाखर' खुवाउनु भन्नुको अर्थ पशुधन स्वस्थ रहोस् किनभने कृषिप्रधान समाजमा पशुधनको महत्व हुने भएकाले प्रकार्यात्मक दृष्टिकोणले राजवंशीहरुले 'बाखर' खुवाउने गर्छन् ।

राजवंशीहरुले मान्ने अन्य पर्व-व्रतहरु मध्ये 'उत्थान एकादशी' व्रतको ठूलो महत्व रहेको कुरा लेखक राजवंशीले उल्लेख गरेका छन् । परापूर्व कालदेखि यस समुदायका वासिन्दाहरु हिन्दू धर्मावलम्बीसरह नै प्रत्येक पक्षमा आउने एकादशीहरुमा उपवास बसी व्रतसम्पन्न गर्ने कुराको जानकारी पनि उनले दिएका छन् । विशेष गरी कार्तिक शुक्ल पक्षमा पर्ने एकादशी पर्व उनीहरु भव्य रुपमा मनाउँदछन् । सर्वपापमुक्त, धर्मपरायाण, विधवा नारीमुक्त, पुत्रप्राप्ति, कार्यफिलता, दुःखकष्ट निवारण, स्वर्गलोकप्राप्ति आदि उद्देश्यबाट प्रेरित भइ यो एकादशी पावनी गर्छन् भनी लेखक राजवंशीले चर्चा गरेका छन् ।

राजवंशीहरुले मान्ने पूजा-पर्वहरुमा डोलपूजा पनि एक हो । यो पूजा फागु पूर्णिमाका दिन मनाइन्छ । यस पूजालाई 'डोल ठाकुर' पनि भन्ने गर्छन् । यिनीहरु प्रतीक स्वरुप राधाकृष्ण वा शिवपार्वतीको मूर्ति राखेर पुज्दछन् भनी लेखक राजवंशीले उल्लेख गरेका छन् । लेखकले यो पर्वको उत्पत्तिकथा पौराणिक कालका हिरण्यकशिपुका छोरा विष्णु भगवान्का भक्त 'प्रल्हाद' र उनकी फुपु होलीकासँग जोडिएको बताउँछन् । विष्णु भगवान्को कृपाले प्रल्हाद बाँचेको खुसियालीमा यो 'डोल पावनी' को अन्तिम चरणमा नाच्ने, गाउने अनि रङ्ग खेल्ने पनि खेल्ने गर्छन् र डोलपूजा समाप्त गरी प्रसाद ग्रहण गर्छन् भनी उल्लेख गरेका छन् ।

राजवंशी समुदायमा अर्को महत्वपूर्ण पूजाका रुपमा 'ग्रामसेवा' पूजालाई लिइन्छ । वर्षको एकपल्ट गरिने यो ग्रामदेवताको पूजा भएकाले गाउँका धनीमानी सबैले सामूहिक रुपमा यो पूजा गर्दछन् । वर्षमा एकपल्ट मंसीरदेखि वैशाख महिनाभरिमा यो ग्रामसेवा पूजा गर्छन् भनी लेखकले उल्लेख गरेका छन् । ग्रामपूजाले गाउँलेहरुलाई रोगव्याधबाट आक्रान्त नहोऊन्, जीवजत्नु सुरक्षित रहून्, देवीदेवताको कुदृष्टि नहोस् भन्ने उद्देश्यले राजवंशीहरुले ग्रामदेवताको पूजा गर्छन् भनी उनले चर्चा गरेका छन् । ग्रामपूजामा मुल्यतया भगवनी काली र उनका अनेक रुप एवं अवतारको विधिविधानपूर्वक पूरा गरिन्छ भनी लेखकले बयान गरेका छन् ।

यसरी यस प्रस्तुत पुस्तकमा राजवंशी जातिका पूजा-पर्वहरुबारे चर्चा गर्दै लेखकले समष्टिगत रुपमा सामाजिक संरचनालाई अगाडि बढाउने क्रममा सामाजिक राजवंशीहरुको संरचनागत प्रकार्यमा कुनै असर नपरोस् भनी उपर्युक्त विभिन्न चाडपर्व, व्रंत, उत्सव मनाउने गरेको धारणा प्रस्तुत गरेका छन् ।

## अध्याय ३

# अनुसन्धान विधि

### ३.१ अनुसन्धान क्षेत्र छनोट गर्नुका कारण :

यो एक शैक्षिक उपाधि हासिल गर्न गरिएको अनुसन्धान हो, जसमा झापा जिल्ला राजगढ गाविस वडा नं. २ लाई मात्र अध्ययन क्षेत्र छनोट गरिएको छ । यो क्षेत्र छनोट गरिनुका पछाडि विभिन्न कारणहरु छन् ।

१. यो क्षेत्र पूर्वी नेपालको झापा जिल्लामा अवस्थित छ । यस क्षेत्रमा विगतदेखि बसोबास गरिआएका राजवंशी समुदायका बारेमा अध्ययन नभएकोले यस समुदायलाई अध्ययनका लागि छनोट गरिएको हो ।

२. राजवंशी जातिबारे सीमित अध्ययन भए तापनि महिलाको बारेमा कुनै अध्ययन तथा अनुसन्धान नभएकाले राजवंशी समुदायभित्र महिलाको निर्णय क्षमताबारे अध्ययन गर्न यस प्रस्तावित शोधपत्रले यो अध्ययन क्षेत्र छनोट गरेको हो ।

३. वर्तमान समयमा राजवंशी जातिको परिवर्तन र त्यसमा महिलाको वास्तविकता अध्ययन गर्न यो क्षेत्र छनोट गरिएको हो ।

४. यस क्षेत्रमा अहिलेसम्म कुनै पनि अध्ययन र अनुसन्धान नभएकाले यहाँको वास्तविक चित्रण हुन सकेको छैन । त्यसैले यस क्षेत्रलाई छनोट गरिनु उपयुक्त देखिन्छ ।

५. वर्तमान समयमा विश्वव्यापीरुपमा सामाजिक तथा साँस्कृतिक परिवर्तनसँगै फैलिएको लैंगिकताको प्रभावको अध्ययन गर्न यो समुदाय र क्षेत्र छनोट गरिएको हो ।

### ३.२ अनुसन्धान ढाँचा :

यो सामाजिक अनुसन्धानको महत्वपूर्ण औजार हो, जसले अनुसन्धानलाई सफल बनाउन सहयोग गर्दछ । यो अध्ययन मुख्यतया वर्णात्मक जातीय अध्ययनमा आधारित छ ।

## ३.३ तथ्याङ्कको प्रकृति

यस अध्ययनका क्रममा तथ्याङ्क सङ्कलनका लागि प्राथमिक तथा द्वितीय स्रोतहरु प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्कहरु कार्यक्षेत्र सर्वेक्षणक्षणबाट सङ्कलन गरिएको छ, जसका लागि अन्तर्वार्ता, प्रश्नावली, वैयक्तिक अध्ययन जस्ता विधिहरु अपनाइएको छ । यसैगरी द्वितीय तथ्याङ्कको सङ्कलनका लागि गाविस, जिल्ला विकास समितिलगायतका स्थानीय निकायको सहयोग लिइएको छ र अध्ययनसँग सम्बन्धित पूर्व कार्य, लेखरचना र शोधपत्रहरुलाई पनि तथ्याङ्क सङ्कलनको आधार बनाइएको थियो ।

## ३.४ नमूना सर्वेक्षणक्षण :

यस शोधपत्रको अध्ययनका लागि पूर्वी नेपालको झापा जिल्ला राजगढ गा.वि.स. वार्ड-२ लाई अध्ययन क्षेत्र छनौट गरिएको थियो । उक्त क्षेत्रमा जम्मा १५०५ जनसंख्या रहेको छ, जसमध्ये राजवंशी ८० परिवार, क्षेत्री २६ परिवार, व्राह्मण ५ परिवार, यादव १२ परिवार, सतार ४० परिवार, शाह १ परिवार र मुसलमान २६ परिवार रहेका छन् । यसरी ८० घरधुरीमा ४८० जनसंख्या रहेको राजवंशी समुदायमा अध्ययनका लागि प्रत्येक एक घर छोडेर अर्को घरका ४० घरमुली महिलाहरुलाई नमूना छनौटको रुपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका विधिहरु :

**३.५.१ अन्तर्वार्ता** : तथ्याङ्क सङ्कलनका लागि अन्तर्वार्ता विधि प्रमुख औजार हो । यसले सम्बन्धित क्षेत्रको लैङ्गिक सम्बन्धका बारेमा प्रत्यक्ष अध्ययन गर्न सघाउ पुर्‍याउँछ । अध्ययन क्षेत्रका महिला र पुरुषलाई प्रत्यक्ष भेटी अन्तर्वार्ताद्वारा प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको थियो ।

**३.५.२ अवलोकन** : अध्ययन क्षेत्रको जीवनशैली र अवस्था बुझ्नका लागि अवलोकन विधिको प्रयोग गरिएको छ । साधारणतया धेरै महिला तथा पुरुषहरु अध्ययनसँग सम्बन्धित प्रश्नको उत्तर दिन अप्ठेरो मान्छन्, जसले गर्दा तथ्याङ्क सङ्कलनमा असर पर्दछ । त्यसैले महिला तथा पुरुषले दैनिक जीवन के गर्दछन्, त्यसको बारेमा अवलोकन गर्नुपर्ने हुन्छ ।

**३.५.३ समूहकेन्द्रित छलफल :** यो तथ्याङ्क सङ्कलनको ऐच्छिक विधि हो । समूह छलफल महिलाको घर परिवारसँग सम्बन्धित थियो । निर्णय प्रक्रियामा कसको भूमिका बढी छ भन्ने कुरा यो विधिबाट प्रष्ट पारिएको छ ।

**३.५.४ मुख्य सूचनादातासँग अन्तर्वार्ता** : अध्ययन क्षेत्रका पाका व्यक्ति, शिक्षक, सरकारी अधिकृत वा कर्मचारी, गैरसरकारी संस्थाका प्रतिनिधिहरु अध्ययनका मुख्य सूचनादाताहरु थिए ।

**३.५.५ प्रश्नवाली:** यो प्राथमिक तथ्यांक संकलन गर्ने एक महत्वपूर्ण विधि हो । अध्ययन क्षेत्रमा अनुसन्धान गर्ने क्रममा उत्तरदाताहरु सँग अध्ययनसँग सम्बन्धित विषयमा प्रत्यक्ष र अप्रत्यक्षँ रुपमा प्रश्न गरी सूचना प्राप्त गर्न प्रश्नावलीले सहयोग पुऱ्याउँदछ र यस अध्ययनमा प्रश्नावलीको आधारमा नै तथ्यांक संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण :

सङ्कलित तथ्याङ्कको विश्लेषणका लागि सामान्य विधि तथा ढाँचा जस्तै प्रतिशत र अनुपातको प्रयोग गरिएको छ । यस चरणमा सर्वेक्षणक्षण तथा अनुसन्धानबाट प्राप्त तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ । तथ्याङ्क विश्लेषणका लागि गुणात्मक र सङ्ख्यात्मक ढाँचा प्रयोग गरिएको भए तापनि यो एक समाजशास्त्रीय अध्ययन भएकोले संख्यात्मक अनुसन्धान विधिको प्रयोग गरी तथ्यांकको विश्लेषण गरिएको छ ।

अध्याय ४

# अध्ययन क्षेत्रको भौगोलिक अवस्था

## ४.१ झापा जिल्लाको ऐतिहासिक पृष्ठभूमिः

श्री ५ वडामहाराजधिराज पृथ्वीनारायण शाहको शासन काल पूर्व मोरङ्ग र झापामा सेन वंशको राज्य थियो । सन् १७७३ मा अभिमान सिंह बस्नेत र सरदार सारथी भण्डारीको नेतृत्वमा आएको फौजले आक्रमण गरी विजयपुरलाई पनि कब्जामा लिए । अभिमान सिंह बस्नेतको नेतृत्वको फौजले पल्लो किरातको उत्तरी सिमाना र पूर्व तमोर नदीसम्म अधिकार जमायो (जिविस, २००८) ।

सिंहलिला (फालेलुङ्ग डाँडा) पहाडको पानी ढलको पश्चिमतर्फ बसोवास गरेका र सिक्किम राज्यबाट सताएका लिम्बु जातिहरु गोर्खाली सँग सम्झौता गरी नेपाल एकिकरणमा समाहित भएकोले श्री ५ पृथ्वीनारायण शाहको समयमा नेपालको सिमाना पूर्वी पहाड तर्फ सिंहलिला पहाडसम्म र मैदानतर्फ कनकाई नदी क्षेत्रसम्म फैलियो (जिविस, २००८) ।

सन् १७८३ मा वा श्री ५ रणबहादुर शाहको शासनकालमा नेपालको सिमाना पश्चिमतर्फ कुमाउ र गढवाल र पूर्वतर्फ टिष्टा नदि सम्म पुगेको थियो । तर सन् १८१४ मा अंग्रेजले विराटनगर र रंगेली वीच पर्ने "धनपुर" भन्ने स्थान र झापा बजार हाल कुमरखोद गा.वि.स. मा आक्रमण गरी आफ्नो कब्जामा लियो । बाध्यतावस १८१६ मार्च ४ मा सुगौली सन्धिमा हस्ताक्षर गर्न नेपाल वाध्य भयो र मेची नदी सदाको लागि पूर्वी अन्तर्राष्ट्रिय सिमाना हुन पुग्यो (जिविस, २००८) ।

## ४.२ झापा जिल्ला र राजगढ गा.वि.स.

झापा जिल्ला नेपाल अधिराज्यको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत सुदुरपूर्वी तराईको एक विकसित जिल्ला हो । क्षेत्रफल र जनसंख्याको हिसाबमा क्रमशः सतचालीसौ र चौथो स्थानमा पर्ने यो जिल्ला उत्तरमा २६$^{\circ}$२०$^{\circ}$ देखि २६$^{\circ}$५० अक्षांस सम्म र पूर्वमा ८७$^{\circ}$३९$^{\circ}$

देखि ८८°१२° देशान्तर सम्म फैलिएको छ । यो जिल्ला समुन्द्र सतहबाट ५८ मिटर देखि ५०० मिटर सम्मको उचाइमा अवस्थित छ । नेपालको सवैभन्दा होचो भाग केचनाकवल यसै जिल्लाको केचना गा.वि.स. वडा नं. ३ मा पर्दछ र नेपालको सबैभन्दा लामो पक्की पुल कन्काइ पुल (७०३ मिटर लामो) यसै जिल्ला रहेको छ । धान र चियाको लागि यो जिल्ला राष्ट्रकै अग्रस्थानमा रहेको छ । जम्मा क्षेत्रफल १६०६ वर्ग कि.मी. भएको यस जिल्लाको पूर्व पश्चिम लम्बाई ४६ कि.मि. ३ उत्तर-दक्षिण चौडाई २९ किमी छ (जिविस, २००८) ।

उत्तरमा चुरे क्षेत्र र दक्षिणमा भारतको समथर क्षेत्रले घेरेको यस जिल्लामा हिउँदमा चिसो र गृष्ममा बढी गर्मी हुने गर्दछ । उत्तरतर्फ भावर प्रदेश र दक्षिण तराई प्रदेशमा विभाजित यस जिल्लालाई ७ वटा संसदीय निर्वाचन क्षेत्र, १७ वटा इलाका, ३ वटा नगरपालिका र ४७ वटा गा.वि.स. हरुमा विभाजन गरिएको छ ।

### ४.३ नामाकरण:

तराइको समतल भू-भाग झापा जिल्लाको सम्पूर्ण प्रशासनिक कार्य पहिले मोरङ्ग गोश्वाराले हेर्ने गर्‍थ्यो । पछि उक्त मोरङ्ग, गोश्वारा हालको कुमरखोद गा.वि.स. अन्तरगत पर्ने झापा गाउमा सारियो जुन गाउँ हाल पनि कुमरखोद गा.वि.स. मा झापा बजार नामले चिनिन्छ । तसर्थ त्यस झापा गाउँको नामबाटै कालान्तरमा यस ठाउँको नाम झापा रहन पुग्यो । झापा जिल्लाका आदीवासी जाति राजवंशीहरुको भाषामा झापाको अर्थ ढकनी वा विर्को भन्ने अर्थ लाग्ने र शताब्दीऔं देखि वन जंगलबाट ढाकिएको वा छोपिएको हुँदा यस ठाउँको नाम झापा रहन गएको भन्ने भनाई रहि आएको छ (जिविस, २००८) ।

यसरी विगत देखि आफ्नै ऐतिहासिक पृष्ठभूमि रहेको यस जिल्लाको सिमाना पूर्वमा भारको पश्चिम वंगाल राज्य, पश्चिममा मोरङ्ग, जिल्ला उत्तरमा इलाम जिल्ला र दक्षिणमा भारको विहार राज्य पर्दछ । ४८ गा.वि.स. रहेको यस जिल्ला ६३३०४२ जनसंख्या छ । झापा जिल्ला विभिन्न गा.वि.स. मध्ये सदरमुकामबाट १८ कि.मी. दुरीमा रहेको राजगढ गा.वि.स. वार्ड नं). २ यस अध्ययनको मुख्य अध्ययन क्षेत्र हो । राजनैतिक तथा प्रशासनिक रुपमा ९ वटा वार्डमा विभाजित यो गा.वि.स. भौगोलिक रुपमा चकचकी, गोलधाप, जलथल, पथरिया

सरनामति गा.वि.स. द्वारा घेरिएको छ । जम्मा क्षेत्रफल ४६५५ हेक्टर मा वार्षिक १.४३ का वृद्धिद्धरले १५७०६ जनसंख्या रहेको छ ।

आफ्नै मौलिक सांस्कृतिक तथा सामाजिक मुल्य मान्यता वोकेका विभिन्न जात जातिको संगम थलोको रुपमा राजगढ गा.वि.स.-२ भागुडुब्बा लाई अध्ययन क्षेत्र छनौट गरिएको छ । यस भागुडुब्बामा राजवंशीहरुका साथै वाहुन, क्षेत्री, सतार, शाह तथा मुसरीमहरु वसोवास गर्दछन् । यस अध्ययन क्षेत्रमा जम्मा २८३ घरधुरी छन् जहाँ राजवंशी ८० घरपरिवार क्षेत्री, २६ घरपरिवार ब्राहमण ५ घरपरिवारमा यादव १२ घरपरिवार सतार ४० घरपरिवार शाह १ घरपरिवार मुसलमान २६ घरपरिवार रहेका छन् । यसरी विभिन्न जात जातिको वसोवास रहेको यस क्षेत्रमा जम्मा १५०५ जनसंख्या छन् रहेको यस वार्डको क्षेत्रफल ६०००००० वर्ग मिटर वा ६०० हेक्टर छ (गाविस, २००८) ।

यस अध्ययन क्षेत्रमा २ वटा उच्च मा.वि. क्रमश पुशपति उच्च मा.वि. २ ज्ञानज्योती उच्च मा.वि. दुईवटा मा.वि. ३ वटा नि.मा.वि. २ वटा प्रा.वि. शिक्षण संस्था रहेका छन् । साथै स्वस्थ उपचारका लागि १ वटा स्वास्थ्य चौकी, व्यापार व्यवसायका लागि स्थानीय बजार र सुरक्षाको लागि प्रहरी चौकी रहेको छ ।

यस भागुडुब्बा गाउँको मानिसको जीवन शैली सामान्य प्रकृतिको छ । विभिन्न जात जातिमा मानिसहरु विच एक आपसमा सहयोगी भावना पाइन्छ । कृषि पेशमा आधारित यस गाउँका मानिसहरु स्वनिर्भर छन् । आफ्नै प्राकृतिक विशेषता वोकेको यस क्षेत्रमा स्थानीय सानो बजार सामुदायिक वन, सरकारी स्कुल साथै २ वटा निजि विद्यालय पनि छन् । विभिन्न जात जातिको वसोवास यस ठाउँमा राजवंशी समुदायमा महिलाको लैङ्गिक सम्बन्धको अध्ययन गर्नु यस अनुसन्धानको मुख्य उद्देश्य हो ।

## ४.४ हावापानी

नेपालको तराई क्षेत्र समथल भूभागमा पर्दछ । यहाँको करिब ४००० फिटसम्मको उचाइमा पर्ने भागहरुमा उष्ण जलवायु भेटिन्छ । यहाँ गर्मी मौसम बढी हुन्छ । जाडो महिनामा त्यति जाडो हुँदैन । झापा जिल्लाको गर्मी मौसममा अधिकतम तापक्रम ३७$^{0}$.७ र न्यूनतम

तापक्रम पुष महिनामा ५° सेल्सियससम्म पुग्छ भने सापेक्षित आर्द्रता पनि बढी नै हुन्छ । मनसुन छिटो सुरु हुने र पछिसम्म रहने यस जिल्लाको विशेषता हो । यहाँको वर्षा बङ्गालको खाडीबाट सुरु हुन्छ । सामान्यतया मे महिनाको अन्त्यबाट सुरु भएर अगस्टसम्म तीन महिना वर्षा हुनेगर्छ । कहिलेकाहीँ यो वर्षा मनसुनको कारणले सेप्टेम्बरसम्म लम्बिएर जान पनि सक्छ । झापा जिल्लाको वार्षिक औषत वर्षा ३६८८.२८ मी.मी. हुने गर्छ (झापा कृषि झलक, २०५७) ।

## ४.५ राजवंशी जातिको ऐतिहासिक पृष्ठभूमि

राजवंशी पूर्वी नेपालका आदिवासी जाति भए तापनि परापूर्वकालमा यिनीहरुको मूल थलो भारतमा रहेको कुरा यस जातिको नेतृत्व गर्ने वर्गबाट थाहा हुन आउँछ । राजवंशीको प्राचीन ऐतिहासिक सामाग्रीहरुको अध्ययनका आधारमा भारतको वंगाल, आसाम, मेघालय, त्रिपुरा, नागलैन्ड, मणिपुर राज्यहरुमा यिनीहरुको बसोवास रहेको देखिन्छ । राजवंशी कहिले कहाँबाट आए भन्ने कुरामा विभिन्न विद्वानहरुको आ-आफ्ना विचारहरु रहेका छन् । ती सबैको मतबारे विचार गर्दा विक्रम संवत् सुरु हुनुभन्दा एक हजार वर्ष अगाडि पूर्वतिरबाट 'बोडो' जातिका मानिस भारत प्रवेश गरेका थिए । तिनीहरु प्रथमतः ब्रह्मपुत्र नदीका किनारमा बसोवास गर्न थाले । कालान्तरमा विस्तारै तिनीहरु उत्तर आसाम तथा पूर्व बंगालतिर फैलंदै गए । तिनीहरु नै विस्तारै विहार र नेपालका भू-भाग झापा, मोरङ रसुनसरीमा आई बस्न थाले । राजवंशीहरुको शारीरिक बनावट हेर्दा यिनीहरु चिम्सा आँखा, नेप्टो नाक, गालाको हड्डी चेप्टो, काला-काला, पहेँलो वर्णका मङ्गोल-द्रविड मिश्रित जातिजस्तो देखिएको कुराहरु विभिन्न विद्वानहरुले उल्लेख गरेका कुराहरुको चर्चा तल गरिएको छ ।

सन्यालका विचारमा - राजवंशीको उत्पत्तिको इतिहास रहस्यपूर्ण छ । यिनीहरु महान् बोडो परिवारका थिए जो ईसापूर्व दसौं शताब्दीतिर पूर्वबाट भारत प्रवेश गरी ब्रह्मपुत्र नदीका किनारमा बसोवास गरी विस्तारै आसामभरि र उत्तरी र पूर्वी बंगालमा फैलिए । सुदूर पूर्वोतर बंगालमा बसोवास गर्ने यो जातिको आधुनिक इतिहासको पहिलो बख्त्यार खिलाजीको वर्णनमा पाइन्छ । उनी सन् १२०६ मा तिब्बत प्रवेश गरेका थिए । उक्त वर्णनमा के उल्लेख

गरिएको छ भने त्यतिखेर लखनवती र तिब्बतका वीचमा पहाड र जंगल थियो जहाँ तीनथरी गैरभारतीय मंगोलियन जनजातिहरु कोच, मेच र थारु बस्दथे (सन्याल, १९६७ : १०) ।

त्यस्तै गरी सन्याल (१९६७) ले आफ्नो पुस्तकमा विभिन्न विद्वानहरुका विचारलाई पनि प्रस्तुत गरेका छन् । किराँत जनकृतिमा एस.के. चटर्जी (१९५१ : ५४) ले के लेखेका छन् भने 'तिबकत्-इ-नासिका' का लेखक मिनहाजु-एस-सिराजका अनुसार कामरुपमा कोच, मेच र थारु बसोवास गर्थे र यिनीहरुमा मंगोलियन प्रजाति र बोलीमा टर्क भाषाको छुट्टै प्रकारको प्रभाव पाऱ्यो साथै तिनीहरुको अनुहार टर्क जातिको जस्तो थियो । जस्तै-चिम्सो आँखा, नेप्टो नाक, गालाको चेप्टो हड्डी, पहेँलो वर्ण । तिनीहरुले भारतीय भाषाभन्दा भिन्नै प्रकारको भाषा बोलदथे (सन्याल, १९६७:११) ।

राजवंशीहरुका बारेमा सन् १८४९ मा हड्सनले के लेखेका छन् भने हाजोले कोच राज्यको स्थापना गरे । कोचहरु तमुलियनवंशी थिए । हाजो होचा पुड्का, अंगका संयोजन नमिलेका, गालाको हड्डी चेप्टो, चिउँडो र मुख ठूलो, आँखा सानो र चिम्रो, ओठ पातलो, कान ठूलो, कालो कालो रंग भएका थिए । आर्यको आगमनपूर्व यिनै राजा थिए । हाजोका नातिले 'कोच' भन्ने जाति त्यागी हिन्दूधर्म ग्रहण गरी 'राजवशी' जाति भए । उनका विचारमा 'कवुच' ले कोचलाई नै बुझाउँछ । आसाममा कोच तीन थरमा विभाजति छन् - (क) कामथाली, (ख) मेदाई, र (ग) कोलिटा । त्यस्तै गरी रंगपुरमा पनि दुई थरीका छन् - (क) राजवंशी, र (२) कोच (सन्याल, १९६७:११) ।

डाल्टनका (१८७२) अनुसार कोचहरुको अनुहारले नै उनीहरु गैर आर्य भएको बताउँछ । उनी के ठान्दछन् भने उनीहरु द्रविडियन् हुन् र सम्भवतः महान् 'भुइया परिवार' का शाखा हुन् । अथवा राजवंशीहरु बोडो, कोच, मेच यी तीनभित्र पर्दछन् (सन्याल, १९६७:११) ।

बेभर्ली (१८७२) का विचार के छ भने कोच राजवंशी र पलियाहरु धेरै हदसम्म एउटै जनजाति हुन् । राजवंशी एउटा अस्पष्ट एवम् विशेष अर्थ बुझाउने शब्द हो । राजवंशीका केही व्यक्तिहरु सम्भवतः अरु जातिका पनि थिए । तल्लो त्रिवेणी भूमि क्षेत्रमा

राजवंशीलाई तिर्यासहरुको उपजातिका ठानिन्छ । तर दिनजपुर, रंगपुर र जलपाईगुडीका चाहिँ कोच र पलियासँग मिल्दाजुल्दा छन् । कप्तान लेबिन कुच विहारका उपकमिसनर कुचविहारका अहिलेका बासिन्दाहरु कुनै खास प्रजातिका होइनन् भन्ने ठान्छन् । भुटान-डुर्आसका वासिन्दा मेचेहरुका दक्षिणतिरबाट आएका आप्रवासीहरुसँगको अन्तर्जातीय विवाहपश्चात् उनीहरुबाट जन्मेकाहरु नै आधुनिक कुचविहारी हुन् (सन्याल, १९६७:११) ।

पोर्टर (१९३१) लेख्छन् - कोच, पालिया र राजवंशीहरुको उद्‌भव एकै किसिमले भएको हो । आसाम र उत्तरी बंगालका कौवर्तहरुको राजवंशी सँग बढी सम्बन्ध छ । उनीहरु सबैले राजवंशीको रुपमा दर्ता भएको दावी गर्छन् र सबै राजवंशीहरुले आफूहरु १९ औं शताब्दीको सुरुमा नै छेत्रीयमा दर्ता भएको समेत दावी गर्छन् । धेरै पिछडिएका र अशिक्षित राजवंशी जातिका मान्छेले अझैसम्म पनि कट्टर हिन्दूधर्मसँग सम्बन्ध नराख्ने धार्मिक कृत्यहरु गर्दछन् (सन्याल, १९६७:१३) ।

चटर्जी (१९५१) लेख्छन् - उत्तरी बंगाल क्षेत्रका जतनाहरु अत्यधिक रुपमा बोडो र अस्ट्रिक द्रविडियन् मंगोलियनमिश्रित मूलका हुन् । तिनीहरुलाई अहिले पनि कोच भन्न सकिन्छ । कोच भन्नाले हिन्दूकृत वा अर्द्ध हिन्दूकृत बोडो भन्ने बुझिन्छ, जसले आफ्नो तिब्बत-बर्मेली भाषा त्यागेर बंगाली भाषाको उत्तरी क्षेत्रको भाषिका बोल्ने गर्छन् । उनीहरुले आफूलाई राजवंशी र छेत्रीय कहलाउनमा गौरव गर्छन् (सन्याल, १९६७:१३) ।

माथिको विद्वानहरुको अध्ययन र अवलोकनसँग यसरी दाँजेर हेर्दा कोच, राजवंशी, पालिया, देशी र अरु जेसुकै नामले पुकारिए पनि यी सबै द्राविडियन उद्‌भवका हुन् भन्न सकिन्छ । आर्यहरुको बंगाल आगमन हुँदा सम्भवतः गंगा उपत्यकामा बसोवास गर्दथे । यिनीहरुको बसोवास भएको ठाउँमा आक्रमण भएपछि यिनीहरु उत्तरपूर्वी बंगालका विभिन्न ठाउँमा जान बाधय भए, जहाँ यिनीहरु मंगोलियनहरुसँगको सम्पर्कमा आए । रहँदै बस्दै जाँदा यिनीहरुमा मंगोलियनहरुको पनि रक्त मिश्रण हुन पुग्यो तापनि यिनीहरुमा द्राविडियन प्रजातिको शारिरीक लक्षणको वर्चस्व छ ।

डा हन्टर (१८७६) का विचारमा पन्ध्रौ शताब्दीको अन्ततिर कोच राजा हाजोले कामरुप राज्यको स्थापना गरे । उनका नाति विश्वसिंहले आफ्नो अफिसर र जनता समेतलाइे हिन्दू धर्ममा समाहित गराए । उनले ब्रह्मणहरुद्दारा प्रमुख ब्यक्तिहरुका लागि छुट्टै एउटा दैवी वंशको स्थापना गरिदिए । तिनै फेरिएकाहरुले कोच थर छाडेर राजवंशी ग्रहण गरे । हन्टरले के पनि उल्लेख गरेका छन् भने रङ्गपुर, जलपाइगुडी र कुचविहारमा राजवंशीको अर्थ शाही प्रजाती भन्ने हुन्छ । यहि शब्दलाई कृषक र सम्मानित ब्यक्तिहरुले ग्रहण गरे तर उता कोच भन्ने थर डोल र श्रमिकरहरुमा मात्र सिमीत रहन गयो । हन्टरले राजवंशीलाई अर्ध हिन्दूकृत आदीवासीको कोटीमा राखेका छन् (सन्याल, १९६७ : ११) ।

त्यसैगरि राउनी (१८८२) को विचारमा आदीवासीको हिन्दूसंगको अन्तर्जातिय विवाहले उनिहरुका पुराना वानि व्योराहरुमा परिवर्तन भएको भनि वताउछन् । उनीहरु अरु कसैसंग भन्दा पनि वङ्गालीसंग नै मिल्दछन् । यी आदिवासीको एउटा वर्गले हिन्दूप्रथा र परम्परा ग्रहण गरेका छन् र हिन्दू देविदेउताको पूजा आराधना गर्दछन (सन्याल, १९६७ : ११) ।

एच बोइलु (१८९१) को विचारमा कोच र राजवंशीहरु हिन्दूधर्म भित्रका नभई हिन्दूकृत आदिवासी हुन जसलाई प्रिभी-काउन्सिलले फणीन्द्रदेवका उत्तराधिकारीको व्यवस्थाको सन्दर्भमा हिन्दूकृत गरिएको थियो । जल्पाईगुडी, राइकाट र कुचविहारका महाराजाहरु एउटै परिवारका थिए । दुवैले आफूलाई बिष्णुसिंह सन्तति मान्छन् । विष्णुसिंह शिव र माधवीदेवीका सन्तान थिए । माधवीदेवी योगिनी थिइन् । भगवान् शिवको वारेमा योगिनीतन्त्रमा प्रशंसा गरेका कुरा चित्रण गरिएको छ । जल्पाइगुडीका राइकाट र कुचविहार परिवारहरु कुच र मेचे मिश्रित थिए । दु शाही परिवारले आफूलाई शिववंशी भन्ने हुनाले कोच जनताहरु आफूलाई राजवंशी भन्छन् । केही राजवंशीहरुले अहिले आफूलाई क्षेत्रीका सन्तान प्रमाणित गर्ने प्रयास गरिरहेका छन् उनीहरु के ठान्छन् भने राजवंशीहरुलाई पौराण्कि कालमा परशुरामले लखेट्दा उनीहरु उत्तरी बङ्गालमा शरण लिन पुगेका थिए । ती मध्ये कसैले चाहि आफुलाई भङ्ग क्षेत्रीय पनि भन्छन् । तर यसका पछाडी कुनै ऐतिहासिक प्रमाण भने छैन (सन्याल, १९६७ : ११) ।

ग्रियर्सन भन्छन्- खास कोचहरु बोडोजस्तै भएकोमा कुनै शङ्का छैन । कोच, मेचे, बाडा वा बोडो एउटै जनजातिका विभिन्न उपजाति हुन् कोचे भन्ने नामले हिन्दूकृत बोडोलाई बुझाउंछ जसले आफ्ना आनुवंशिकता र धर्म हिन्दूधर्मका लागि त्यागेका थिए । राजवंशीहरु रंगपुर र गोल्पाडाका हिन्दूकृत कोच नै हुन् । ती कोचहरु जे अहिले हिन्दू छन्, सिद्धान्तत : तिनै राजवंशीका रुपमा परिचित छन् । राजवंशी भाषिकाले पूर्वी वङ्गाली भाषिकासंग निकट सम्वन्ध राख्दछ (सन्याल, १९६७ : ११) ।

### ४.५.१ शारीरिक आकृतिः

राजवंशीहरुको शारिरीक बनावट हेर्दा यिनीहरु मंगोल प्रजातिका (चिम्सा आँखा, चेप्टो नाक, गालाको हड्डी चेप्टो, काला काला, पहेँलो वर्ण) देखिने मंगोल-द्रविड मिश्रित जाति जस्तो देखिन्छ । नेपालका राजवंशीहरुको शारिरीक संरचना मंगोलियन जस्तो देखिएतापनि यिनीहरुको शारीरिक बनावटमा आर्यको रंग रुपसँग पनि समानता राखेको पाइन्छ । यिनीहरुको रहन सहन भारतको वंगालका वंगालीसँग धेरै मिल्दछ । त्यस्तै अन्य स्थानीय जनजाति, आदिवासी, ताजपुरिया, धिमाल, मेचे, कोचे, गिरी, गनगाई जातिसँग धेरै कुरामा समानता राख्ने राजवंशीहरु झापा, मोरङ्ग र सुनसरी जिल्लामा बसोवास गर्दै आएका छन् ( कार्यक्षेत्र अध्ययन, २०६५)

### ४.५.२ राजवंशीका केही प्रथा र संस्कारहरुः

धर्म, संस्कृति तथा भाषाले कुनै पनि जातिको पहिचान दिएको हुन्छ । यिनी सांस्कृतिक मान्यतामा आधारित रहेर अन्य जातिको भन्दा पृथक चिनारी सहित समाजमा आफ्नो अस्तित्व राखेको हुन्छ । यसरी नै आफ्नै मौलिक संस्कृति सामाजिक नितिनियम तथा विचारधारा भएको राजवंशीमा पनि समाजलाई निरन्तरता दिन जन्म देखि मृत्यु पर्यन्त विभिन्न संस्कार तथा प्रथाहरु छन्, जसले समाजमा राजवंशी समुदायको पहिचान गराउँदै आएको छ । सांस्कृतिक धरोहरको रुपमा चिनीने राजवंशी समुदायमा सामाजिक, संस्कृति मान्यता अनुसार जन्म देखि मृत्यु सम्म अनेक संस्कार छन् जुन निम्नबमोजिम छन्-

(क) **<u>जन्म र नामाकरण:</u>**

जन्म र नामाकरण राजवंशी समुदायको पहिलो संस्कार हो । राजवंशी समुदायमा वच्चाको जन्म पछि परम्परागत मान्यता अनुसार नामाकरण गरिन्छ । बच्चाको नामाकरण गर्दा विभिन्न विधिको प्रयोग गर्दछन् । यस समुदायमा बच्चा जन्मेको ३ दिन मा यो संस्कार गरिन्छ । जसमा वच्चाको नामाकरण प्रक्रिया अन्य समुदायको भन्दा पृथक रहेको पाइन्छ । जस्तैः समय, दिन, महिना आदि । महिनाको आधारमा कार्तिक, वैशाखु, चैतु, फागुलाल आदि नाम राखिन्छ । यसैगरी वच्चाको अनुहारको आधारमा पनि नामाकरण गरिन्छ । केटी गोरी भएमा धनसरी काली भएमा, काली र चाँडै रिसाउने भएमा अनसरी, आँखा झिमक्याउने भएमा चखुमुजा, धेरै बोल्ने गरेमा चेचारु आदि आफ्नै सांस्कृतिक मुल्य, मान्यताको आधारमा यो संस्कार गर्दछन् ।

(ख) **<u>खिरछुवा (भात खुवाउने वा अन्न प्रासन):-</u>**

खिरछुवा राजवंशी समुदायको दोश्रो संस्कार हो । वच्चा जन्मेको ६ देखि ८ महिना को अवधिमा यो कार्य सम्पन्न गर्दछन् । वालकको दाँत पलाएपछि छोरा छोरी दुवैको समान रुपमा दिर्घायुको कामनाको लागि गरिन्छ ।  अन्नप्रासनमा मामाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यदि मामा नभएमा नक्कली मामा बनाएर मात्र यो संस्कार गरिन्छ । मामाले पहिले खिर खुवाएर हात मुख सफा गरी उपहार दिन्छन् र पछि सम्पूर्ण आफन्तले बच्चालाई टिकालगाइ दिएर उपहार दिन्छन् । यसरी यस जातिमा आफ्नै संस्कृतिमा आधारित भएर यो संस्कार गर्दछन् ।

(ग) **<u>वैवाहित संस्कार:-</u>**

विवाह एक सामाजिक संस्था हो जसले सामाजलाई निरन्तरता दिइरहेको हुन्छ । राजवंशी समुदायमा पनि विवाह एक महत्वपूर्ण संस्कार हो । यस जातिमा विवाह हुँदा आफ्नै जाति सँग हुन्छ । राजवंशीहरु ले विवाह सम्बन्ध जोड्दा हातनाता जोगाएर विवाह गर्ने गर्दछन् । मामा चेली तथा फुपूचेलीमा विवाह हुँदैन । वाबुपट्टि सातपुस्ता र आमापट्टि पाँच पुस्ता सम्म विवाहवारी चल्दैन । त्यस्तै गुरुकुलमा वावु सरहभएकोले सातपुस्ता सम्म र भित्रपट्टि गोत्रको कुरा गर्दा यी सबै पूर्वज (ठाकुर)

सोह्नामी देवता हुन् भन्दछन् । यी सोहनाम भएका कुलदेवता वा पूर्व गुरुहरु वीच विवाह सम्बन्ध कुल ठाकुर मिलाएर मात्र गरिन्छ । यिनीहरु विचमा पनि तहतह हुन्छ जस्तैः चैतन, नितानन्द, सतगुरुवा वीच विवाह हुन्छ तर चैतन ठुनठुनीया वीच विवाह हुँदैन । राजवंशी समुदायमा एउटै कुलदेवता भएको केटाकेटी परेमा उत्तम विवाह गनिन्छ । जस्तैः- चैतन सँग चैतनको विवाह उत्तम, नितानन्दसँग सतगुरुवाको मध्यम मानिन्छ भने नितानन्द सँग आदिको औपचारिक विवाह हुँदैन । विवाह सम्बन्ध जोड्दा समान शक्ति भएका घरकी या कम शक्ति ठाकुर मान्ने कन्यासँग विवाह गर्न असल मानिन्छ ।

यसरी राजवंशी जातिमा विवाहका आफ्नै प्रक्रियाहरु भए तापनि समय र परिस्थिति अनुसार परिवर्तित स्वरुप देखिएको छ जुन निम्न बमोजिम छन्ः--

१) **दामेदुमे** :- केटीका बाबुआमालाई जानकारी गराउने तर विधिविधान नगर्ने विवाहलाई दामदुमे भनिन्छ ।

२) **डंगुवा** :- पतिको मृत्यु पश्चात् विधवाले अर्को केटा सँग विवाह गरी पूर्व पतिको घरमा नै बस्ने नै डंगुवा हो ।

३) **समन्द** :- पतिको मृत्युपछि अर्कोसँग विवाह गरी उसैको घरमा गई बस्ने गरी गरिएको विवाह समन्द हो ।

४) **धजिया** :- अविवाहित केटा केटी विच विवाह भई केटीको घरमा घरज्वाई बस्ने किसिमको विवाह धजिया हो ।

५) **मागी विवाह** :- राजवंशी समुदायमा मागी विवाह सवैभन्दा महत्वपूर्ण विवाह हो । राजवंशी समुदायमा विगत देखि वर्तमान समय सम्म यो विवाहले महत्व पाएको छ जसका विभिन्न प्रक्रियाहरु हुन्छन् जो निम्न छन्ः-

क) **सुव देखानी :-** सुव देखानी राजवंशी जातिमा मागि विवाहको पहिलो चरण हो जसलाई सुवदिन पनि भनिन्छ । यो दिन केटा पक्ष वाट केटीको घरमा गई परिवारसँग केटीको वारेमा जानकारी लिन्छन् र केटीपक्षबाट पनि केटाको घरमा

आई केटा तथा परिवारलाई हेर्दछन् । यो दिन दुई परिवार विचमा सामान्य कुराकानी गर्दछन् तर यो दिनमा कुनै नराम्रो घट्ना घट्यो भने विवाह रोकिन्छ त्यसैले यस दिनलाई सुव देखानी भनिएको हो ।

ख) **<u>दुला तिक्किवार</u> :-** दुवै पक्षबाट विवाहको कुरा अघि बढे सकेपछि बेहुली (केटी) पक्षबाट यो संस्कार गरिन्छ । यस कार्यमा बेहुला (केटाको) घरमा केटी पक्षका ७-१९ जना व्यक्तिहरु आउने र केटालाई आँगनमा वसाली केटीका आफन्त सबैले पूजा गरी दक्षिणा दिन्छन् । सर्वप्रथम केटीको वावुले आफुले ल्याएको उपचार दिइ केटाको हातमा तिलको टिका (धर्को) लगाइपछि उक्तकार्य प्रारम्भ हुन्छ । केटापक्षवाट पनि गच्छे अनुसार मान सम्मान गरी पाहुनालाई विदा गरिन्छ । यसरी यो दुवा तिल्किवार विवाह निश्चित भएपछि गरिने मागी विवाहको दोश्रो प्रक्रिया हो ।

ग) **<u>डालीखरा :-</u>** दुवा टिक्लिवार र डाली खरालाई एक अर्काको परिपुरकको रुपमा लिन सकिन्छ । यस कार्यमा केटा पक्षका मानिसहरु/आफन्तहरु केटीको घरमा गई केटीलाइ परम्परागत रुपमा आफ्नो रितिरिवाज दक्षिणा दिई केटीलाई हेर्ने चलन छ । केटापक्षका आफन्तहरु माग्न केटीको घरमा जान्छन् र केटीलाई विवाहको लागि चाहिने साडी गहना घुङ्गट तथा अन्य सामान दिन्छन् । राजवंशी समुदायमा केटीलाई हेर्दा विजोड रुपैया दिइन्छ यदि जोड परेमा त्यसलाई विजोड पारिन्छ । यस्ता कार्यक्रममा मानसम्मानको बढी प्रशंसा गर्ने परम्परा रहेको छ । यो संस्कारपछि विवाहको पूर्ण रुपमा निश्चित हुन्छ ।

घ) **<u>उदोवास (कासा-कुटा)</u>** आफ्नै मौलिक सांस्कृतिक मान्यता रहेको राजवंशी जातिको वैवाहित परम्परा दुई तीन दिनमा मात्र सम्पन्न हुने हुँदा विवाहको पहिलो दिनलाई उदोवास कासाकुटा भनिन्छ । यस दिन बेहुला बेहुलीको नजिकका जेष्ठ आफन्तहरुलाई जल चढाउने (जलढाल्वार) निम्तो हुन्छ । उनीहरु दिनभरी भोकै बसेर मान्यजनहरु माझमा बेहुला बेहुलीलाई जल

चढाउने चलन छ । यसै दिन बेहुला बेहुलीका दिदी भिनाजुले मरुवा (केराको बोट) गाड्ने चलन हुन्छ । दिदीहरुले कासा कुट्ने गर्छन् र त्यही कासा (वेसान र तथा अन्य सामाग्रीको लेपन) बेहुला/बेहुलीको शरीरमा लगाई दिन्छन् । यस कार्यक्रममा दिदी भिनाजुसँग साला-सालीहरु रमाइलो गर्ने गर्छन् साथै भ्यागुताको माला लगाई दिने, दही खुवाइदिने, कालो लगाइदिने, रंग लगाउने गर्छन् । यस दिन विशेष रमाइलो हुन्छ ।

ङ) **बैराती (जन्ती जाने):-** राजवंशी जातिमा जन्ती जाने आफ्नै परम्परागत मान्यता रहेको छ । उनीहरुको जन्ती जाँदा बेहुलाको बाबु सामेल हुँदैनन् । बैरातीमा बेहुलालाई डोली (पाल्की), मा राखेर बाजा गाजा सहित लगिन्छ । साथै विवाहमा केटी/महिलालाई जन्तिम सहभागी गराइदैन । जन्ती बेहुलीको घरमा पुगेपछि जन्तिलाई गीत मार्फत व्यङ्ग गरीन्छ जुन उनीहरुको परम्परागत संस्कार हो । जन्तीलाई खानपान गराएपछि बेहुलालाई विद (जग्गे) मा बसाई आफन्तहरुले उपहार दान गर्दछन् जसलाई राजवंशी जातिको चलनमा 'दान' भनिन्छ । विशेष गरी आफन्तहरुको भैसीको पाडी । गाईको वाच्छी, थाल, सुन, चाँदीका सामान दान गर्दछन् । विवाहमा दानका सामाग्रीले केटी पक्षको आफन्तहरुको आर्थिक अवस्था निर्क्यौल गर्ने परम्परा पनि पाइन्छ । यसरी बेहुलीको घरमा सम्पूर्ण कार्य सम्पन्न भएपछि भोलिपल्ट बेहुली लिएर जन्ती फर्कन्छ । र बेहुलाका घरमा बेहुली भित्रीयाएको दोस्रो दिन बेहुलाका सम्पूर्ण आफन्तहरुलाई बेहुली हेर्ने बेला हुन्छ । यस दिन सम्पूर्ण बेहुलाका आफन्तलाई बेहुला बेहुलीले लाल भात र बेहुली हेर्न माध्यम जसमा बेहुली बेहुलीले प्रतिस्पर्धात्पक रुपमा खान पस्किन्छन् । यसरी राजवंशी समुदायमा यो संस्कार गर्दछन् ।

च) **खद्वाभार:-** विवाह भएको तीन चार दिनपछि बेहुली पक्षका आफन्तहरु बेहुली लिन जाने प्रचलनलाई खद्वाभार भनिन्छ । जसमा चिउरा, दही, केरा, मिठाई आदि लिएर जाने परम्परा रहिआएको छ । यसरी खदुवाभार लिएर आउनेले

बेहुलीलाई लिएर फर्किन्छन् र त्यसपछि ज्वाइलाई वोलाएर आउने जाने बाटो खुल्ला गर्ने प्रचलन छ ।

छ) **<u>भादरकटानी-</u>** राजवंशी समुदायमा विवशित छोरीले पहिलो सलको भाद्र महिनामा माइतमा गएर बस्ने परम्परा हुन्छ । राजवंशी जाति कृषिमा आश्रित भएकोले वर्षा भरि छोरी खेतीको कामले थाकेकोले थकान मेट्न माइत बोलाने चलन ६ जसलाई नै भादरकटानी भनिन्छ ।

ज) **<u>करालीभारः-</u>** राजवंशी समुदायमा भार भन्नुको अर्थ एउटा सम्मान तथा सांस्कृतिक मर्यादा हो । दुवै पक्षले केटा केटी आउने जाने क्रममा बाटो खुल्ला गर्ने प्रतिकको रुपमा भारलाई मान्न सकिन्छ । भाद्र महिनासम्म काटिसकेपछि बेहुला पक्षले बेहुली लिन करालीभार पठाउने चलन छ । जसमा दही, चिउरा, केरा, मिठाई जस्ता सामाग्री लिएर बेहुलीको घरमा जान्छन् र बेहुलीलाई लिएर आउँछन्, यसलाई नै करालीभार भनिन्छ ।

यसरी राजवशी जातिमा वैवाहित संस्कारमा आफ्नै परम्परागत सांस्कृतिक संस्कार तथा मुल्य, मान्यता, रहिआएको पाइन्छ । तर समयको परिवर्तन सँगै वर्तमान समयमा राजवंशी जातिको वैवाहित संस्कारमा दिन प्रति दिन परिवर्तन भइरहेको पाइन्छ । वर्तमान समयमा यिनीहरुको विवाहको स्वरुप वाहुन, क्षेत्रीको जस्तै गरी गर्ने प्रचलन शुरु भएको छ ।

झ) **<u>मृत्युसंस्कारः-</u>** राजवंशी समुदायमा जीवनचक्रमा गरिने विभिन्न संस्कारहरु मध्ये मृत्यु संस्कार पनि एक हो जुन उनीहरुले आफ्नै संस्कृति अनुरुप गर्दछन् । राजवंशी जातिमा मृत्यु व्यक्ति/महिलालाई छिमेकीहरुलाई बेलाई खोलामा लगी गाड्ने तथा जलाउने गर्दछन् । तेस्रो दिन मृतकका आफन्त तथा साथी छिमेकीहरु खोलामा गएर नुहाउँदछन् जसलाई तीत स्नान भनिन्छ । यसैगरी बाह्रै दिनकालाई माथा कमुवा (कपाल खौरने, दिन भनिन्छ । जहाँ मृतकका वंशमात्र खोलामा गई नुहाउँछन् । तेह्रौं दिनका दिन सम्पूर्ण आफन्त तथा

छिमेकीलाई बोलाएर भोग खुवाई यो कार्य सम्पन्न गरिन्छ । राजवंशी जातिमा कृयापुत्री बस्दा छोराहरुले १३ दिन सम्म जुठो बार्दछन् भने छोरी ज्वाइले ३ दिन मात्र जुठो वार्दछन् साथै क्रियापुत्रीले जुठो अवधिभरि एक दिन बजार घुम्नुपर्ने उनीहरुको मान्यता रहिआएको छ ।

### ४.५.३ राजवंशी जातिका परम्परागत नाचगानहरुः-

समाजमा रहेका विभिन्न जात जातिहरुलाई तिनीहरुका लोक संस्कृतिले छुट्टै पहिचान दिएको हुन्छ । राजवंशी जाति भए प्राचीन समय देखि चलिआएका विभिन्न परम्परागत नाचगानहरुले आफ्नो मौलिक संस्कृतिलाई निरन्तरता दिन महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । राजवंशी जातिमा ऐतिहासिक, शास्त्रीय मनोरञ्जनात्मक हाँस्यव्याङ्गात्मक, समसामयिक गरी विभिन्न नाचगानहरु पाइन्छ । जसले राजवंशी जातिको लोक संस्कृतिको जर्गेणा गरिरहेका छन् । राजवंशी जातिको लोक संस्कृतिको जर्गेणा गरिरहेका छन् । राजवंशी समुदायमा विगत देखि वर्तमान समय सम्म रहेका विभिन्न नाचगानहरु निम्न छन्ः-

**क)** **हुतुरधुराः-** हुतुरधुरा एक मनोरञ्जनात्मक नाचगान हो । यो नाचगान तिहार र एकादशीमा केटाकेटीले गर्दछन् जसमा एक जना केटी जोकर (वातिया), तीन चारजना गाउने र एक जना टेम्की (वाजा) बजाउने हुन्छन् । यसमा केटी र वातिया ले गितगाउँदै नाच्दछन् र गीत सकिएपछि वातियाले फाँकि (जोक्स) भन्दछन् र पुनः गीत गाउने तथा नाच्न क्रम शुरुहुन्छ, यसरी नै क्रमसँग यो प्रक्रिया निरन्तर चलिरहन्छ । यसमा केटीले साडी चोलो र वातियाले कमिज सुरुवाल लगाउँछन् । यसरी यस हुतुरधुरामा विभिन्न हास्यव्यंगात्मक उखान टुक्का भनेर मनोरञ्जन गर्दछन् ।

**ख)** **चापन (टेम्की)ः-** राजवंशी जातिको यो एक महत्वपूर्ण पर्व हो जुन जीतवा पर्वमा हुन्छ । छोरा छोरीको विवाह पश्चात् मात्र यो पर्व गरिन्छ । यस संस्कारमा एक दिनभरी भोकै बसेर बेलुका सजम (अलिनो खान्छन्) र त्यसको भोलिपल्ट र दिनभरी उपवास बसेर बेलुका वर्तमा वस्दछन् र आफ्नो इच्छा बमोजिम वासको डालीमाथि केराको काइयो, फलफुल फुलपाती तथा माटोको दियो वाली एउटा सानो पोखरी (खाडी खनेर

पानीहाली त्यसमा एउटा माग्री माछा छाडिन्छ र वर्तालु पोखरीको छेवैमा बसि रातभरीमा माछाले जति पटक पानीबाट टाउको निकाल्छ त्यतिनै पटक सिँदुरको टिका लगाउँदछन् र उपस्थित सम्पूर्ण मानिसलाई केरा चामल प्रसादको रुपमा दिइन्छ र यसै पर्वमा यो चापन नाच गरिन्छ । यस नाचको लागि १५ जनाको एउटा टोली हुन्छ । जसमा पात्रहरुले पेटानी धन्दाल तथा गरगहनाहरु लगाउँदछन् । यसको लागि टेम्की ( माटोको बजाउने), तेरतेरीया (सहनाई) चाहिन्छ । जहाँ दुईजना मारुनी वन्दछन् र समाजमा घटेका विभिन्न घटनाहरुलाई कथावस्तु बनाएर नाच तथा गानको रुपमा प्रस्तुत गरिन्छ । चापन समसामयिक घट्नामा आधारित भएर देखाईने एक मनोरञ्जनात्मक नाचगान हो ।

ग) **वठना गाउनः-** यो जनाच विशेष कार्यक्रममा प्रस्तुत गरिन्छ । यो मंसिर महिना देखि जेठ सम्म गरिन्छ । यस नाचमा पनि १५-२० जनाको समूह हुन्छ जसमा २ देखि ४ जनासम्म केटी (मारुनी बन्दछन् । यो एक मनोरञ्जनात्मक नाचगान हो जुन बसेर गरिन्छ । यो नाचको लागि ढुल्की, हारमुनी कडताल वेहला बेञ्जुर आदि वाजा चाहिन्छ । यस नाचमा पनि समाजमा घटेका विभिन्न घट्नाहरुलाई लिएर मनोरञ्जन दिइन्छ ।

घ) **नटुवा गाउनः-** नटुवा गाउन एक शास्त्रीय गाउन हो । जुन दिपावली तथा एकादशीमा गरिन्छ । शास्त्रीय घट्नामा आधारित यस गाउनमा विभिन्न युगमा घटेका विभिन्न घट्नाहरुलाई आधार बनाएर समाजमा प्रस्तुत गरिन्छ । यसमा नाचगाउन प्रस्तुत गर्नाको लागि मृदंग (मादल), तीन-चार जोडा कडताल, दुइजना नटुवा, एक जना वातिया (जोकर) र एक जना मुल (गायक) साथै एक जना वाड्न (मादल वादक) हुन्छन् । यो नाचमा पनि १५-२० जनाको समूह हुन्छन् जसमा नटुवाले चोलो र काज (फरक) रातो रंग गोठ, सितिवन नथ माट्टा, सिठितार आदि गरगहनाहरु साथै खुट्टामा नेफुर (वाजा) लगाउँदछन् । नटुवा गाउन शास्त्रीय गाउन भएकोले यसमा राधा कृष्णको सम्पूर्ण जीवनको व्याख्या गरी समाजमा देखाइन्छ साथै कृष्णको जन्म देखि मृत्युसम्मको सम्पूर्ण घटनाहरुलाई कथा वस्तुबनाएर देखाइन्छ साथै शास्त्रीय घट्नामा आधारित सम्पूर्ण घट्नाहरु यस गाउनमा देखाइन्छ ।

ङ) **छोटो हलीः-** यो समसामयिक घटनामा आधारित मनोरञ्जनात्मक तथा हास्यव्यङ्गात्मक गाउन हो जसमा समाजमा घटेका विभिन्न घट्नाहरुलाई कथावस्तु बनाएर विभिन्न पात्रहरु मार्फत व्याङ्गात्मक रुपमा प्रस्तुत गरी मनोरञ्जन लिने गरीन्छ । यसमा समाजमा घटेका घटनाहरुको यथार्थ चित्रण गर्ने हुनाले समाजमा रहेका मानिसलाई चेतना प्रदान गर्ने पनि गर्दछ ।

च) **ठूलो हलीः-** ठूलो हली शास्त्रीय घट्नामा आधारित नाच गाउन हो जसमा शिव पार्वतीको व्याख्या गरीन्छ । यसमा विभिन्न पात्रहरुले शिव पार्वती बनी शिव र पार्वतीको सम्पूर्ण जीवन प्रस्तुत गर्दछन् ।

छ) **राजधारीः-** यस नाचगाउनमा रामको जीवनी देखाइन्छ । राजधारी शास्त्रीय कथावस्तुमा आधारित भएकोले रामको जन्मदेखि मृत्यु सम्मको घट्ना देखाइन्छ । राजधारी कसैले भाकल गरेको हुँदा मात्र गरिन्छ । यो नाच दुई रात एक दिन सम्म गरिन्छ । पहिलो रातमा रामको जन्म देखि लिएर बनवास सम्मको घट्ना देखाइन्छ भने दोस्रो रातमा सिताको हरण देखि रावणको वध सम्मको कथावस्तु प्रस्तुत गर्दछन् । त्यसको भोलिपल्ट दिउँसो कृष्णको वाल्य कालको कथावस्तु देखाउँदछन् । यो गाउन खास गरेर मंसिरदेखि जेठ महिना सम्म गरिन्छ ।

### ४.५.४ राजवंशी जातिको पहिरन

देश अनुसारको भेष भने जस्तै कुनैपनि समाजमा पहिरनले विशिष्ट विशेषता बोकेको हुन्छ । पोशाक ले नै विश्वमा कुनैपनि जातिको व्यक्तिगत पहिचान गराएको हुन्छ । यसरी राजवंशी जातिको पनि विगत देखि वर्तमान समय सम्म आफ्नै पोशाक रहेको पाइन्छ । राजवंशी समुदायमा सामान्यतया धोती, कुर्ता पुरुषले प्रयोग गर्दछन् भने केटाहरुले सर्ट पेन्ट लगाउँदछन् । यस समुदायमा बुढि महिलाहरु पेटानी लगाउँदछन् भने विवाहित महिलाहरु साडी चोलो, मेक्सी र केटीहरु सर्ट, फरक, कुर्ता सुरुवाल लगाउँदछन् । यसरी राजवंशी जातिमा विगतको तुलनामा वर्तमान समयमा पहिरणमा पनि धेरै परिवर्तन आएको छ ।

केही वर्षअघि पुरुषले धोती कुर्ता र महिलाले पेटानी लगाउँदथे तर समयको वदलाव सँगै परसंस्कृतिक ग्रहणले गर्दा वर्तमान नयाँ पिढिमा व्यापक परिवर्तन आएको छ जहाँ अहिले केटाले सरह केटी पनि सर्ट पाइन्ट लगाउँदछन् यसरी सामाजिक संरचनामा भएको परिवर्तन सँगै राजवंशी समुदायमा पनि परिवर्तन निरन्तर रुपमा भइरहेको छ ।

### ४.५.५ राजवंशी जातिको खानाको परिकार

गास, वास, कपास मानिसका आधारभूत आवश्यकता जसद्वारा नै मानिसको अस्तित्व रहेको हुन्छ । जंगली स्तर देखि वर्तमान समय सम्म मानिसको आधारभुत आवश्यकता मध्ये खाना पनि एक हो । राजवंशी समुदायमा आफ्नै खानपानको तरिका पाइन्छ । राजवंशी समुदायमा सामान्यतया दाल, भात, तरकारी खाएता पनि अन्य जातिमा भन्दा फरक पाइन्छ । यस समुदायमा प्रचलित खाना गाजी मुरी (चना मुरई) हो जुन राजवंशी समुदायको मुख्य खाना हो । यसरी यस समुदायका अन्य खानाका परिकारहरु निम्न छन्ः-

**सुकाती** : पाटाको साग सुकाई सोडा राखी पकाएको परिवार

**पेल्का** : लाफा साग, सजीना तथा सोडा राखी पकाएर बनाइन्छ ।

**खाडी** : पिडालु, कुविन्डो, वन्दा कोदी आदि मिलाएर बनाइन्छ ।

**फोद्गो** : चिउरा कुटेर सोडा तथा अन्य मरमसला हाली बनाइन्छ ।

**पन्या** : यो राजवंशी समुदायको प्रचलित खाना हो । यो २ प्रकारको हुन्छ ।

**क**) **वासिया पन्था-** बवेलुकाको भातमा पानी हाली राखेको भातलाई वासिया पन्था र

**ख**) **सजिया पन्था-** बिहानको खानामा पानी हाली वेलुका खाने भातलाई सजिया पन्था भनिन्छ ।

- गाजी मुरीः- चन र मुरइको परिकार
- सिदल सुकटाः- माछा सुकाएर बनाइन्छ ।
- दर्कचः- फर्सीको फूल, लैकाको पात र चामलको पिठा मिसाएर बनाइन्छ ।
- आलुभाजीः- आलुलाई मसिनो पारी काटी तेलमा भुटेर बनाइन्छ ।

- भक्का:- यो राजवंशी जातिको विशेष खाना हो जुन धानको पिठोलाई वाफमा पकाएर बनाइन्छ ।
- रसिया:- यो खाना विशेष गरेर मागे संक्रान्तिमा बनाउँदछन् जसमा चामल, दाल, मासु, रसिया दुधमा राखेर बनाइन्छ ।

यसरी राजवंशी जातिमा खानाका विविध परिकारहरु अन्य जातिका भन्दा फरक पाइन्छ ।

### ४.५.६ राजवंशी जातिका गरगहनाहरु:-

सौन्दर्यताको प्रतिको रुपमा रहेको गरगहनाको आफ्नै महत्व हुन्छ । गरगहना एक यस्तो चिज हो जसले शौन्दर्यतामा निखार ल्याउँछ । महिलाको श्रृङ्गारको प्रतिक मानिने गहना राजवंशी जातिमा पनि आफ्नै प्रकारको पाइन्छ । राजवंशी जातिका महिलाहरु विगत देखि वर्तमान समय विभिन्न प्रकारका गरगहनाहरु लगाउँदै आएका छन् । यस समुदायमा सुन भन्दा चाँदीको बढी प्रयोग हुन्छ । राजवंशी रातिमा रहेका प्रचलित गहनाहरु निम्न छन्:-

**टिकली :** दिउँसोमा

**फुली, नथ :** नाकमा

**टाकार हार :** चाँदीका १२० वटा पैसाले बनाएको मालालाई टाकार हार भनिन्छ, जुन राजवंशी महिलाले गलामा लगाउँदछन् ।

**तार, खसिया:** पाखुरामा लगाउँछन्, जुन १० तोला भन्दा बढी चाँदिको हुन्छ । माठ्ठा, चुरा, चुराती तार: हातमा लगाउँदछन् । वान्जो, खरुवा: खुट्टामा लगाउँछन् जुन ३० तोला चाँदीको हुन्छ ।

***नोट :*** *विगत वा केही समय अगाडिसम्म विवाहमा बेहुलीको तौल जति नै सुन तथा चाँदीको गरगहना लैजाने गर्दथे ।*

### ४.५.७ चाडपर्वहरु

प्रत्येक समाजमा सामाजिक सांस्कृतिक मान्यता अनुरुप मनाइने चाडपर्व महत्वपूर्ण भुमिका रहेको हुन्छ । समाज सामाजिक अन्तर सम्वन्धको जालो हो जसलाई निरन्तरता दिन

चाडपर्वले समाजमा व्यक्तिहरु विच एकता कायम गराउँछ । विभिन्न चाडपर्वको माध्यमवाट मानिसहरु एक आपसमा आफ्ना भावनाहरु आदान प्रदान तथा सामाजिक सम्बन्ध कायम गरी सामाजिक एकताका बनाउँदछ । सामानय रुपमा चाडपर्वलाई मनोरञ्जनात्मक रुपमा लिएता पनि यसले समाजमा अदृष्यरुपमा मानिस वीचना अन्तरसम्बन्ध कायम गराएको हुन्छ । राजवंशी समुदायमा चाडपर्वको आफ्नै महत्व छ जसले यस जातिको सांस्कृतिक पहिचान दिएको हुन्छ जुन निम्न बमोजिम छन्ः-

**शिरुवाः-** राजवंशी जातिमा नयाँ वर्षको शुरुवात सँगै चाडपर्वको शुरुवात हुन्छ । यो पर्व वैशाख १ देखि ३ गते सम्म मनाउँदछन् जुन निम्न छन्ः-

**पानी शिरुवाः** यो पर्व चैत्र महिनाको अन्तिम दिन तर नेपाली पात्रो अनुसार वैशाख १ गते नयाँ वर्षको शुभकामना दिनै पानी छेपेर खेल्दछन् । पुरानो वर्षका सबै दृश्यहरु पानीले पखाली नयाँवर्षको आगमन सँगै सुख शान्ति छाओस् आदि कामना गर्दै पानी शिरुवा मनाउँदछन् ।

**कादो शिरुवाः** यो पर्व वैशाख २ गते हिलो दलेर मनाउँछन् । राजवंशी परम्परा अनुसार शरिरमा हिलो ढल्दा छालाको रोग निर्मुल हुने कथन रहेको छ र यसै दिन बेलुकीपख महिलाहरुले घाटोसरी पर्व मनाउँछन् जहाँ महिलाले गाजी मुरी (चना मुरई), दही, खिर, केरा तथा अगरवती वाली माटोमा भगवानको नाममा परेर नुहाएपछि प्रसादको रुपमा खोलामा नै खान्छ र घरफर्कीएपछि यो पर्वको समाप्ति हुन्छ । यो पर्वमा घाटोसरीको
नाममा महिलाले गाउने गीतः-
*घाटोसरी घाटोसरी खालोना दालोगे वेरङ्ग नदीरो डुविये मरलोगे ..............*

**रंग शिरुवाः** नयाँवषको तेस्रो दिन आफन्तहरु वीचमा रंगलगाएर शुभकामना आदन प्रदान गरी मनाउँदछन् साथै यस दिन विशेषगरी ज्वाइ तथा आफन्तहरुलाई बोलाएर सत्कार गर्दछन् । यसैगरी यस पर्वमा आफ्ना कुल देवी देवताहरुको पुरा आराधना गर्दछन् । नयाँवर्ष शुरुवात सँगै मनाइने यि चार्ड नै राजवंशी जातिको ठूलो चार्ड हो ।

**असारी घसारीः-** यस पर्वमा राजवंशी जातिमा आफ्ना सम्पूर्ण देवी देवनाको पूजा गरी मनाउँछन् ।

**कृष्ण जन्म अष्ठामीः** राजवंशी समुदायका विभिन्न पर्वहरु मध्ये जन्म अष्ठमी पनि एक हो जुन भदौ महिनामा मनाउँदछन् । यस दिन केटाहरुले हिलोमा नरीवल लिई (दधिकादो) खेल खेल्छन् साथै रुखमा झुण्डाएर राखेको माटोको हण्डी फोरी रमाइलो गरी यो पर्व मनाउँदछन् ।

**दशैंः** दशैं हिन्दूहरुको महान चाड हो । यो समयमा प्रत्येक नेपालीको घरमा खुशीयाली छाएको पाइन्छ । राजवंशी जातिमा पनि दशैंको आफ्नै महत्व रहेको छ । दशैंको आठौं दिन दुर्गामाताको पूजा गर्दछन् र नवमीको दिन आगनको वीचमा हलो, कोदाली तथा सम्पूर्ण हतियारलाई जम्मा गरी खड्क पूजा गर्दछन् । साथै देवी देवतालाई सेतो तथा रातो माटोको टीका लगाई र त्यही टिका आफन्तहरुले लगाई शुभकामना दिँदै मिठा मिठा खानेकुरा खाएर मनाउँदछन् ।

**तिहारः** तिहार नेपालीहरुको दोस्रो ठूलो पर्व हो । राजवंशी समुदायमा यो पर्व धुमधाम सँग मनाउँदछन् । तिहारको पहिलो दिन काग पूजा, दोस्रो दिन, कुकर पूजा, तेस्रो दिन लक्ष्मी पूजा गर्दछन् । राजवंशी समुदायमा तेस्रो दिन वा लक्ष्मी पूजा महत्वपूर्ण दिन हो । यो दिन उनीहरु लक्ष्मीको पूजा गरी वेलुकीपख आफ्नो खेतमा गई ग्राम पूजा गर्दछन् जहाँ खेतमा मन्दिर बनाई कोला, चामल, खिर, पान, सुपाडी, मिडाइ, अण्डा चढाएर ग्राम देवताको पूजा गरेर आगो लिई खेतको परिक्रम गर्दछन् । वेलुकी पख सुन्ठीको पुल्ठा बनाएर आगोवाली हुक्का हुक्की छोरा सोरा भनेर मनाउँदछन् साथै यस दिन उनीहरु विशेष खानेकुरा खान्छन् । उनीहरु खेत परिक्रम गर्दा निम्न गीत गाउँछन्ः

*हाँसेर डिम्मा कचुर फुतीमा लखी हामार विती सोरा सोरा......*

*सवारे धान आउलु भाउल हामार धान लुलेर टाका सोरा होरा..........*

यसैगरी चौथो दिन गोवर्द्धन पूजा गर्दछन् । पाँचौ दिन भाइटिका लगाउँछन् । राजवंशीमा भाइटीका लगाउने चलन नभए तापनि वर्तमान समयमा यस जातिमा भाईटीका लगाउने प्रचलन पाइन्छ ।

**ठूलो एकादशीः-** यस पर्वमा राजवंशी समुदायका बुढापाका उपवास वसि वर्तबस्दछन् साथै यस पर्वमा आकाशे वक्ति वाल्ने प्रचलन छ ।

**जीतुवाः-** यो राजवंशीको छोरा विवाह पश्चात् गरीने महत्वपूर्ण पर्व हो । यस पर्वमा एक दिनभरी भोकै बसेर वुलुका सजम (अलिनो खानु) गरिन्छ । त्यसको भोलीपल्ट दिनभरी उपवास बसेर बेलुका वर्तमा वस्दछन् र आफ्नो इच्छा बमोजिम वासको डालीमा केराको काइयो, फलफुल तथा फुलपाती राखी दियो वाली आँगनमा सानो पोखरी खनी पानी हालेर एउटा माग्री माछा छाडिन्छ र वर्तालु त्यही छेउमा वसी रातभरी माछाले जति पल्ट पानीबाट टाउको निकाल्छ त्यती नै पटको सिन्दुरको टिका लगाउँछन् र विहान प्रसादको रुपमा चामल २ केरा खान्छन् । यसलाई नै जीतुवा पर्व भनिन्छ ।

**माघे संक्रान्तिः-** मागे संक्रान्ति राजवंशी समुदायको विभिन्न चाड मध्ये एक हचो । यस दिन बिहानै खोलामा गई नुहाएर खिचडी, मासु तथा अन्य खाने कुरा खाएर मनाउँछन् र भोलिपल्ट रसिया खाने चलन छ ।

**फगुवाः-** यो राजवंशी जातिको महत्वपूर्ण पर्व हो । यस पर्वमा आफन्तहरु विचमा रंग, अविर लगाएर मनोरञ्जन गरी मनाउँदछन् । चैत्र महिनामा जय जगन्नाथको पूजा गर्दछन् । जसमा सबै गाउँका बच्चाहरुले चामल मागि बेचेर पर्शाद सबैले मिलेर खाई मनाउँछन् ।

**हावापानीः-** यस जिल्लामा उष्ण मनसुनी हावापानी पाइन्छ । गृष्मकालमा यहाँको तापक्रम ३२° देखि ३५° सेन्टिग्रेडसम्म पुग्दछ भने शीतकालमा १५° देखि १०° सेन्टिग्रेड सम्म ओर्लिन्छ । कुनै वर्ष अधिकतम तापक्रम ४०° सेन्टिग्रेड सम्म पुगेको र न्यूनतम तापक्रम ८° सेन्टिग्रेड सम्म झरेको पाइन्छ । वर्षा ऋतुमा हिन्दामा हासागरको बंगालको खाडीबाट आउने मनसुली हावाबाट यहाँ २७१.७५ कि.मी. सम्म वर्षा हुने गरेको पाइन्छ । यहाँको हावापानी

ज्यादै उष्ण शुक्ष्क हुने हुँदा स्वास्थ्यका लागि उपयोगी नभए पनि कृषिका लागि उपयोगि मानिन्छ ।

### ४.५.८ भाषा

पूर्वी नेपालको झापा जिल्लामा आदिवासीको रुपमा चिनिने राजवंशी समुदायमा आफ्नै राजवंशी भाषा मातृभाषाको रुपमा बोल्दछन् । द्रविड भाषा परिवार अन्तर्गत पर्ने राजवंशी समुदायमा एक आपसमा कुराकानी गर्दा आफ्नै भाषा प्रयोग गर्दछन् । उनीहरुले कसैलाई सम्बोधन गर्दा आफ्नो भाषाको प्रयोग गर्दछन् । जस्तैः आफूभन्दा ठूलोलाई सम्मान गर्दा 'तमा' (तपाई/हजुर) सानालाई तुही (त/तिमी), तोर (तेरी) इत्यादि । यसै गरी राजवंशी भाषाका केही शब्दहरुः-

| | | |
|---|---|---|
| आई | - | आमा |
| वा | - | वुवा |
| दादा | - | दाजु |
| नन्दन | - | नन्द |
| भाउमी | - | भाउजु |
| वनु | - | भिनाजु |
| ससुर | - | ससुरा |
| सप्स्री | - | सासु |
| दादा | - | वुवा तिरको हजुरवुवा |
| दादी | - | वुवा तिरको हजुरआमा |
| नाना/नानी | - | आमा तिरको हजुर वा हजुर आमा |
| मामी | - | माइु आदि । |

यसरी राजवंशी समुदायको आफ्नै मातृभाषा भए तापनि समयको परिवर्तन सँगै वर्तमान समयमा नेपाली, हिन्दी वंगाली तथा अंग्रेजी भाषाको पनि प्रयोग गर्दछन् ।

### ४.५.९ धर्म

नेपाल एक धर्मनिरपेक्ष राष्ट्र भए तापनि विगत देखि वर्तमान समय सम्म हिन्दू धर्मको बाहुल्यता रहेको छ । नेपालमा ८०% मानिसहरु हिन्दू धर्ममान्दछन् । यसै गरी अध्ययन क्षेत्रमा पनि बौद्ध, किराँत, मुस्लीम, क्रिष्चियन, जैन भए तापनि हिन्दू धर्मको प्रमुख रहेको छ ।

**तालिका - १ : राजगढ गा.वि.स. को धार्मिक स्थिति**

| वस्तीको नाम | हिन्दू | बौद्ध | किरात | मुस्लीम | क्रिष्चियन | जैन | अन्य |
|---|---|---|---|---|---|---|---|
| राजगढ-१ | ३७८ | १६ | २७ | २ | ३ | ० | ० |
| राजगढ-२ | २३४ | ० | १० | ६६ | ० | ० | ० |
| राजगढ-३ | ३०४ | २२ | ३ | ३८ | ४ | ० | ० |
| राजगढ-४ | ३२१ | ८ | १३ | ८३ | ० | ० | ० |
| राजगढ-५ | ३२७ | ८ | २ | २ | ० | ० | ० |
| राजगढ-६ | ५९२ | २३ | २५ | ५ | ४ | ० | ० |
| राजगढ-७ | ११० | ० | ० | ४ | ० | ० | ० |
| राजगढ-८ | ३८२ | १ | १ | ५३ | ० | ० | ० |
| राजगढ-९ | ५५ | ११ | २१ | ० | १ | ० | ० |
| **जम्मा** | **२७०३** | **८९** | **९१** | **२५३** | **१२** | **०** | **०** |

*स्रोत: कार्यक्षेत्र अध्ययन २०६५*

प्रस्तुत तालिकाले के देखाउँछ भने अध्ययन क्षेत्रमा हिन्दू धर्मको प्रभाव देखिन्छ । जहाँ हिन्दू धर्मावलम्बी २७०३, बौद्ध धर्मालम्बी ८९, किरात धर्मालम्बी ६२, किरात धर्मालम्बी २५३, क्रिष्चीयन धर्मालम्बी १२, जैन धर्मालम्बी ० र अन्य धर्मालम्बी ० रहेका छन् । यसैगरी अध्ययन क्षेत्र वडा-२ मा हिन्दू २३४, बौद्ध ०, किरात १०, मुस्लीम ६६, क्रिष्चियन ०, जैन ० र अनय धर्म मान्ने ० रहेका छन् । यसरी प्रस्तुत तालिकाको विश्लेषणको आधारमा अध्ययन क्षेत्रमा हिन्दू धर्मको बाहुल्यता देखिन्छ ।

### ४.५.१० देवी देवता

सामान्यतया प्राचीन समय देखि वर्तमान समयसम्म विभिन्न देवी देवताहरुलाई शक्ति रुपमा पूजा गर्ने प्रचलन रहेको छ । ब्रम्हा सृष्टिकर्ता, विष्णु पालनकर्ता र शिवलाई संहारकर्ताको रुपमा चिनिन्छ । यसरी अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायमा पनि आफ्नो धर्म र संस्कृति अनुसार विभिन्न देवि देवताहरुको पूजा गर्दछन् । राजवंशी समुदायमा प्रत्येक परिवारले घर नजिकै साना मन्दिर जस्ता घर बनाएर विभिन्न देवी देवताहरुको पूजा गर्दछन् । यस समुदायमा विशेष गरी काली, भगवती (दुर्गा), हनुमान, ग्राम (भूमि देवता), लक्ष्मी, गणेश, शिव, ठाकुर (गुरु) को पूजा गर्दछन् ।

### ४.५.११ स्वास्थ्य सेवाः

यस अध्ययन क्षेत्रमा मानिसहरुको प्राथमिक तथा सामान्य रोगको उपचारको लागि सरकारी स्वास्थ्य चौकी रहेको छ साथै स्वास्थ्य सम्बन्धी तालिम प्राप्त दक्ष व्यक्तिहरुद्वारा खोलिएका क्लिनिक पनि छन् जसबाट स्थानीय वासिले स्वास्थ्य उपचार पाउँदछन् ।

### ४.५.१२ पीउने पानीः

राजगढ गा.वि.स. एक ग्रामीण क्षेत्र हो जहाँ सरकार तथा कुनैपनि संस्थाबाट योजनावद्ध रुपमा पानीको व्यवस्था गरिएको छैन । अध्ययन क्षेत्र एक तराई भु-भाग भएकोले पिउने पानीको कुनै समस्या छैन । यस क्षेत्रमा स्थानीय निकाय, विदेशी सहयोग तथा निजी रुपमा निर्माण गरिएका टुवेल तथा इनारबाट सानीको प्रयोग गर्दछन् साथै अध्ययन क्षेत्र कृषिमा आधारित भएकोले सिंचाइको लागि पनि यही पानीको प्रयोग गर्दछन् ।

### ४.५.१३ सञ्चारः

भागुडुब्बा एक ग्रामीण क्षेत्र भए तापनि यहाँ निजि तथा सरकार संस्थानद्वारा संचालित प्रिपेड मोवाइल, स्वाइस तथा सिडी एम ए फोन सञ्चालित छन् ।

### ४.५.१४ पेशाः

नेपाल एक कृषिप्रधान देश हो यहाँका ९०% मानिस कृषिमा आधारित छन् । यसरी अध्ययन क्षेत्र कृषिमा आधारित छन् । यसरी अध्ययन क्षेत्र कृषिमा आधारित भएकोले यहाँका मानिसको मुख्य पेशा कृषि हो । मुख्य रुपमा धान मकै, गहुँ, सनपाट उ्तपादन हुने यस क्षेत्रमा व्यापारिक प्रयोजनको लागि प्रतिपर्धात्मक रुपमा उत्पादन गर्दछन् । कृषिमा आधारित भएकाले अर्थतन्त्रको मुल स्रोत पनि कृषि नै हो ।

**तालिका- २ : छनौट गरिएका उत्तरदाताको पेशागत स्थितिः**

| पेशा | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | २० | ५० |
| व्यापार | ८ | २० |
| शिक्षण | ४ | १० |
| सिलाई बुनाई | ४ | १० |
| मजदुरी | ४ | १० |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः कार्यक्षेत्र अध्ययन २०६५*

झापा जिल्लाको राजवंशी समुदायको लैङ्गिक निर्माण सम्बन्धि गरिएको अध्ययन अनुसार तालिका नं. २ को आधारमा सर्वेक्षणक्षण गरिएको जम्मा परिवार मध्ये २५% उत्तरदाता कृषि पेशामा आवद्ध छन् । यसैगरी २०%, व्यापार, १०% शिक्षण, १०% सिलाईबुनाई र १०% मजदुरी पेशा गर्दछन् ।

### ४.५.१६ माटोः

भागुडुब्बा एक तराई समतल भु-भाग भएकोले यहाँको माटो उर्वरा प्रकृतिको छ । सामान्य रुपमा माटोलाई भिट्टा, वारी, खेती र चरण भूमिमा वर्गिकरण गरिएको छ ।

## ४.६ सामाजिक अवस्थाः

### ४.६.१ समुदायको संरचनाः

विभिन्न जात जातिहरुको साझा बसोवास स्थल रहेको यस अध्ययन क्षेत्रमा राजवंशी यहाँका आदिवासी हुन भएतापनि यस क्षेत्रमा अन्य विभिन्न जात जातिहरु पनि बसोवास गर्दछन् । २८० घरधुरी रहेको यस अध्ययन क्षेत्रमा ब्राह्मण घरपरिवार ५, क्षेत्री २६ घर परिवार राजवंशी ८० घरपरिवार, सतार ४० घरपरिवार, मुसलमान २६ घरपरिवार, यादव १२ घरपरिवार र शाह १ घरपरिवार रहेका छन् ।

### ४.६.२ घरको संरचनाः

राजवंशी समुदायमा घरको निर्माण गर्दा परम्परागत नियम अनुरुप बनाउँदछन् । यस समुदायमा साझा बसोवास रहेको हुन्छ जहाँ कुनै एउटा धनि व्यक्तिको जमिनमा ३०।४० वटा परिवार एकै ठाउँमा घरबनाएर बस्दछन् । यस समुदायमा घरको संरचना अन्य जात जातिको भन्दा फरक हुन्छ । राजवंशी समुदायमा चारै दिशामा घर बनाउँदछन् जहाँ एक परिवारको कम्तीमा चारवटा घर रहेको पाइन्छ । उनीहरुको खाना बनाउने, सुत्ने, गाइवस्तु पाल्ने र पाउनाको लागि छुट्टै घर हुन्छ । मुख्य घरमा एउटा बैठक कोठा र बाँकी सुत्नको लागि प्रयोग गर्दछन् । यसैगरी पाहुना तथा नयाँ व्यक्तिको लागि अलग घरको व्यवस्था हुन्छ । घरमा आएको पाहुना कस्तो नाता पर्ने र बाहिरबाट आएको व्यक्ति एकै पटक घरभित्र नजाओस् भनेर मूल घरको वाहिरपट्टि छुट्टै पाहुना घरको व्यवस्था हुन्छ । यसै गरी राजवंशीहरु कृषिमा आधारित भएकाले धान राख्नको लागि धनि व्यक्तिहरुले छुट्टै घर बनाउँदछन् भने गरिबले माटोले बनाएको कढी (भकारी) को प्रयोग गर्दछन् । यसै गरी खाना बनाउनको लागि आफैले बनाएको माटोको चुलो प्रयोग गर्दछन् जसमा दाउरा तथा भुस बालेर खाना बनाउँछन् ।

राजवंशी समुदायमा घरका प्रकृतिहरु परम्परागत शैलीका पाइन्छन् । घरको निर्माण एक तल्ला दुई तल्ला दुवै गर्दछन् । यस समुदायमा पहिलो तल्ला माटोले पुरी अग्लो बनाएको हुन्छ र दोस्रो तल्लामा काठको प्रयोग र छाना टिनको हुन्छ । मुख्य घर बाहेक अन्य घरहरु एक तल्ला हुन्छन् जसमा माटो भरेर अग्लो पारी वरिपरी खर, सुन्टी, वासको भाटाले बुनेको टाटीमा सेतो माटोको लेपन लगाउँदछन् । राजवंशी समुदायमा घरको

सजावट विभिन्न माटोले कुटेका चित्र, हातले बनाएका सामाग्री तथा विभिन्न रंगको प्रयोग गरी गर्दछन् ।

### ४.६.३ जनसांख्यिकीय विशेषता

### ४.६.३.१ जातीय संरचना

विभिन्न जातीय समुदायको साझा बसोवास स्थल रहेको यस अध्ययन क्षेत्रको जातीय संरचना निम्न रहेको छ:

**तालिका- ३ : अध्ययन क्षेत्रको जातीय संरचना**

| जातीय समूह | जम्मा घरधुरी | महिला | | पुरुष | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| राजवंशी | ८५ | २३० | ३१.२० | २५० | ३२.५५ |
| क्षेत्री | ३९ | ८५ | ११.५३ | ९७ | १२.५० |
| ब्राह्मण | ५ | १३ | १.७६ | १२ | १.५६ |
| सतार | ४० | १३५ | १८.३१ | १४५ | १८.८८ |
| मुसलमान | ३८ | १३८ | १८.७२ | १४२ | १८.४८ |
| यादव | १० | ३० | ४.०७ | ३० | ३.९० |
| शाह | १ | ३ | ०.४० | ३ | ०.३९ |
| गिरी | १२ | २६ | ३.५२ | २४ | ३.१२ |
| माझी | ३० | ७७ | १०.४४ | ६५ | ८.४६ |
| **जम्मा** | **२५०** | **७३७** | **१००** | **७६८** | **१००** |

***स्रोत: कार्यक्षेत्र अध्ययन २०६५ ।***

तालिकाको आधारमा अध्ययन क्षेत्रमा विभिन्न जातीय समुदायको बसोवास भएतापनि राजवंशी यहाँका आदिवासि हुन् । विगत देखि बसोवास गरिआएका राजवंशी जाति जम्मा जनसंख्याको ३१.८९% (२३० महिला र २५० पुरुष), १२.९% क्षेत्री (महिला ८५ र पुरुष ९७), ब्राह्मण १.६६% (महिला १३ र पुरुष १२), सतार १८.६०% (महिला १३५ र पुरुष १४५), मुसलमान १८.६०% (१३८ महिला र १४२ पुरुष), यादव ३.९८% (महिला ३० र पुरुष ३०), शाह ०.३९% (महिला ३ र पुरुष ३), गिरी ३.३२% (महिला २६ र पुरुष २४), माझी ९.४३%

(महिला ७ र पुरुष ६५) रहेको छन् । यसरी समग्ररुपमा हेर्दा अन्य समुदायको भन्दा राजवंशीको बाहुल्यता रहेको पाइन्छ ।

**जनसंख्या**

झापा जिल्ला विकास समितिबाट गरिएको वर्गिकरण अनुसार आर्थिक सामाजिक क्षेत्रबाट "ग" वर्गमा पर्ने राजगढ गा.वि.स. लाई नौ वटा वार्डमा विभाजन गरिएको छ । विभिन्न जात-जाति समुदाय तथा वर्गको साझा बसोवास रहेको यस गा.वि.स. वार्षिक १.४३% वृद्धिदरले १५७०६ जनसंख्या छ ।

**तालिका- ४ : राजगढ गा.वि.स. को वडागत जनसंख्याको स्थिति**

| नाम | घरधुरी (परिवार संख्या) | जनसंख्या | | | औषत परिवार संख्या |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| राजगढ-१ | ४१६ | १०१३ | ११०३ | २११६ | ५.०९ |
| राजगढ-२ | २५० | ७३७ | ७६८ | १५०५ | ४.४० |
| राजगढ-३ | ३७४ | ९६८ | ८०७ | १७७५ | ४.७५ |
| राजगढ-४ | ४२५ | १०६४ | ११३७ | २२०१ | ५.८१ |
| राजगढ-५ | ३३९ | ७१६ | ७१० | १४२६ | ४.२१ |
| राजगढ-६ | ६४९ | १७४६ | १६८६ | ३४३२ | ५.२९ |
| राजगढ-७ | ११४ | २९८ | २९४ | ५९२ | ५.१९ |
| राजगढ-८ | ४३७ | ११०० | १०७१ | २१७१ | ४.९७ |
| राजगढ-९ | ८८ | २४१ | २४७ | ४८८ | ५.५५ |
| **जम्मा** | **१२९२** | **७८८३** | **७८२३** | **१५०७६** | **४.९१** |

**स्रोतः गा.वि.स., २०६५**

तालिका नं. ४ को अनुसार राजगढ गा.वि.स. मा १५०७६ जनसंख्या भए तापनि अनुसन्धानको लागि वार्ड नं. २ भागुडुब्बालाई अध्ययन क्षेत्र छनौट गरिएको थियो । कुल ६०००००० वर्ग मिटर वा ६००.०० हेक्टर क्षेत्रफल ओगटेको यस अध्ययन क्षेत्रमा १५०५ जनसंख्या रहेको छ ।

**तालिका- ५ : राजगढ गा.वि.स. को वडागत लैङ्गिक तथा जनसंख्या अनुपात**

| वडा नं. | लैङ्गिक अनुपात | वडागत जनसंख्या अनुपात |
|---|---|---|
| राजगढ-१ | १०८.८८ | १३.४७ |
| राजगढ-२ | १०४.२१ | ९.५८ |
| राजगढ-३ | ८३.३७ | ११.३० |
| राजगढ-४ | १०६.८६ | १४.०१ |
| राजगढ-५ | ९९.१६ | ९.०८ |
| राजगढ-६ | ९६.५६ | २१.८५ |
| राजगढ-७ | ९८.६६ | ३.७७ |
| राजगढ-८ | ९७.३६ | १३.८२ |
| राजगढ-९ | १०२.४९ | ३.११ |
| **जम्मा** | **८९७.५६** | **१००.००** |

**स्रोतः गा.वि.स २०६५**

### ४.६.३.२ पारिवारिक संरचना

राजवंशी समुदायमा एकात्मक तथा संयुक्त दुवै प्रकारको परिवार पाइन्छ। सामानय तथा घरको मुख्य मान्छेको मृत्यु पश्चात् एकात्मक परिवारको निर्माण हुन्छ । राजवंशी समुदायमा छोरा छोरीको विवाह नभएसम्म सम्पूर्ण परिवार एकै ठाउँमा संयुक्त रुपमा बसोवास गर्छन् । कृषिमा आधारित भएकाले यस समुदायमा आर्थिक सहयोगको लागि एकै ठाउँमा बस्दछन् । तर वर्तमान समयमा एकात्मक परिवारको वृद्धि भएको पाइन्छ । परिवारमा जेठो छोराको विवाह पश्चात् छुटै वा प्रक्रिया रहेको पाइन्छ । राजवंशी समुदायमा एकात्मक र संयुक्त परिवारको तुलनात्मक अध्ययनको आधारमा संयुक्त परिवारको आर्थिक, सामाजिक र अन्य कारणले बढी महत्व पाइन्छ ।

राजवंशी समुदाय पुरुषप्रधान समाज हो । समाजमा सम्पूर्ण अधिकार माथि पुरुषको स्वामित्व हुन्छ । साथै परिवारमा वुवाको मृत्युपछि अधिकार छोरामा रुपान्तरण हुन्छ । परिवारको सम्पूर्ण पैत्रिक सम्पत्ति माथि छोराको अधिकार हुन्छ । राजवंशी समुदायमा महिलाको महत्वपूर्ण भूमिका भएतापनि समाजमा उनीहरुको दोस्रो स्थान हुन्छ । महिलाहरु बढी समय घरायसी काममा विलाउँछन् । यस समुदायमा पुरुष प्रधान समाज भएतापनि छोरा र छोरीको सामाजिकिकरण समान रुपमा गर्दछन् ।

**तालिका- ६ : परिवारको संरचना**

| **सि.नं.** | **पारिवारिक संरचना** | **जम्मा घरधुरी** | **प्रतिशत** |
|---|---|---|---|
| १. | एकात्मक परिवार | ५० | ६२.५० |
| २. | संयुक्त परिवार | ३० | ३७.५० |
| ३. | वृहत परिवार | - | - |
| | **जम्मा** | **८०** | **१००.००** |

***स्रोतः कार्यक्षेत्र अध्ययन २०६५ ।***

माथि तालिकाको आधारमा ७२.५०% घरधुरी एकात्मक परिवार र ३७.५०% घरधुरी संयुक्त परिवार रहेका छन् । अनुसन्धान क्षेत्रमा वृहत् परिवार छैन । यो तालिकाले के देखाउँछ भने राजवंशी समुदायमा संयुक्त र वृहत् परिवार भन्दा एकात्म परिवारमा वस्न रुचाउँछन् ।

**तालिका- ७ : छनौट गरिएका उत्तरदाताका परिवारको आकार**

| **परिवार सदस्य** | **परिवारको संख्या** | **प्रतिशत** |
|---|---|---|
| १-५ | १४ | ३५ |
| ६-१० | २० | ५० |
| ११-१५ | ६ | १५ |
| **जम्मा** | **४०** | **१००** |

***स्रोतः कार्यक्षेत्र अध्ययन २०६५***

तालिकाको आधारमा राजवंशी समुदायका परिवारमा ६-१० जना सदस्य भएको परिवार बढी पाइन्छ भने ११-१५ जना सदस्य भएको परिवार कमै हुन्छन् ।

४.६.३.३ **शैक्षिक स्थितिः** अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायको शैक्षिक स्थिति निम्न छ-

**तालिका-८ : राजवंशी समुदायको शैक्षिक स्थिति**

| शिक्षा | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| पढ्न लेख्न नजान्ने | १०० | ४३.४७ | ५४ | २१.६० | १५४ | ३२.०८ |
| सामान्य लेखपढ गर्न जान्ने | ३० | १३.०४ | ४० | १६ | ७० | १४.५८ |
| प्राथमिक तह | ३० | १३.०४ | ६० | २४ | ३० | १८.७५ |
| नि.मा.वि. तह | २० | ८.६९ | ३५ | १४ | ५५ | ११.४५ |
| मा.वि. तह | २५ | १०.८६ | ३० | १२ | ५५ | ११.४५ |
| आइ.ए. | १५ | ६.५२ | २५ | १० | ४० | ८.३३ |
| बि.ए. वा सोभन्दा माथि | १० | ४.३४ | ७ | २०.४ | १६ | ३.३३ |
| **जम्मा** | **२३०** | **१००** | **२५०** | | **४८०** | **१००** |

***स्रोतः कार्यक्षेत्र अध्ययन, २०६५***

यसरी तालिकाको अनुसार राजवंशी पुरुषको तुलनामा महिला कम शिक्षित छन् साथै प्रत्येक शैक्षिक स्तरमा महिला कम शिक्षित छन् ।

४.६.३.४ **आर्थिक स्थिति**

अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदाय कृषिमा आधारित भएकोले यहाँको अर्थतन्त्रको मुख्य स्रोत कृषि नै हो र कृषिबाट उत्पादित वस्तुहरुको आधारमा नै यहाँको समाज सञ्चालन भएको पाइन्छ । यस अध्ययन क्षेत्रमा रहेका मानिसहरुको आर्थिक स्थिति निम्न रहेको छः-

### तालिका- ९ : उत्तरदाताको आर्थिक स्थिति

| सि.नं. | तह | परिवार | | जम्मा |
|---|---|---|---|---|
| | | संख्या | % | |
| १. | धनी | १० | २५ | १० |
| २. | मध्यम | १३ | ३२.५ | १३ |
| ३. | गरीब | ११ | २७.५ | ११ |
| ४. | अति गरिब | ६ | १५ | ६ |

***स्रोतः कार्यक्षेत्र अध्ययन २०६५***

तालिका नं. ९ को आधारमा यस राजवंशी समुदायमा रहेका जम्मा परिवार मध्ये अध्ययनका लागि छनौट गरिएका ४० परिवारमा २५% परिवार धनि, यसैगरी यस क्षेत्रमा ३२.५% परिवार मध्यम, २७.५% परिवार गरिब र १५% परिवार अति गरिब रहेका छन् ।

### ४.६.३.५ राजनैतिक स्थितिः

वर्तमान समयमा राजनीति जीवनको एउटा अभिन्न अंग भएको छ । प्रत्येक समुदायका मानिसहरु कुनै न कुनै राजनैतिक पार्टीमा आवद्ध रहेका छन् । यसैगरी राजवंशी समुदायमा पनि राजनैतिक सचेतना रहेका छ जहाँ स्थानीय निर्वाचनमा अध्ययन तथा अन्य पदमा राजवंशी उम्मेदवार विजयी भएका छन् । यस क्षेत्रमा कुनै एउटा पार्टीको मात्र प्रभुत्व रहेको छैन ।

**तालिका- १०: अध्ययन क्षेत्रको राजनीतिक स्थिति**

| सि.नं. | पार्टीको नाम | प्रतिशत |
|---|---|---|
| १. | नेपाली कांग्रेस | ४० |
| २. | ने.क.पा. एमाले | ३० |
| ३. | ने.क.पा. माओवादी | १८ |
| ४. | फोरम | ८ |
| ५. | रा.प्र.पा. | ४ |
| ६. | तमलोपा | २ |
| ७. | सद्भावना | ८ |
| | **जम्मा** | **१००** |

***स्रोत: कार्यक्षेत्र अध्ययन २०६५***

तालिकाको आधारमा अध्ययन क्षेत्रमा कांग्रेस ४०%, नेकपा एमाले २०%, नेकपा माओवादी १८%, फोरम १८%, रा.प्र.पा. ४%, तपलोपा २%, सद्भावना ८% रहेको छ ।

## अध्याय ५

# राजवंशी समुदायमा लैङ्गिक संरचनाको निर्माण र महिलाको भूमिका

लैङ्गिकता सामाजिक सांस्कृतिक रुपमा पुरुष र महिला विचको भिन्नता हो । भाषा, धर्म, शिक्षा, नातेदारी बीच कसले कस्तो खालको भूमिका खेल्नुपर्छ भन्ने कुरामा सामाजिक वा सांस्कृतिक रुपमा कुनै पनि महिला र पुरुष आफ्नै वाल्यकाल देखि नै सामाजिकरण हुँदै आएका हुन्छन् (हेस) । लैङ्गिक भाषा, धर्म र प्रविधि जस्तै मानिसको आविष्कार हो र तिनीहरु जस्तै यसले मानिसको सामाजिक जीवनलाई क्रमवद्ध सांस्कृतिक तरिका भित्र व्यवस्थित गर्दछ । (जुडिथ लोवर, १९९५) । लैङ्गिक सांस्कृतिक रुपमा निर्माण भई सामाजिक रुपमा फैलने गर्दछ । लैङ्गिक भूमिकाहरु जैविक रुपमा नभएर फैलने गर्दछ । लैङ्गिक भूमिकाहरु जैविक रुपमा नभएर सांस्कृतिक रुपमा निर्माण हुन्छन् । लैङ्गिकताको निर्माण प्रस्तुती, हुर्काइ, सम्बोधन, फरक क्रियाकलापद्वारा हुन्छ (एन. ओकली, १९९५) ।

### ५.१ राजवंशी समुदायमा लैङ्गिक संरचनाको निर्माणः

यो अध्ययन क्षेत्र एक ग्रामीण क्षेत्र भएकाले यस राजवंशी समुदायमा आफ्नै सामाजिक तथा सांस्कृतिक मुल्य, मान्यता परम्परागत संस्कार अनुसार समाजको सञ्चालन भएको छ । यस राजवंशी समुदायमा गरिएको अध्ययनको विश्लेषणको आधारमा लैङ्गिक निर्माण विभिन्न पक्षहरु जस्तै सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक तथा धार्मिक आधारमा भएको पाइन्छ ।

लैङ्गिकता अन्तरसांस्कृतिक संरचना जुन समाज अनुसार फरक फरक रुपमा निर्माण भएको पाइन्छ । लैङ्गिकता सांस्कृतिक रुपमा निर्माण भएर समाजमा सामाजिक रुपमा फैलिन्छ । समाजमा भएका सामाजिक तथा सांस्कृतिक मुल्य, मान्यता, विश्वास, कला तथा परम्परागत निति नियम अनुसार समाजमा महिला पुरुषका कार्य विभाजन भएको पाइन्छ । समाजमा लैङ्गिक निर्माणको प्रक्रिया सामाजिकरणद्वारा शुरु हुन्छ । जहाँ नवजात शिशुलाई समाजमा भएका मुल्य, मान्यता अनुसार छोरा र छोरीलाई फरक खालको व्यवहारहरु सिकाइन्छ । समाजले छोरा छोरी विचमा फरक खालको आशा राखेको हुन्छ जहाँ छोरा अत्मनिर्भर बहादुर निडर, संघर्षशिल जस्ता गुण भएको र छोरी लजालु, आज्ञाकारी, दयालु तथा व्यवहारीक

हुनुपर्छ भन्ने मान्यता रहेको छ । परिवारमा छोरा छोरीको सामाजिकरण प्रक्रियामा पनि छोरालाई बन्दुक, लाठी, गाडी जस्ता खेलउना दिइन्छ भने छोरीलाई गुडिया, टिका जस्ता सामाग्री खेलौनाको रुपमा दिइन्छ साथै परिवार छोरा छोरीलाई सम्बोधन पनि फरक तरीकाले गरिन्छ । यस बाहेक परिवारमा छोराले बाबुको व्यवहार र छोरीले आमाको व्यवहारको नक्कल गर्दछन् ।

लैङ्गिकता सामाजिक सांस्कृतिक तथा मनोवैज्ञानिक रुपमा निर्धारित महिला पुरुषको पद हो । यो सामाजिक संरचना हो जुन समाजमा सांस्कृतिक रुपमा निर्माण भएर सामाजिक रुपमा फैलिन्छ । यस अध्ययनको मुख्य विषय वस्तुको रुपमा रहेको राजवंशी समुदायमा लैङ्गिकताको निर्माणमा समाजमा विभिन्न तत्वहरु सामाजिक-सांस्कृतिक, धार्मिक मुल्य मान्यता तथा शिक्षाले प्रत्यक्ष रुपमा प्रभाव पारेको पाइन्छ र यसैको आधारमा समाजमा अधिकारहरु निर्धारण भएको पाइन्छ । यस राजवंशी समुदायमा लैङ्गिक सामाजिक रुपमा भएको पाइन्छ जहाँ समाजमा भएका सामाजिक मुल्य, मान्यता तथा विश्वासका आधारमा समाजमा महिला र पुरुषका भूमिकाहरु निर्धारण भएका छन् । परिवारमा महिलाहरु घरायसी कृयाकलाप खाना बनाउने, कृषिक्षेत्रमा काम गर्ने, घाँस काट्ने तथा पारिवारिक रेखदेखको काम गर्दछन्, भने पुरुष घरवाहिरका कामहरु व्यापार व्यवसाय तथा सार्वजनिक क्षेत्रका कृयाकलापमा व्यस्त रहेका छन् (समूहकेन्द्रित छलफल, २०६५) ।

यसैगरी यस राजवंशी समुदायमा लैङ्गिकताको निर्माणमा समाजमा भएका विभिन्न सामाजिक संस्थाहरु जस्तैः शैक्षिक, आर्थिक, धार्मिक पक्षले प्रत्यक्ष रुपमा प्रभाव पारेको पाइन्छ जसलाई अध्ययन क्षेत्रमा अध्ययनको क्रममा प्राप्त तथ्यांकको आधारमा तल विश्लेषण गरिएको छ ।

## ५.२ राजवंशी समुदायको सामाजिक स्थिति र लैङ्गिकताः-

समाजमा भएका विभिन्न मुल्य, मान्यता तथा विश्वासले लैङ्गिक श्रृजना गर्दछन्, यी मुल्य मान्यता तथा विश्वासले सामाजिक संस्थाहरु जस्तै कार्यक्षेत्र, सञ्चार, शिक्षा, धर्मलाई निरन्तर रुपमा सहयोग दिन्छन् । लैङ्गिक भूमिका समाजमा भएका मुल्य, मान्यता, विश्वास तथा धर्ममा आधारित सामाजिकीकरणको परिणाम हो ।

राजवंशी समुदायको अध्ययनबाट प्राप्त तथ्यहरुका अनुसार यो पुरुषप्रधान समाज हो जहाँ पुरुष द्वारा नै सम्पूर्ण व्यवस्थाको सञ्चालन हुन्छ भने महिला समाजमा सहयोगि मात्र हुन्छन् । समाजमा महिलाहरु घरायसी काम खाना बनाउने, बच्चाको हेरचाह, घर परिवारको हेरचाह जस्ता कृयाकलाप गर्दछन् । समाजमा लैङ्गिक आधारमा भएको निर्धारित भूमिकाले गर्दा महिलाहरु घरायसी काममा मात्र सीमित भएका छन् । समाजमा छोराको तुलनामा छोरीलाई कम महत्व दिने र छोराले बाबुले गर्दै आएको कामको सिको गर्दछन् भने छोरीले घरमा आमाले गर्दै आएको काम गर्दछन् । यसैगरी राजवंशी समुदायका महिलाहरुको सार्वजनिक क्षेत्रमा गतिशिलता पनि कमै रहेको छ र परिवारमा महिलाहरु पूर्णरुपमा स्वतन्त्र छैनन् । परिवारमा छोरालाई हरेक क्षेत्रमा स्वतन्त्रता हुन्छ भने छोरीलाई हुँदैन । समाजमा भएका विभिन्न सभा, सम्मेलन, छलफल तथा अन्तरक्रिया जस्ता कार्यक्रममा महिला सहभागिता आंशिक रुपमा मात्र रहेको छ । यसरी राजवंशी समुदायको सामाजिक स्थिति हेर्दा पहिले देखि नै यस समुदायमा महिलाहरु घर भित्र नै सीमित रहेका छन् ।

समाजमा महिलाहरुमा जनचेतनाको कमिले तथा सामाजिक मुल्य मान्यताले गर्दा समाजमा महिला गतिशिलता खासै छैन । यसरी राजवंशी समुदायमा पुरुषको तुलनामा महिलाको स्थिति निम्न रहेको छ । समाजमा पुरुष सार्वजनिक क्षेत्रमा सहभागी हुन्छन् भने महिलाहरु घरायसी काममा नै सीमित रहेका छन् । तर विगतको तुलनामा वर्तमान समयमा महिला गतिशिलता बढेको छ र महिलाहरु पनि सार्वजनिक क्षेत्रमा सहभागी हुन थालेका छन् । यसै गरी समाजमा महिला सचेत भए मात्र समाज शिक्षित हुन्छ भने भावनाले गर्दा वर्तमान राजवंशी समाजमा महिला पुरुषमा तुलनात्मक रुपमा खासै भिन्नता पाईंदैन (समूहकेन्द्रित छलफल, २०६५) ।

यसरी राजवंशी समुदायमा महिलाहरु घरायसी काममा सीमित छन् भने पुरुषहरु सार्वजनिक क्षेत्रमा संलग्न छन् र समाजमा यिनै मान्यता अनुसार महिला तथा पुरुषका भूमिकाहरु निर्धारण भएका हुन्छन् ।

### ५.२.१ राजवंशी समुदायमा पारिवारिक कार्य विभाजनः

यस अध्ययन क्षेत्रमा प्राप्त जानकारी अनुसार राजवंशी समुदायमा पारिवारिक कार्य विभाजनको प्रकृति लैङ्गिक आधारमा विभाजन भएको छ । समाजमा महिलाहरु घरायसि कृयाकलाप जस्तै खाना बनाउने, घरको लिपपोत तथा सरसफाई गर्ने र परिवार तथा अतिथिको सत्कार जस्ता क्रियाकलाप गर्दछन् भने पुरुषहरु सार्वजनिक क्षेत्रमा सहभागी हुन्छन् । समाजमा महिलाहरु अनुत्पादक क्षैंत्रमा सहभागी छन् भने पुरुषहरु उत्पादक क्षेत्रमा सहभागी हुन्छन् । यसरी राजवंशी समुदायमा पारिवारिक कार्य विभाजनको प्रकृति असमान रहेको छ जहाँ पुरुषको तुलनामा महिलाको कार्य भार बढी रहेको छ । पारिवारिक कार्यमा महिलाहरु दैनिक ११-१२ घण्टा काम गर्दछन् भने पुरुषको यसमा कुनै सहभागिता हुँदैन । राजवंशी समुदायको पारिवारिक कार्य विभाजनको प्रकृति तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-११ : उत्तरदाताको पारिवारिक कार्य विभाजन**

| कामको प्रकृति | महिला | | पुरुष | | दुवै | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| खाना पकाउने | ३५ | ८७.५ | - | - | ५ | १२.५ | ४० | १०० |
| सरसफाई | २२ | ५५ | ८ | २० | १० | २५ | ४० | १०० |
| बच्चाको हेरचाह | २० | ५० | १० | २५ | १० | २५ | ४० | १०० |
| दाउरा संकलन | ३५ | ८७.५ | - | - | ५ | १२.५ | ४० | १०० |
| पारिवारिक कार्य व्यवस्थापन | ३० | ७५ | ५ | १२.५ | ५ | १२.५ | ४० | १०० |

***स्रोतः कार्यक्षेत्र अध्ययन २०६५***

प्रस्तुत तालिकाको विश्लेषणको आधारमा अध्ययन क्षेत्रमा रहेका जम्मा घरपरिवार मध्ये नमूना उत्तरदातामा ८७.५% महिला खाना बनाउने गर्दछन् भने पुरुषको सहभागिता ०%

रहेको छ र ५% महिला पुरुष दुवै मिली गर्दछन् । तालिकामा दिएको तथ्यांक अनुसार ५५% महिला, २०% पुरुष र २५% महिला पुरुष दुवै संलग्न छन् । यसैगरी परिवारमा दाउरा संकलनमा ८७.५% महिला सहभागिता र १२.५% महिला पुरुष दुवै मिली गर्दछन् जहाँ पुरुषको कुनै सहभागिता छैन । यसरी नै परिवारमा बच्चाको हेरचाहमा ५०% महिला, २५% पुरुष र २५% दुवै मिली गर्दछन् । पारिवारिक कार्यको व्यवस्थापनमा पनि महिला सहभागिता नै बढी देखिन्छ जहाँ ७५% महिला, १२.५% पुरुष र १२.५% महिला पुरुष दुवैको सहभागिता रहेको छ ।

यसरी माथि तालिकामा दिएको तथ्यांकको विश्लेषणको आधारमा अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायमा पारिवारिक र कार्यविभाजनको प्रकृति असमान छ जहाँ महिला सहभागिता घरायसी क्रियाकलाप खाना बनाउने, बच्चाको स्याहार सुसार जस्ता काममा मात्र सीमित छ भने पुरुष सहभागिता खासै छैन ।

### ५.२.२ परिवारको प्रकृतिः

यस अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायमा परिवारको प्रकृति मातृसत्तात्मक तथा पितृसक्तात्मक दुवै भए तापनि समग्र रुपमा पितृ सक्तात्मक परिवारको प्रकृति नै बढी रहेको छ । परिवारमा सम्पूर्ण कुराको सञ्चालन पुरुषको हातामा नै रहेको पाइन्छ ।

**तालिका- १२ : उत्तरदाताको परिवारको प्रकृतिः**

| सि.नं. | मातृसक्तात्मक | | पितृसक्तात्मक | | दुवै | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| १. | ५ | १२.५ | - | - | - | - | ५ | १२.५ |
| २. | - | - | २८ | ७० | - | - | २८ | ७० |
| ३. | - | - | - | - | ७ | १७.५ | ७ | १७.२ |

*स्रोतः कार्यक्षेत्र अध्ययन २०६५*

तालिकाको विश्लेषणको आधारमा मातृसक्तात्मक परिवार १२.५%, ७०% पितृसक्तात्मक र १७.५% दुवै मातृसक्तात्मक तथा पितृसक्तात्मक दुवै छन् । यसरी राजवंशी समुदायमा पुरुषकै प्रभुत्व रहेको छ जहाँ महिला पुरुषको सहयोगिको रुपमा मात्र सिमिति छन् ।

### ५.२.३ बाली उत्पादनमा लैङ्गिक सहभागिताः

नेपाल एक कृषिप्रधान देश हो । यहाँका ९०% मानिसहरु कृषिमा आधारित भएर जीवन गुजारा गर्दछन् । यस राजवंशी समुदायमा वाली उत्पादनमा महिला पुरुष दुवैको सहभागिता रहेको छ । अध्ययन क्षेत्रमा गरिएको अध्ययनको आधारमा यस समुदायमा महिलाहरु रोपाई गर्ने, गोडमेल गर्ने जस्ता कृयाकलपामा संलग्न रहेका छन् भने पुरुषहरु हलो जोत्न, खन्ने, विउ छर्ने, वाली झार्ने जस्ता काममा सहभागी हुन्छन् । यस राजवंशी समुदाय कृषिमा आधारित भएकोले वाली उत्पादनमा महिला पुरुष दुवैको भूमिका रहेको पाइन्छ ।

**तालिका- १३ : छनौट गरिएका परिवारमा वाली उत्पादनमा लैङ्गिक सहभागिता**

| कृयाकलाप | महिला | | पुरुष | | दुवै | | जम्मा परिवार |
|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | |
| विउ छनौट | ५ | १२.५ | ११ | २७.५ | २४ | ७० | ४० |
| काट्ने | ११ | २७.५ | ८ | २० | २१ | ५२.५ | ४० |
| रोपाई | ३० | ७५ | | | १० | २५ | ४० |
| गोडमेल | ६ | १५ | ६ | १५ | २८ | ७० | ४० |
| झार्ने | २ | ५ | ३० | ७५ | ८ | ३० | ४० |
| खन जोत गर्ने | - | - | ४० | १०० | - | - | ४० |
| सुकाउने | ३३ | ८२.५ | - | - | ७ | १७.५ | ४० |

*स्रोतः कार्यक्षेत्र अध्ययन २०६५*

माथि तालिकाले देखाए अनुसार ७०% नमूना परिवारमा विउ छनौट महिला पुरुषले गर्दछन् । पुरुषले २७.५% परिवारमा विउ छनौट गर्दछन् भने १२.५% परिवारमा महिलाले छनौट गर्दछन् । यसैगरी २७.५% परिवारमा काट्ने काम महिलाले गर्दछन् भने पुरुष १०% र

५२.५% महिला पुरुष दुवै मिली गर्दछन् । नमूना छनौट गरिएका १५% परिवारमा गोडमेलमा महिला सहभागी हुन्छन् भने १५% पुरुष पनि यस कार्यमा सहभागी हुन्छन् र ७०% परिवारमा महिला पुरुष दुवै मिली गर्दछन् ।

तालिका-४ का अनुसार ५% परिवारमा झार्ने काममा महिला सहभागी छन् । यसैगरी ७५% परिवारमा पुरुष र २०% परिवारमा महिला पुरुष दुवैले गर्दछन् । छनौट परिवार मध्ये ७५% परिवारमा रोपाई महिलाले गर्दछन् भने २५% परिवारमा महिला पुरुष दुवैले गर्दछन् । परिवारमा खनजोत गर्ने कार्यमा १००% नै पुरुषले गर्दछन् र सुकाउने काम ८२.५% महिलाले गर्दछन् भने ७% महिला पुरुष दुवै मिली गर्दछन् ।

### ५.२.४ बच्चाको पालनपोषणको जिम्मेवारीः

यस राजवंशी समुदायमा गरिएको अध्ययनको आधारमा परिवारमा बच्चाको पालनपोषणको जिम्मेवारी महिला पुरुष दुवैको भए तापनि परिवारमा पुरुषको तुलनामा महिलाको बढी भूमिका हुन्छ । परिवारमा बालकको जन्म पश्चात् खुवाउने पिवाउने, सरसफाई गर्ने काम महिलाले गर्दछन् । यसरी परिवारमा घरायसी कार्यमा नै महिलाको बढी समय खर्च हुने गर्दछ । यसरी हाम्रो समाजमा महिला तथा पुरुषका कार्यहरु सामाजिक तथा सांस्कृतिक रुपमा नै निर्धारित भएका हुन्छन् । जहाँ महिलाहरु घरायसी काममा सीमित हुन्छन् भने पुरुष सार्वजनिक क्षेत्रमा व्यस्त हुन्छन् । छनौट परिवारमा बच्चाको पालन पोषणको जिम्मेवारीमा लैङ्गिक सहभागिता निम्न रहेको छः

**तालिका- १४ : नमूना परिवारमा बच्चाको पालनपोषणको जिम्मेवारी**

| कृयाकलाप | महिला | | पुरुष | | दुवै | | जम्मा परिवार | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| खाना खुवाउने | ३५ | ८७.५ | - | - | ५ | १२.५ | ४० | १०० |
| बच्चाको हेरचाह | १० | २५ | १५ | १२.५ | २५ | ७२.५ | ४० | १०० |
| सरसफाई | ३० | ७५ | - | - | १० | २५ | ४० | १०० |
| शिक्षा | ५ | १२.५ | २५ | ६२.५ | १० | २५ | ४० | १०० |

***स्रोतः कार्यक्षेत्र अध्ययन २०६५***

तालिका नं. १४ को आधारमा छनौट गरिएका परिवारमध्ये ८७.५% परिवारमा बच्चालाई खाना खुवाउने काम महिलाले गर्दछन् भने १२.५% परिवारमा महिला तथा पुरुष दुवै मिली गर्दछन् । यसैगरी छनौट परिवार मध्ये बच्चाको हेरचाह २५% परिवारमा महिलाले गर्दछन् भने १२.५% परिवारमा पुरुषले र ७२.५% परिवारमा महिला पुरुष दुवै मिलि गर्दछन् । बच्चाको सरसफाइमा ७५% परिवारमा महिला एक्लैले गर्दछन् भने २५% परिवारमा महिला पुरुष दुवै मिली गर्दछन् । छनौट गरिएको परिवारमा बच्चाको शैक्षिक क्षेत्रमा महिलाको भन्दा पुरुषको बढी भूमिका रहेको छ जहाँ १२.५% परिवारमा बच्चालाई महिलाले शिक्षा दिन्छन् भने ६२.५% परिवारमा पुरुषले र २५% परिवारमा महिला पुरुष दुवैले दिन्छन् ।

यसरी तालिकाको विश्लेषणको आधारमा के निष्कर्ष निकाल्न सकिन्छ भने पारिवारिक कृयाकलापहरु बच्चाको हेरचाह सरसफाई जस्ता कामहरु महिलाले गर्दछन् तर यि कृयाकलापहरुमा पुरुषको कुनै भूमिका छैन । यसकारण हामी भन्न सक्छौं कि महिलाहरु पूर्ण रुपमा स्थानीय कृयाकलापमा सहभागी छन् ।

यसरी प्रस्तुत तालिकाको विश्लेषणका आधारमा राजवंशी समुदायमा सामाजिकरुपमा नै महिलाहरु घरायसी क्षेत्रमा सीमित भएकाले पारिवारिक क्रियाकलापहरु- परिवारको हेरचाह, सरसफाईजस्ता कामहरु महिलाले गर्दछन् तर यी क्रियाकलापमा पुरुषको कुनै भूमिका छैन । यसरी राजवंशी समुदायमा महिलाहरु पूर्णरुपमा घरायसी क्षेत्रमै सहभागी छन् ।

### ५.२.५ सरसफाई र घरको व्यवस्थापनमा लैङ्गिक सहभागिताः

समाजमा महिला तथा पुरुषका भूमिकाहरु सामाजिक तथा सांस्कृतिक रुपमा नै परिवारमा निर्धारित भएका हुन्छन् । जहाँ महिलाहरु घरायसी कामहरु खाना बनाउने, लिपपोत गर्ने तथा परिवारको हेरचाह जस्ता अनुत्पादक कृयाकलाप गर्दछन भने समाजमा पुरुष सार्वजनिक क्षेत्रमा सहभागी भएको हुन्छ । यसैगरी यस अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायमा पनि महिलाहरु घरायसी कृयाकलापमा नै आफ्नै ९०% समय खर्च गर्दछन् भने पुरुषहरु घरवाहिरका कृयाकलापमा संलग्न रहेका छन् । अध्ययन क्षेत्रमा अनुसन्धानका लागि

छनौट गरिएका परिवारमा सरसफाई र घरको व्यवस्थापन लैङ्गिक सहभागिता तल देखाइएको छः-

**तालिका- १५ : उत्तरदाताको सरसफाई र घरको व्यवस्थापनमा लैङ्गिक सहभागिता**

| कृयाकलापहरु | महिला | | पुरुष | | दुवै | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| लिपपोत तथा सरसफाई | ४० | १०० | - | - | - | - | ४० | १०० |
| खाना बनाउने | ३० | ७५ | - | - | १० | २५ | ४० | १०० |
| घरायसी सामग्रीको व्यवस्थापन | २० | ५० | ५ | १२.५ | १५ | ३७.५ | ४० | १०० |
| परिवारको सञ्चालन | १० | २५ | १४ | ३५ | १६ | ४० | ४० | १०० |

***स्रोतः कार्यक्षेत्र अध्ययन २०६५***

तालिका नं. १५ को विश्लेषणको आधारमा छनौट गरिएका उत्तरदातामा सम्पूर्ण उत्तरदाताहरु परिवारमा लिपपोत तथा सरसफाई आफै गर्दछन् जहाँ पुरुषको कुनै भूमिका रहेको छैन । यसै गरी छनौट गरिएका उत्तरदाता मध्ये ७५% महिलाहरु परिवारमा खाना बनाउने गर्छन् भने महिला पुरुष दुवै मिलि २५% परिवारमा खाना बनाउने गर्दछन् । यसैगरी दिएको तालिकाको आधारमा घरायसी सामानको व्यवस्थापनमा ५०% महिला संलग्न रहेका छन् भने १२.५% पुरुष र ३७.५% महिला पुरुष दुवै मिली गर्दछन् । यसैगरी उत्तरदातामध्ये परिवारको सञ्चालनमा १२.५% महिला, ५०% पुरुष र ३७.५% महिला पुरुष दुवै मिली सञ्चालन गर्दछन् । यसरी घरको व्यवस्थापनमा पनि महिला सहभागिता नै बढी रहेको पाइन्छ ।

यसरी प्रस्तुत तालिकको विश्लेषणका आधारमा राजवंशी समुदायमा सामाजिकरुपमा नै महिलाहरु घरायसी क्षेत्रमा सीमित भएकाले पारिवारिक क्रियाकलापहरु- बच्चाको हेरचाह, सरसफाईजस्ता कामहरु महिलाले गर्दछन् तर यी कार्यहरुमा पुरुषको कुनै भूमिका रहँदैन ।

### ५.२.६ घरायसी सामग्री उत्पादनमा लैङ्गिक सहभागिता

यस राजवंशी समुदायको अध्ययनको आधारमा प्राप्त तथ्यांक अनुसार यस समुदायमा उत्पादनका कृयाकलापमा महिला पुरुष दुवैको सहभागिता रहेको छ। । परिवारमा महिलाहरु चामल बनाउने, चिउरा, मुरइ भुट्ने, चट्टी बनाउने साग सब्जी उत्पादन गर्ने तथा अन्य सामाग्रीहरुको उत्पादन गर्दछन् भने पुरुष छोरी बनाउने तथा साग सब्जी उत्पादन गर्ने जस्ता काम गर्दछन् । यस समुदायमा घरायसी कृयाकलापमा पुरुषको तुलनामा महिला भूमिका बढी रहेको छ ।

**तालिकाः १६ : उत्तरदाताको घरायसी सामग्री उत्पादनमा लैङ्गिक सहभागिताः**

| कृयाकलापहरु | महिला | | पुरुष | | जम्मा परिवार | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| चामल बनाउने | ३० | ७५ | १० | २५ | ४० | १०० |
| चिउरा बनाउने | ४० | १०० | - | - | ४० | १०० |
| मुरई भुट्ने | ४० | १०० | - | - | ४० | १०० |
| चट्टी बुन्ने | ४० | १०० | - | - | ४० | १०० |
| डोरी बनाउने | - | - | ४० | १०० | ४० | १०० |
| साग सब्जी उत्पादन | २० | ५० | २० | ५० | ४० | १०० |

*स्रोतः कार्यक्षेत्र अध्ययन २०६५*

तालिका नं. १६ को विश्लेषणको आधारमा नमूना परिवार मध्ये ७०% महिला परिवारमा चामल बनाउँदछन् भने २५% पुरुष यो काम गर्दछन् । यसैगरी परिवारमा मुरई भुट्ने, चट्टी बुन्ने तथा चिउरा बनाउने सम्पूर्ण काम महिला एक्लैले गर्दछन् भने परिवारमा डोरी बनाउने काम भने पुरुष एक्लैले गर्दछन् । तर परिवारमा साग-सब्जीको उत्पादन महिला पुरुष दुवै मिली गर्दछन् । यसरी तालिकाको विश्लेषणको आधारमा हेर्दा महिलाहरु पुरुषको तुलनामा घरायसी काममा बढी व्यस्त हुन्छन् ।

### ५.२.७ आर्थिक क्षेत्रमा महिला पुरुषको सहभागिताः

यस अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायको अर्थतन्त्रको प्रमुख स्रोत कृषि हो र कृषिमा आधारित उत्पादनद्वारा नै समाजको सञ्चालन भएको छ । समाजमा लैङ्गिक आधारमा निर्धारित भूमिकाको आधारमा महिलाहरु घरायसी क्षेत्रमा र पुरुषहरु सार्वजनिक क्षेत्रमा संलग्न रहेका छन् । महिलाहरु परिवारमा चामल बनाउने, चिउरा बनाउने, मुरई भुट्ने तथा स्थानीय बजारमा साग सब्जीको व्यापार गर्ने गर्दछन् भने पुरुषहरु व्यापार व्यवसाय गर्ने, शैक्षिक संस्थामा पठन पाठन गराउने तथा वैदेशिक रोजगारीमा जाने जस्ता काममा संलग्न हुन्छन् । यसरी यस समुदायमा आर्थिक पक्षमा पनि महिलाहरु घरायसी कृयाकलापमा संलग्न रहेका छन् भने पुरुष घरवाहिरका काममा संलग्न रहेका छन् ।

**तालिका- १७ : आर्थिक कृयाकलपामा लैङ्गिक सहभागिताः**

| कृयाकलापहरु | महिला | | पुरुष | | दुवै | | जम्मा परिवार |
|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | |
| कृषि | १४ | ३५ | १६ | ४० | १० | २५ | ४० |
| व्यापार | ३० | ७५ | ५ | १२.५ | ५ | १२.५ | ४० |
| मजदुरी | १० | २५ | १३ | ३२.५ | १७ | ४२.५ | ४० |
| वैदेशिक रोजगार | - | - | ४० | १०० | - | - | ४० |

***स्रोतः कार्यक्षेत्र अध्ययन २०६५***

प्रस्तुत तालिकाको विश्लेषणको आधारमा जम्मा सर्वेक्षणक्षण परिवार मध्ये ३५% महिला कृषि क्षेत्रमा संलग्न रहेका छन् । यसै गरी ४०% पुरुष कृषि क्षेत्रमा संलग्न रहेका छन् भने २५% महिला पुरुष सँगै यस क्षेत्रमा रहभागि हुन्छन् । यसरी ७५% परिवारमा महिला व्यापारमा गर्दछन् भने जहाँ १२% पुरुष यस क्षेत्रमा संलग्न रहेका छन् र १२.५% परिवारका महिला पुरुष दुवै व्यापारमा संलग्न रहेका छन् ।

माथि दिइएको तालिकाको विश्लेषणको आधारमा २५% महिला मजदुरी गर्दछन् भने यसको तुलनामा ३२.५% पुरुष यस पेशामा संलग्न रहेका छन् र ४२.५% परिवारका महिला पुरुष

दुवै सहभागी छन् । तर वैदेशिक रोजगारमा भने महिलाको कुनै सहभागिता रहेको छैन जहाँ १००% पुरुष नै यस क्षेत्रमा संलग्न रहेका छन् ।

### ५.२.८ लैङ्गिकता र अवसरहरुः

समाजमा लैङ्गिक आधारमा निर्धारित भूमिकाले महिला पुरुषमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । लैङ्गिक आधारमा नै पुरुषहरुले समाजमा बढी स्वतन्त्रता पाउँछन् भने महिलाहरु घरमा मात्र सीमित हुन्छन् । लैङ्गिकता एक शक्ति सन्तुलन भएकोले यसले समाजमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । राजवंशी समुदाय पनि पुरुष प्रधान समाज भएकाले महिलाहरुको समाजमा सामाजिक, सांस्कृतिक तथा आर्थिक क्षेत्रमा पहुँच पुगेको छैन । सामाजिक तथा सांस्कृतिक मुल्य मान्यता पुरुष मुखी भएकाले महिलाहरु सामाजिक शारिरीक तथा मानसिक रुपमा शोषित तथा पिडित हुनुपरेको छ । समाजमा महिला भएका कारण नै उनीहरुले जीवनमा पाउनै पर्ने विभिन्न अधिकार, जस्तै शिक्षा, स्वास्थ्य, स्वतन्त्रता जस्ता कुराबाट वञ्चित हुनुपरेको छ । यसरी एउटै समाजमा बस्ने पुरुषलाई बढी अवसरहरु प्राप्त हुने हुँदा महिलाहरु लैङ्गिक आधारमा नै शोषित र पछि पर्न वाध्य भएका छन् ।

**तालिका- १८ : उत्तरदाताको लैङ्गिकता र अवसरहरु**

| क्षेत्र | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| सामाजिक | ५ | १२.५ | ३५ | ८७.५ | ४० | १०० |
| सांस्कृतिक | १० | २५ | ३० | ७५ | ४० | १०० |
| आर्थिक | १५ | ३७.५ | २५ | ६२.५ | ४० | १०० |
| शैक्षिक | १० | २५ | ३० | ७५ | ४० | १०० |

***स्रोतः कार्यक्षेत्र अध्ययन २०६५***

तालिका नं. १८ ले देखाए अनुसार नमूना उत्तरदाता मध्ये १२.५% महिला सामाजिक क्षेत्रमा सहभागी छन् जहाँ पुरुष ३५% यस क्षेत्रमा सहभागी छन् । यसैगरी उत्तरदाता मध्ये २५% महिला सांस्कृतिक क्षेत्रमा सहभागी छन् भने पुरुष ७५% रहेका छन् । शैक्षिक क्षेत्रमा पनि

महिला सहभागिता कम छ जहाँ २५% महिला मात्र शैक्षिक क्षेत्रमा सहभागी छन् । जहाँ पुरुष सहभागिता ७०% रहेको छ । यसैगरी आर्थिक क्षेत्रमा १५% महिला सहभागी छन् भने ६२.५% पुरुष यस क्षेत्रमा सहभागी रहेका छन् ।

प्रस्तुत तालिकाको विश्लेषणको आधारमा राजवंशी समुदायमा लैङ्गिक संरचनाको प्रत्यक्ष प्रभाव पुरुषको तुलनामा महिलामा परेको छ । जहाँ समाजमा महिलाहरु हरेक क्षेत्रमा पछि परेका छन् र उनीहरु महिला भएकै कारण पाउनु पर्ने अवसरबाट वञ्चित भएका छन् ।

यसरी यस राजवंशी समुदायको सामाजिक स्थितिको विश्लेषण गर्दा समाजमा पुरुषको तुलनामा महिलाको स्थिति निम्न रहेको छ जहाँ महिलाहरु घरायसी क्षेत्रमा सीमित छन् भने पुरुष सामाजिक क्षेत्रमा रहेका छन् । परिवारमा महिलाको दैनिक कार्यमा बढी समय खर्च हुन्छ जसलाई अनुत्पादक भनिन्छ । यसरी यस राजवंशी समुदायमा भएका सामाजिक मुल्य, मान्यता तथा विश्वासको आधारमा निर्धारित लैङ्गिक संरचनाको आधारमा महिला तथा पुरुषका भूमिकाहरु विभाजन गरिएको छ जहाँ पुरुषद्वारा महिला शोषित छन् ।

## ५.३ राजवंशी समुदायको सांस्कृतिक स्थिति र लैङ्गिकताः

मानिसको सिङ्गो जीवन पद्धतिको तरिका नै संस्कृति हो । संस्कृति कुनै समाजबाट आधारित नभएर त्यहि समाजमा भएका मुल्य मान्यता, विश्वास, ज्ञान तथा प्रथाको आधारमा निर्माण भएको पाइन्छ । जसद्वारा नै समाजको सञ्चालन भएको हुन्छ । यस अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायमा पनि आफ्नै मौलिक संस्कृति रहेको छ जसले समाजमा लैङ्गिक निर्माणमा प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । यस जातिको सांस्कृति अनुरुप समाजमा सांस्कृतिक मुल्य, मान्यता अनुसार छोरालाई बढी महत्व दिइन्छ । छोराले वशको निरन्तरता दिने हुनाले सानै देखि नै उचित सामाजिकरणको प्रकृयाबाट राम्रो शिक्षा दिने, समाजका विभिन्न गतिविधिमा संलग्न गराउने गर्दछन् भने छोरी परिवारमा विवाह पश्चात् अर्काको घरमा जानुपर्ने भएकाले पढाइमा भन्दा घरायसी व्यवहारहरु सिकाइन्छ जहाँ उनीहरुहरुलाई परिवारको सञ्चालन कसरी गर्ने, सामाजिक निति नियमको पालना कसरी गर्ने जस्ता व्यवहारहरु सिकाइन्छ । यसरी राजवंशी समुदायमा महिला गतिशिलता खासै छैन । तर समाजमा परिवार भित्र गरिने

विभिन्न चाडपर्वहरु, पूजा आरधाना, विवाह तथा सांस्कृतिक क्रियाकलापमा पुरुषको भन्दा महिलाको भूमिका बढी छ । यस अध्ययन क्षेत्रमा प्राप्त जानकारी तिनि नियम, प्रचलनहरु र समाजमा महिलाहरुमा भएको अज्ञानताका कारण पनि महिलाहरु घरमा मात्र सीमित भएका छन् । यसरी संस्कृतिले समाजमा प्रभाव पारे पनि अन्य जाजतिय समुदायका महिलाको तुलनामा राजवंशी समुदायका महिलाको सांस्कृतिक स्थिति राम्रो रहेको छ ।

### ५.३.१ संस्कारगत कार्यमा महिला पुरुषको सहभागिताः

यस अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायमा गरिने विभिन्न सामाजिक तथा सांस्कृतिक कृयाकलापमा महिला पुरुषको समान सहभागिता पाइन्छ । परिवार भित्र गरिने सम्पूर्ण कृयाकलापहरु महिलाले गर्दछन् भने समाज वाहिरका कृयाकलापहरु पुरुषले गर्दछन् । यसरी सांस्कृतिक आधारमा पनि महिलाहरु घरायसी क्षेत्रमा संलग्न रहेका छन् भने पुरुष सार्वजनिक क्षेत्रमा रहेका छन् ।

**तालिका- १९ : संस्कारगत कार्यमा महिला पुरुषको सहभागिताः**

| कार्यहरु | महिला | | पुरुष | | दुवै | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| विवाह | ६ | १५ | ८ | २० | २६ | ५५ | ४० | १०० |
| वन्म | १० | २५ | ७ | १७.५ | २३ | ५७.५ | ४० | १०० |
| चाडपर्व | ५ | १२.५ | ६ | १५ | २९ | ७२.५ | ४० | १०० |
| नाचगान | - | - | ४० | १०० | - | - | - | - |
| मृत्यु संस्कार | ५ | १२.५ | २० | ६० | १५ | ३७.५ | ४० | १०० |

*स्रोतः कार्यक्षेत्र अध्ययन २०६५*

तालिका-१९ मा देखाइएअनुसार नमूना उत्तरदातामध्ये १५% परिवारमा विवाहमा महिलाले काम गर्दछन् भने २०% परिवारमा पुरुषले गर्दछन् र ५५% परिवारमा महिला पुरुष दुवै मिली काम गर्दछन् । जन्म संस्कारमा २५% परिवारमा जन्म संस्कार महिलाले गर्दछन् भने १७.५% परिवारमा पुरुष गर्दछन् र ५५% परिवारमा महिला पुरुष दुवै मिली यो संस्कार गर्दछन् ।

परिवारमा चाडपर्वमा महिला पुरुष दुवैको समान भूमिका भए तापनि तालिकामा देखाइए अनुसार १२.५% परिवारमा महिला १५% परिवारमा पुरुष र ७२.५% परिवारमा महिला पुरुष दुवै मिली चाडपर्व जस्ता संस्कारगत कार्यहरु गर्दछन् । यस राजवंशी समुदायमा नाचगानमा महिलाको कुनै भूमिका हुँदैन, जहाँ सम्पूर्ण कृयाकलाप पुरुष एक्लैले गर्दछन् । यसैगरी मृत्युसंस्कारमा नमूना परिवारमध्ये १२.५% महिला, ५०% पुरुष र ३७.५% महिला पुरुष दुवै यो संस्कारमा सहभागी हुन्छन् ।

यसरी राजवंशी समुदाय पुरुषप्रधान समाज भएकोले परिवारमा पुरुषको प्रभुत्व रहेको पाइन्छ । साथै समाजमा सामाजिकरुपमा नै महिलाहरु पुरुषमाथि निर्भर भएकाले उनीहरु घरायसी क्षेत्रमा मात्रै सीमित छन् ।

### ५.३.२ सामाजिक-सांस्कृतिक अभ्यासमा लैङ्गिक सहभागिता

नेपाल एक बहुजातीय, बहुभाषिय, बहुधार्मिक समाज हो । जहाँ प्रत्येक समाज र समुदायको आ-आफ्नै मुल्य, मान्यता, नैतिकता तथा सांस्कृतिक व्यवहारहरु रहेका छन् । यसै सन्दर्भमा प्रत्येक जाति तथा जातीय समूहका आ-आफ्नै विशिष्ठ भाषा, विश्वास, धर्म तथा संस्कृति हुन्छन् । राजवंशी समुदाय पनि एउटा छुट्टी विशेषता वोकेको समाज हो जहाँ समाजमा भएका विभिन्न सामाजिक तथा सांस्कृतिक सुचकले महिला पुरुषका कृयाकलापमा प्रत्यक्ष प्रभाव पारेका हुन्छन् । यसै गरी यस राजवंशी समुदायमा पनि आफ्नै सामाजिक सांस्कृतिक मुल्य, मान्यता, भाषा, धर्म, कला तथा संस्कृति छन् जसले उनीहरुको पहिचान दिएको हुन्छ । राजवंशी समुदायमा गरिएको अध्ययनमा यस समुदायमा विभिन्न चाडपर्व, जन्म संस्कार, विवाह तथा धार्मिक उत्सवमा महिला पुरुषको समाज सहभागिता भए तापनि पुरुषको तुलनामा केही कम पाइन्छ ।

**तालिका- २० : उत्तरदाताको सामाजिक सांस्कृतिक अभ्यासमा लैङ्गिक सहभागिताः**

| कृयाकलाप | महिला | | पुरुष | | दुवै | | जम्मा परिवार |
|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | |
| चाडपर्वमा | ५ | १२.५ | ६ | १५ | २९ | ६२.५ | ४० |
| धार्मिक कृयाकलाप | १३ | ३२.५ | १० | २५ | १७ | ४२.५ | ४० |
| जीवन चक्रका संस्कार | ९ | २२.५ | १८ | ४५ | १३ | ३२.५ | ४० |

***स्रोतः कार्यक्षेत्र अध्ययन २०६५***

तालिका नं. २० का अनुसार नमूना परिवारको सर्वेक्षणक्षणमा ७२.५% महिला पुरुष दुवै सँगै चाडपर्व मनाउँछन् । यसैगरी सबैको आधारमा १२.५% परिवारमा महिला सहभागी हुन्छन् भने १५% परिवारमा चाडपर्वमा पुरुष सहभागी हुन्छन् । यसै गरी ३२.५% सर्वेक्षणक्षण गरिएका परिवारमा महिला धार्मिक उत्सवमा सहभागी हुन्छन् र २५% परिवारमा पुरुष सहभागी हुन्छन् साथै ४२.५% परिवारमा महिला पुरुष दुवै धार्मिक समारोहमा सहभागी हुन्छन् ।

यसैगरी तालिकाका आधारमा २२.५% परिवारका महिलाहरु जीवनचक्रका संस्कारमा सहभागी हुन्छन् भने २५% पुरुष यस कार्यक्रममा सहभागी हुन्छन् । साथै सर्वेक्षणक्षण गरिएका ३२.५% परिवारका महिला पुरुष भने संयुक्तरुपमा यस जीवनचक्र संस्कारमा सहभागी हुन्छन् ।

## ५.४ शैक्षिक स्थिति

शिक्षा जीवनको ज्योति हो, जसले मानिसलाई अन्धकारबाट उज्यालो तिर डोऱ्याउँछ । शिक्षा व्यक्ति परिवार समाज तथा राष्ट्रलाई विकासको मार्गमा अगाडि बढाएर भविष्यको सुनिश्चित गराउने एउटा आधारभूत तत्व हो । यसै सन्दर्भमा समूहकेन्द्रित छलफलबाट प्राप्त जानकारीअनुसार यस अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायमा पनि शिक्षाको प्रभाव समाजमा परेको देखिन्छ । आदिवासीको रुपमा यस अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायमा शिक्षाको स्तर निम्न रहेको छ ।

यस राजवंशी समुदायमा महिला पछि पर्नुको कारण र घरायसी क्षेत्रमा सीमित रहनुको प्रमुख कारण शिक्षा नै हो । समाजमा महिलाहरु सामाजिक तथा सांस्कृतिक मुल्य, मान्यता, संस्कारहरु तथा परिवारको हेरचाह गर्नु नै महिलाको काम हो भनि भन्दछन् । समाजमा पढाइमा भन्दा बाबु बाजेले गरिआएको काम गर्नुपर्छ भन्ने मान्यता पाइन्छ । विगत केहीवर्ष अगाडि राजवंशी समुदायमा धनि वर्गका सीमित छोरा छोरी मात्र पढ्दथे । जसमा पनि छोरालाई मात्र पढाइन्थ्यो र छोरीलाई घरव्यवहारहरु सिकाइन्थ्यो । तर विगत केही वर्ष यता यस समुदायमा शिक्षाको महत्व बढ्दै गएको छ । समाजमा छोरा छोरी दुवैलाई समान रुपमा स्कुल पढाउँछन् । तर परवारमा छोरीलाई स्कुल तह सम्म मात्र पढाएर घरायसी काममा नै लगाएको अध्ययन क्षेत्रमा अनुसन्धानको समयमा पाइयो । जहाँ धेरै जसो महिलाहरु केही समय पढि बढी जसो घरायसी काममा नै सहभागी हुन्छन् । समाजमा शिक्षाको कमीले गर्दा नै महिलाहरु दैनिक जीवनका कृयाकलापमा पुरुषको सहायता विना गर्न सक्दैनन् । जसले गर्दा महिलाहरु घरायसी क्षेत्रमा नै सीमित रहेका छन् ।

### ५.४.१ राजवंशी समुदायको शैक्षिक स्थितिः

**तालिका-२१ : राजवंशी समुदायको शैक्षिक तह**

| शिक्षा | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| पढ्न लेख्न नजान्ने | १०० | ४३.४७ | ५४ | २१.६० | १५४ | ३२.०८ |
| सामान्य लेखपढ गर्न जान्ने | ३० | १३.०४ | ४० | १६ | ६० | १४.५८ |
| प्राथमिक तह | ३० | ८.६९ | ६० | २४ | ९० | १८.७५ |
| नि.मा.वि. | २० | १०.८६ | ३५ | १४ | ५५ | ११.४५ |
| मा.वि. | २५ | ६.५२ | ३० | १२ | ५५ | ११.४५ |
| आई.ए. | ३० | ८.६९ | २५ | १० | ४५ | ९.३७ |
| वि.ए. | ५ | २.१७ | ४ | १.६ | ९ | १.८७ |
| एम.ए. | - | - | २ | ०.४ | २ | ०.४१ |
| जम्मा | २३० | १०० | २५० | १०० | ४८० | १०० |

*स्रोतः कार्यक्षेत्र अध्ययन २०६५*

प्रस्तुत तालिकाको विश्लेषणको आधारमा यस राजवंशी समुदायमा जम्मा महिला पुरुष मध्ये पढलेख गर्न नजान्ने महिला ४३.४७% र पुरुष २१.६०% रहेका छन् । सामान्य लेखपढ गर्न जान्ने १३.०४% महिला र १६% पुरुष छन् । यसैगरी निम्न माध्यमिक विद्यालय (नि.मा.वि.) मा १०.८६% महिला र १४% पुरुष पठन पान गर्दछन् । माध्यमिक विद्यालय (मा.वि.) मा ६.५२% महिला , १२% पुरुष रहेका छन् । यसैगरी प्रमाण पत्र (आई.ए) तहमा ८.६९% महिला र १०% पुरुष छन् । स्नातक तहमा (वि.ए.) २.१७% महिला र १.६% पुरुष पठन पाठन गर्दछन् र स्नाकोत्तर तह (एम.ए) मा ०.८% पुरुष छन् ।

यसरी राजवंशी समुदायमा सामाजिकरुपमा नै परिवारमा छोराको तुलनामा छोरीलाई कम महत्व दिने तथा छोरालाई वंश निरन्तरता र बुढेसकालको सहाराको रुपमा लिने र छोरी अर्काको घर जाने भएकाले समाजमा छोराछोरीको बीचमा शैक्षिक असमानता रहेको छ । साथै छोरीलाई शिक्षाभन्दा पनि घरव्यवहार सिकाउनुपर्छ भन्ने मान्यताले गर्दा पनि अध्ययन क्षेत्रमा रहेको राजवंशी समुदायमा पुरुषको तुलनामा महिला कम शिक्षित छन् । तर, वर्तमान समयमा जनचेतनाको अभिवृद्धिले गर्दा महिला शिक्षित हुन थालेका छन् ।

## ५.५ धार्मिक पक्षः

धर्म समाजको एउटा अभीन्न अंग हो जसले समाजको संचालनमा महत्वपूर्ण भमिका खेलेको हुन्छ । यस अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायमा पनि धर्मले समाजमा प्रत्यक्ष रुपमा प्रभाव पारेको छ । परिवारमा धार्मिक आधारमा नै महिलाहरु जीवका विभिन्न अवसरबाट वञ्चित भएका छन् । समाजमा धार्मिक मूल्य, मान्यता अनुसार छोरालाई बढी महत्व दिइन्छ र समाजका विभिन्न क्षेत्रमा स्वतन्त्रता हुन्छ तर परिवारमा छोराको तुलनामा छोरीलाई कम महत्व दिइन्छ र परिवारमा उसले सामाजिक मुल्य मान्यताको पालना गरी बस्नुपर्दछ । ( समूहकेन्द्रित छलफल, २०६५) ।

यस राजवंशी समुदायमा परम्परागत रुपमा समाजका चलि आएका धार्मिक मान्यता अनुसार परिवारमा महिला पुरुषका भूमिकाहरु भूमिकाहरु निर्धारण भएका हुन्छन् । जहाँ समाजमा महिलाहरु घरायसी कृयाकलापमा नै सीमित भएका छन् । यस राजवंशी समाजमा धार्मिक रपमा नै महिलाहरुको सामाजिक गतिशिलता कम रहेको छ । यसै सन्दर्भमा यस समुदायमा

गरिएको अध्ययनमा अन्य समुदायमा भन्दा यस राजवंशी समुदायमा महिलाको धार्मिक अवस्था राम्रो रहेको छ । समाजमा महिलाहरु घरायसी क्षेत्रमा सीमित भए तापनि परिवारमा गरीने सम्पूर्ण धार्मिक कृयाकलापहरु महिलाले नै गर्दछन् । यसैगरी यस समुदायमा महिलालाई सँधैभरि एउटै रुपमा हेरिने हुनाले समाजमा महिलाको धार्मिक स्थिति राम्रै छ । (समूहकेन्द्रित छलफल, २०६५) ।

यसरी यस राजवंशी समुदायमा गरिएको अध्ययनको विश्लेषणको आधारमा अन्य जातीय समुदायका महिलाको भन्दा धार्मिक स्थिति राम्रो भएतापनि यस राजवंशी समुदायमा महिलाको व्यक्तिगत स्थिति पुरुषको तुलनामा नराम्रो रहेको छ किनकी समाजमा पुरुषहरु हरेक क्षेत्रमा स्वतन्त्र छन् भने महिलाहरुमा सामाजिक सांस्कृतिक तथा धार्मिक रुपमा परिवार भित्र नै सीमित रहेका छन् । त्यसैले यस राजवंशी समुदायमा धार्मिक रुपमा निर्माण भएको लैङ्गिक संरचनाले समाजमा प्रत्यक्ष प्रभाव पारेको छ । (समूहकेन्द्रित छलफल, २०६५) ।

अध्याय ६

# राजवंशी समुदायमा महिलाको पारिवारिक निर्णय प्रकृयामा सहभागिता र स्रोतमाथि नियन्त्रण

नेपाली समाज बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक, बहुजातीय एक जनजाति आदिवासीहरुको संगमस्थल हो । यहाँ आफ्नै सामाजिक सांस्कृतिक तथा धार्मिक पृष्ठभूमि भएका जनजाति तथा आदिवासी समूहहरु छन् र प्रत्येक समुदायमा भएका सामाजिक तथा सांस्कृतिक मुल्य मान्यता तथा परम्परा अनुसार समाज सञ्चालित भएको हुन्छ । हाम्रो समाज एक पुरुष प्रधान समाज भएकोले परिवारमा पुरुषको तुलनामा महिलाको भूमिका निम्न रहेको छ जहाँ महिलाहरु घरायसी कृयाकलापहरु जस्तै खाना बनाउने, परिवारको हेरचाह, घास दाउरा जस्ता अनुत्पादक काममा बढी समय खर्च गर्दछन् भने पुरुष सार्वजनिक क्षेत्रमा संलग्न भएको पाइन्छ । यसरी समाजमा लैङ्गिक आधारमा निर्धारित भूमिकाले प्रत्यक्ष प्रभाव पारेको हुन्छ जहाँ परिवारमा एक पक्षले जीवनका सम्पूर्ण अवसर उपभोग गरेका हुन्छन भने यसको विपरीत अर्को पक्ष यसबाट वञ्चित भएका हुन्छन् ।

लैङ्गिक अन्तर सांस्कृतिक रचना हो जुन प्रत्येक समाजअनुसार फरक फरक हुन्छ र समाजमा महिला पुरुषका भूमिका अनुसार निर्णय पनि समुदायमा फरकफरक हुन्छन् (आचार्य, १९८१) । समाजमा निर्णय प्रक्रियामा महिलाको सहभागिता निकै कम रहेको छ, जहाँ ७०% परिवारमा घरवाहिरका निर्णयहरु पुरुषले गर्दछन् (दाहाल, १९९२) । नेपाली समाजका उच्च जातका परिवारमा महिलाहरु पुरुषद्वारा शोषित हुन्छन् र परिवारमा उनीहरुको आत्मनिर्भरताको लागि आयस्रोत तथा सम्पत्तिमाथि पहुँच पनि हुँदैन तर अन्य जातीय समुदायमा महिलाहरुको सामाजिक स्थिति राम्रो रहेको हुन्छ । महिला विकास तथा जनसंख्या केन्द्र (१९९२) को अध्ययनका आधारमा महिलाहरु दिनको ११ घण्टा पारिवारिक कृयाकलाप (गाइवस्तु हेरचाह, खाना बनाउने, दाउरा संकलन), गर्दछन् भने २०% कृषिमा, ५% आय हुने कृयाकलाप गर्दछन् । साथै सामाजिक-सांस्कृतिक भिन्नताले गर्दा तराइका महिलाहरु भन्दा कृषि क्षेत्रमा बढी योगदान दिन्छन् । आचार्य र वेनेट (१९८१) ले विभिन्न समुदायको अध्ययनको आधारमा यी समुदायमा निर्णय प्रक्रियाको विश्लेषण गरेका छन् ।

यसरी माथिका विभिन्न अध्ययनका आधारमा नेपाली समाजमा पुरुषको तुलनामा महिलको निर्णय क्षमता कम रहेको छ । यसै सन्दर्भमा यो अध्ययन राजगढ गाविस वडा नं. २ का राजवंशी समुदायमा गरिएको अध्ययन हो । यो एक लैङ्गिक अध्ययन भएकाले राजवंशी समुदायका विभिन्न क्षेत्रमा महिलाको निर्णय प्रक्रियालाई अध्ययन क्षेत्रमा प्राप्त तथ्याङ्कको आधारमा विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

## ६.१ कृषि व्यवस्थापनमा लैङ्गिक निर्णयः

नेपाल एक कृषिप्रधान देश हो, यहाँका ८०% मानिसहरु कृषिमा आधारित छन् (केन्द्रीय तथ्यांक विभाग, २००२) । यस अध्ययन क्षेत्र पनि ग्रामीण क्षेत्र भएकाले यहाँका मानिसहरु पनि कृषिमा आधारित छन् । समाजमा पुरुषको तुलनामा महिलाहरु घरायसी क्षेत्रमा बढी काम गर्दछन्, जसले आर्थिक पक्षमा प्रत्यक्ष प्रभाव पार्दछ । यस राजवंशी समुदायमा महिला पुरुष दुवै कृषि क्षेत्रमा काम गर्दछन् । जहाँ समाजमा पुरुषको तुलनामा महिलाको बढी भूमिका रहेको हुन्छ । यसरी राजवंशी समुदायमा कृषि व्यवस्थपनमा महिला पुरुषको भूमिका निम्न रहेको छ-

**तालिका- २३ : बालीको ढाँचामा लैङ्गिक निर्णय**

| वालीको ढाँचा | महिला | | पुरुष | | दुवै | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | |
| वाली छनौट | ४ | १० | २० | ५० | १६ | ४० | ४० |
| सिंचाई | - | - | ३५ | ८७.५ | ५ | १२.५ | ४० |
| जमिनको प्रयोग | ५ | १२.५ | २५ | ६२.५ | १० | २५ | ४० |
| श्रमिकको प्रयोग | ७ | १७.५ | १९ | ४७.५ | १४ | ३५ | ४० |
| उत्पादनको वितरण | ६ | १५ | १५ | ३७.५ | १९ | ४७.५ | ४० |

***स्रोतः कार्यक्षेत्र अध्ययन २०६५:***

माथि दिएको तालिकाको विश्लेषणको अध्ययन क्षेत्रमा रहेको जम्मा परिवार मध्ये सर्वेक्षण गरिएको ४० परिवारमा मध्ये १०% परिवारमा वाली छनौटको निर्णय महिलाले गर्दछन् भने

५०% परिवारमा पुरुष एक्लैले गर्दछन् र ४०% परिवारमा वाली छनौट महिला पुरुष दुवैले गर्दछन् । यसरी सर्वेक्षण गरिएका परिवारमा सिंचाई ८७.५% परिवारमा पुरुषले गर्दछन् र १२.५% परिवारमा महिला पुरुष दुवैले निर्णय गर्दछन् । तालिकाले देखाए अनुसार जमिनको प्रयोगको निर्णय १२.५% परिवारमा महिलाले गर्दछन् भने ६२.५% परिवारमा निर्णय पुरुषले गर्दछन् र २५% परिवारमा निर्णय महिला पुरुष दुवैले गर्दछन् ।

यसैगरी जम्मा परिवार मध्ये छनौट गरिएका परिवार मध्ये श्रमिक प्रयोगका निर्णय १७.५% परिवारमा महिलाले गर्दछन् भने ४७.५% परिवारमा पुरुषले गर्दछन् र ३५% परिवारमा निर्णय महिला पुरुष दुवैले गर्दछन् र परिवारमा उत्पादनको वितरणको निर्णय १५% परिवारमा महिलाले गर्दछन् भने ३७.५% परिवारमा महिला पुरुष दुवैले गर्दछन् । यसरी यस राजवंशी समुदायमा कृषि व्यवस्थापनमा महिला पुरुष दुवैको भूमिका भए तापनि समाजमा निर्णय प्रक्रियामा पुरुष बढी भूमिका रहेको छ ।

## ६.२ जनावरको व्यवस्थापन

परिवारमा जनावर उपभोग तथा धार्मिक रुपमा पालिने गरिन्छ । यस अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायमा गाई, भैंसी, वाखां, गोरु, परेवा तथा हाँस जस्ता जनावरहरु पाल्ने गर्दछन् जस परिवारमा महत्वपूर्ण योगदान दिएको हुन्छ ।

**तालिका- २४ : छनौट परिवारमा पाल्तु जनावरको वितरणमा लैङ्गिक निर्णयः**

| निर्णय गर्नेहरु | परिवारमा महिलो सोच्ने | | अन्तिय निर्णय | |
|---|---|---|---|---|
| | संख्या | % | संख्या | % |
| पति | १६ | ४० | १२ | ५५ |
| पत्नी | ७ | १७.५ | ५ | १२.५ |
| दुवै | ११ | २७.५ | ८ | २० |
| जम्मा पुरुष सदस्य | ४ | १० | ३ | ७.५ |
| महिला सदस्य | २ | ५ | २ | ५ |
| जम्मा | ४० | १०० | ४० | १०० |

*स्रोतः कार्यक्षेत्र अध्ययन २०६५*

प्रस्तुत तालिकाको विश्लेषणमा सर्वेक्षणक्षण गरिएका ४० परिवार मध्ये ४०% परिवारमा वितरण गर्ने पहिलो सोचाई पुरुषले गर्दछन् भने अन्तिम निर्णय ५५% परिवारमा गर्दछन् । यसरी १७.५% परिवारमा वितरणको पहिलो सोचाई महिलाले गर्दछन् भने अन्तिम निर्णय १२.५% परिवारमा मात्र गर्दछन् । यसैगरी सर्वेक्षण गरिएका ४० परिवार मध्ये १०% परिवारमा पहिलो निर्णय पुरुष सदस्यले गर्दछन् भने अन्तिम निर्णय ७.५% परिवारमा मात्र गर्दछन् भने ५% परिवारमा महिलो निर्णय महिलाले गर्दछन् भने ५% परिवारमा नै अन्तिम निर्णय महिलाले गर्दछन् । साथै २७.५% परिवारमा पहिलो निर्णय महिला पुरुष दुवैले गर्दछन् तर अन्तिम निर्णय २०% परिवारमा मात्र गर्दछन् ।

शर्मा र अवस्थी (१९९३) का अनुसार ७०% महिला कृषि उत्पादित वस्तुहरु स्थानीय बजारमा वितरण गर्दछन् । आचार्य वेनेट (१९८१) सामान्य तथा महिलाको पहुँच स्थानीय बजारमा साग सब्जी र कृषि उत्पादित वस्तुको विक्रिवितरण सम्म मात्र रहेको हुन्छ (सि.एन.भि. नेपाल १९९२) पाहाडि क्षेत्रमा ७०% महिलाहरु अन्न बेच्ने गर्दछन् भने तराइमा ४०% ले मात्र गर्दछन् । सामान्य तथा गरिब परिवारका महिलाहरुको कृषि उत्पादित वस्तु र पाल्नु जनावरको वितरणमा बढी पहुँच हुन्छ ।

## ६.३ पारिवारिक सम्पत्तिमाथिको नियन्त्रणः

लैंगिक अन्तरसाँस्कृतिक संरचना भएकोले यो प्रत्येक समाजअनुसार फरकफरकरुपमा निर्माण भएको हुन्छ । यसैगरी समाजमा भएका विभिन्न साँस्कृतिक मूल्य, मान्यता, रीतिरिवाज तथा परम्पराका आधारमा महिला र पुरुषका भूमिकाहरु निर्धारण भएका हुन्छन् र यसैका आधारमा पारिवारिक उत्तरदायित्व बहन गरिन्छ ।

यसैगरी यस अध्ययन क्षेत्रमा रहेको राजवंशी समुदायमा गरिएको अध्ययनका आधारमा पारिवारिक सम्पत्तिमाथिको नियन्त्रणमा महिला र पुरुषको पहुँच निम्नानुसार छ-

तालिका- २५ : उत्तरदाताको परिवारमा पारिवारिक सम्पत्तिमाथिको नियन्त्रण

| क्षेत्र/स्रोत | महिला | | पुरुष | | दुवै | | जम्मा परिवार | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| जग्गा जमिन | ४ | १० | १४ | ३५ | २२ | ५५ | ४० | १०० |
| नगद पूँजी | ५ | १२.५ | ३१ | ७७.५ | ४ | १० | ४० | १०० |
| गरगहना | २५ | ८७.५ | - | - | ५ | १२.५ | ४० | १०० |
| पेवा सम्पत्ति | २८ | ७० | - | - | १२ | ३० | ४० | १०० |

***स्रोतः कार्यक्षेत्र अध्ययन २०६५***

तालिका- २५ को आधारमा यस अध्ययन क्षेत्रमा अनुसन्धानका लागि छनौट गरिएका ४० परिवारमध्ये १०% परिवारमा जग्गा जमिनमा महिलाको नियन्त्रण रहेको छ भने ३५% परिवारमा पुरुषको नियन्त्रणमा छ र ५५% परिवारमा महिला पुरुषको दुवैको नियन्त्रण छ । यसैगरी नगद पूँजी माथिको नियन्त्रण १२.५% परिवारमा महिला, ७७.५% परिवारमा पुरुष र १०% परिवारमा महिला पुरुष दुवेको नियन्त्रणमा रहेको छ । सर्वेक्षण गरिएका परिवार मध्ये ८७.५% परिवारमा गरगहनाको नियन्त्रण महिलाको नै हुन्छ र १२.५% परिवारमा भने महिला पुरुष दुवैले गर्दछन् र छनौट गरिएका परिवार मध्ये ७०% परिवारमा पेवा सम्पत्ति माथिको नियन्त्रण महिलाले नै गर्दछन् भने ३०% परिवारमा महिला र पुरुष दुवै मिली गर्दछन् ।

## ६.४ पारिवारिक निर्णयः

यस अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायको अध्ययनको आधारमा यस समुदायको पारिवारिक निर्णय प्रक्रियामा भूमिका निम्नानुसार छः

**तालिकाः २६ उत्तरदाताको पारिवारिक निर्णयमा भूमिकाः**

| **निर्णय गर्ने** | **पहिलो निर्णय** | | **अन्तिम निर्णय** | |
|---|---|---|---|---|
| पति | २३ | ५७.५ | २६ | ६५ |
| पत्नी | ५ | १२.५ | ४ | १० |
| अन्य पुरुष सदस्य | - | - | - | - |
| अन्य महिला सदस्य | - | - | - | - |
| दुवै जम्मा | १२ | ३० | १० | २५ |
| | ४० | १०० | ४० | १०० |

***स्रोतः कार्यक्षेत्र अध्ययन २०६५***

तालिकाको आधारमा छनौट गरिएको ४० परिवार मध्ये ५७.५% परिवारमा पहिलो निर्णय पुरुषले गर्दछन् तर अन्तिम निर्णय ६५% परिवारमा गर्दछन् । यसैगरी पारिवारिक निर्णयमा सर्वेक्षण गरिएका परिवार मध्ये १२.५% परिवारमा पहिलो निर्णय पहिलाले गर्दछन् तर अन्तिम निर्णय भने १०% मात्र रहेको छ । यसैगरी ३०% परिवारमा पहिलो निर्णय दुवैले गर्दछन् भने परिवारको अन्तिम निर्णय भने १०% परिवारमा महिला पुरुष दुवैले गर्दछन् ।

यसरी राजवंशी समुदायमा घरायसी क्षेत्रमा महिलाको बढी भूमिका भएतापनि पारिवारिक निर्णय भने पुरुषको भन्दा कम रहेको छ ।

### ६.५ पूँजी लगानीमा लैङ्गिक निर्णयः

सामान्यतया नेपाली समाज पुरुषमा आधारित समाज भएकोले परिवारमा सम्पूर्ण आर्थिक कारोवार पुरुषले नै गरेको देखिन्छ भने महिलाहरु घरायसी कृयाकलापमा ध्यान रहेका हुन्छन् । यसै सन्दर्भमा यस राजवंशी समुदायमा परिवारमा खर्च महिला पुरुष दुवैले गरेतापनि

अध्ययनको क्रममा प्राप्त तथ्यांकको आधारमा पूँजी लगानीमा लैङ्गिक निर्णयको विश्लेषण तल प्रस्तुत गरिएको छः

**तालिका- २७ उत्तरदाताको पूँजी लगानीमा लैङ्गिक निर्णय**

| निर्णय क्षेत्र | महिला | | पुरुष | | दुवै | | जम्मा परिवार |
|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | |
| पारिवारिक खर्च | ८ | २० | २३ | ५७.५ | १२ | ३० | ४० |
| व्यापारमा | २५ | ६२.५ | ६ | १५ | ९ | २२.५ | ४० |
| जग्गा खरीद | - | - | ३७ | ९२.५ | ३ | ७.५ | ४० |
| शैक्षिक क्षेत्र | ५ | १२.५ | २० | ५० | १५ | ३७.५ | ४० |
| ऋण दिने | ४ | १० | १९ | ४७.५ | १७ | ४२.५ | ४० |

***स्रोतः कार्यक्षेत्र अध्ययन २०६५***

तालिका नं. २७ को विश्लेषणको आधारमा राजवंशी समुदायमा रहेका जम्मा परिवार मध्ये अध्ययनको लागि छनौट गरिएका परिवारमा पूँजी लगानीको निर्णय २०% परिवारमा पारिवारिक खर्चको निर्णय महिलाले गर्दछन् । जहाँ ५७.५ पुरुषले र ३०% महिला पुरुष दुवै मिली गर्दछन् । यसैगरी छनौट गरिएका परिवारमध्ये ६२.५% परिवारमा व्यापारमा पूँजी लगानीको निर्णय महिलाले गर्दछन् भने १५% परिवारमा व्यापारिक लगानीको निर्णय पुरुषले गर्दछन् र २२.५% परिवारमा व्यापारीक लगानीको निर्णय महिला पुरुष दुवैले गर्दछन् । यसैगरी जग्गा खरीद बिक्रीमा पुरुषको प्रभुत्व रहेको छ जहाँ ९२.५% परिवारमा पुरुषले निर्णय गर्दछन् भने ७.५% परिवारमा जग्गामा लगानी महिला पुरुष दुवैले गर्दछन् । यसरी शैक्षिक क्षेत्रमा १२.५% परिवारमा लगानी महिलाले गर्दछन् जहाँ ५०% परिवारमा शैक्षिक क्षेत्रमा लगानी पुरुषले गर्दछन् ३७.५% परिवारमा महिला पुरुष दुवैले गर्दछन् र परिवारमा ऋणको लगानीमा १०% परिवारमा महिलाले गर्दछन् भने ४७.५% परिवारमा पुरुष र ४२.५% परिवारमा ऋण दिने काम महिला पुरुष दुवै मिली गर्दछन् ।

## ६.६ स्वास्थ्य उपचारमा लैङ्गिक निर्णय

यस अध्ययन क्षेत्रमा गरिएको अध्ययनको आधारमा प्राप्त तथ्यांकको आधारमा यस समुदायको स्वास्थ्य स्थिति निम्न रहेको छः

**तालिका- २८ : छनौट गरिएको परिवारमा स्वास्थ्य उपचारमा लैङ्गिक निर्णयः**

| निर्णय गर्ने | पहिलो सोचाई | | अन्तिम निर्णय | |
|---|---|---|---|---|
| | संख्या | % | संख्या | % |
| पती | १७ | ४२.५ | १९ | ४७.५ |
| पत्नि | ८ | २० | ६ | १५ |
| पुरुष सदस्य | ४ | १० | ३ | ७.५ |
| महिला सदस्य | ३ | ७.५ | ३ | ७.५ |
| दुवै | ८ | २० | ९ | २२.५ |
| जम्मा | ४० | १०० | ४० | १०० |

*स्रोतः कार्यक्षेत्र अध्ययन २०६५*

प्रस्तुत तालिकाले देखाएका आधारमा सर्वेक्षण गरिएका जम्मा परिवार मध्ये स्वास्थ्य सम्बन्धि पहिलो सोचाई ४२.५% परिवारमा पुरुषले गर्दछन् भने अन्तिम निर्णय ४७.५% परिवारमा गर्दछन् । यसरी स्वास्थ्य उपचारको पहिलो सोचाई भने २०% परिवारमा महिलाले गर्दछन् जहाँ अन्तिम निर्णय भने १५% परिवारमा मात्र गर्दछन् । यसैगरी सर्वेक्षण गरिएका जम्मा परिवार मध्ये १०% परिवारमा पहिलो सोचाई पुरुष सदस्यले गर्दछन् तर अन्तिम निर्णय भने ७.५% परिवारमा मात्र गर्दछन् । यसैगरी स्वास्थ्य सम्बन्धि पहिलो सोचाई ७.५% परिवारमा महिलाले गर्दछन् र अन्तिम निर्णय पनि ७.५% परिवारमा नै गर्दछन् । साथै २०% पविारमा महिला पुरुष दुवैले गर्दछन् तर अन्तिम निर्णय भने २२.५% परिवारमा गर्दछन् ।

यसरी माथिको अध्ययनको आधारमा राजवंशी समुदायमा स्वास्थ्य उपचारको निर्णयमा महिलाको भूमिका निम्न रहेको छ ।

## ६.७ सामाजिक साँस्कृतिक अभ्यासमा लैङ्गिक निर्णय

समाज सामाजिक सम्बन्धहरुको जालो हो । समाजमा भएका विभिन्न मुल्य मान्यता, विश्वास तथा संस्कृतिको आधारमा परिवारमा महिला र पुरुषका लैङ्गिक भूमिकाहरु निर्माण भएको हुन्छ जहाँ महिलाको तुलनामा पुरुष बढी स्वतन्त्र हुन्छन । समाजमा महिलाहरु घरायसी क्षेत्रमा सीमित भएका हुन्छन् भने पुरुष सार्वजनिक क्षेत्रमा सहभागी हुन्छन् । यसरी यस लैङ्गिक आधारमा निर्माण भएको भूमिकाले पारिवारिक निर्णय प्रक्रियामा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यसै सन्दर्भमा यस राजवंशी समुदायमा सामाजिक सांस्कृतिक अभ्यासमा लैङ्गिक निर्णय निम्न रहेको छ ।

**तालिका- २९ : उत्तरदाताको सामाजिक सांस्कृतिक क्रियाकलापमा लैङ्गिक निर्णय**

| सि.नं. | निर्णय गर्ने | परिवार | |
|---|---|---|---|
| | | संख्या | % |
| १. | महिला | १२ | ३० |
| २. | पुरुष | १० | २५ |
| ३. | दुवै | १८ | ४२ |
| | **जम्मा** | ४० | १०० |

*स्रोतः कार्यक्षेत्र अध्ययन २०६५*

तालिकाको आधारमा सर्वेक्षण गरिएको ४० परिवार मध्ये समाजमा गरिने सामाजिक सांस्कृतिक क्रियाकलापको निर्णय ३०% परिवारमा महिलाले गर्दछन् । यसैगरी २५% परिवारमा पुरुषले निर्णय गर्दछन् र ४५% परिवारमा सामाजिक, सांस्कृतिक क्रियाकलापको निर्णय महिला, पुरुष दुवै मिली गर्दछन् । यस राजवंशी समुदायमा सामाजिक सांस्कृतिक क्रियाकलापको निर्णय पुरुषको भन्दा महिलाको भूमिका बढी रहेको छ ।

### ६.८ महिलाको शिक्षाको तह र निर्णय प्रक्रियाः

शिक्षा समाजको एक आधारभूत तत्व हो जसले मानिसलाई अन्धकारबाट उज्यालो तर्फ डोऱ्याउँछ । साथै व्यक्ति, समाज तथा राष्ट्रलाई विकासको मार्गमा अगाढि बढाउन शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ । यसै सन्दर्भमा यस अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायमा पनि शिक्षाले प्रत्यक्ष प्रभाव पारेको छ तर समाजमा पुरुषको तुलनामा महिलाको शैक्षिक स्तर कम

रहेको छ । यस अध्ययन क्षेत्रमा अध्ययनको क्रममा प्राप्त तथ्यांकको आधारमा महिलाको शैक्षिक तह अनुसार परिवारमा निर्णय भूमिका कस्तो रहेको छ त्यसलाई देखाउने कोशिस गरेको छु ।

**तालिका- ३० : महिलाको शिक्षाको तह र निर्णय प्रकृयाः**

| शिक्षाको तह | निर्णय गरिने कुराहरु | | | | | |
|---|---|---|---|---|---|---|
| | जग्गा | गरगहना | नगद | गाईवस्तु | अन्नपानि | जम्मा |
| साक्षरता | - | ५ | २ | २ | ३ | १२ |
| प्राथमिक तह | - | १ | - | ५ | ४ | १० |
| निम्न माध्यमिक तह | - | - | ३ | ५ | - | ८ |
| माध्यमिक तह | २ | १ | १ | १ | १ | ६ |
| प्रमाणपत्र तह | १ | - | १ | - | - | २ |
| स्नातक तह | २ | - | - | - | - | २ |

***स्रोतः कार्यक्षेत्र अध्ययन २०६५***

तालिका- ३० को विश्लेषणको आधारमा यस राजवंशी समुदायमा शिक्षाको तह अनुसार परिवारमा साक्षरता प्राथमिक तह (प्रा.वि.) र निम्न माध्यमिक तहका महिलाहरुले गरगहना, गाइवस्तु र अन्नपाति जस्ता कुराहरुको निर्णय गर्दछन् । यसैगरी समाजमा शिक्षाको तह अनुसार निर्णयमा पनि केही फरक रहेको छ जहाँ समाज तथा परिवारमा माध्यमिक तह प्रमाणपत्र तह, स्नातक तहका सम्म शैक्षिक योग्यता भएका महिलाहरुले घरायसी कृयाकलापहरु जग्गा, गरगहना, नगद, गाईवस्तु अन्नपाति तथा समाजका अन्य निर्णय प्रक्रियामा पनि सहभागी हुन्छन् तर समाजमा महिलाको शैक्षिक स्थिति राम्रै भएतापनि पारिवारिक निर्णयमा पुरुषको नै प्रभुत्व रहेको हुन्छ र राजवंशी महिलाहरुको निर्णय घरायसी क्षेत्रमा मात्र सीमित छ ।

अध्याय- ७

# सारांश, पत्ता लगाइएका कुराहरु र निष्कर्ष

## ७.१ सारांश

नेपालमा बसोवास गरिआएका राजवंशी झापाका आदिवासी हुन् । यस समुदायमा विभिन्न अध्ययन तथा अनुसन्धान भए तापनि महिलाको बारेमा कुनै अध्ययन नभएकाले यो लैङ्गिक दृष्टिकोणबाट गरिएको अध्ययन हो । साधारणतया यस अनुसन्धानको उद्देश्य राजगढ गा.वि.स. वार्ड-२ का राजवंशी महिलाको लैङ्गिक सम्बन्धको विश्लेषण भएकोले यस राजवंशी समुदायको लैङ्गिक संरचनाको निर्माण र महिलाको भूमिकामा यो अध्ययनले जोड दिएको छ । समाजमा भएका सामाजिक, सांस्कृतिक, धार्मिक तथा परम्परागत रुपमा चलिआएका मूल्य मान्यताको प्रभाव कस्तो छ र यी तत्वहरुले महिला र पुरुषको भूमिकामा कस्तो प्रभाव पार्दछ भन्ने कुराको अध्ययन यहाँ गरिएको छ । यसैगरी राजवंशी समुदायमा पारिवारिक कार्य विभाजनको प्रकृति कस्तो छ र महिला तथा पुरुषको भूमिकाको निर्धारण कसरी भएको र यसले पारिवारिक निर्णय प्रक्रियामा पारेको प्रभावको विश्लेषण यस अध्ययनमा गरिएको छ । साथै यस समुदायमा रहेको महिलाको वास्तविक स्थितिलाई यस अध्ययनले प्रष्ट पार्ने कोशिस गरेको छ ।

अध्ययनका लागि झापा जिल्ला राजगढ गाविस वडा नं. २ लाई छनोट गरिएको थियो । विभिन्न जातजातिहरुको साझा बसोबासस्थल रहेको यस क्षेत्रमा राजवंशी समुदायलाई अध्ययनका लागि छनोट गरिएको हो ।

यसरी यस समुदायको अध्ययन निम्न प्रश्नहरुलाई आधार बनाएर अध्ययन गरिएको थियो ।

- राजवंशी समुदायमा लैङ्गिक संरचनाको निर्माण कसरी हुन्छ?
- परिवारमा कसको भूमिका कस्तो छ?

- श्रम विभाजनको प्रकृति कस्तो छ?
- परिवार र परिवार बाहिर महिला र पुरुषको पेशागत भूमिका कस्तो छ?
- परिश्रमको व्यवस्था कस्तो छ?
- पारिवारिक समपत्तिमा महिलाको पहुँच कस्तो छ?
- निर्णय प्रकृयामा कसको भूमिका बढी छ?

यस अध्ययनको उद्देश्य राजवंशी महिलाको लैंगिक सम्बन्धको विश्लेषण भए तापनि यस अध्ययनको मुख्य उद्देश्य अध्ययन क्षेत्रमा लैंगिक संरचनाको निर्माण र भूमिकाको अध्ययन गर्नु र महिलाको पारिवारिक निर्णय प्रक्रियामा सहभागिता र स्रोतमाथि नियन्त्रणको अध्ययन गर्नु रहेको थियो ।

यो अध्ययन वर्णात्मक जातीय अध्ययनमा आधारित रहेको छ । साथै, अध्ययनका लागि ८० घरधुरीमा ४८० जनसंख्या रहेको राजवंशी समुदायमा अध्ययनको लागि ४० परिवारका घरमुलीलाई प्रत्येक एक घर छोडेर अर्को घरलाई नमूना छनोटको रुपमा लिइएको छ । अध्ययनका क्रममा तथ्यांक संकलनका लागि प्राथमिक तथा द्वितीय स्रोतहरु प्रयोग गरिएको छ । प्राथमिक तथ्यांकहरु कार्यक्षेत्रमा प्रत्यक्ष रुपमा गएर गरिएको छ जसका लागि अन्तरवार्ता, प्रश्नावली, सर्वेक्षणक्षण, वैयक्तिक अध्ययन, अवलोकन, समूह छलफल तथा मुख्य सूचनादातासँग अन्तर्वार्ता जस्ता तथ्यांक संकलनका विधिहरु प्रयोग गरिएको छ । यसैगरी द्वितीय तथ्यांकको संकलनको लागि प्रकाशित कृति, लेखहरु, पुस्तकालय तथा गाउँ विकास समिति र जिल्ला विकास समिति लगायतका स्थानीय निकायको सहयोगबाट तथ्यांक संकलन गरिएको छ ।

संकलित तथ्यांकको विश्लेषणका लागि सामान्य विधि तथा ढाँचा जस्तै प्रतिशत र अनुपातको प्रयोग गरिएको छ । साथै तथ्यांक विश्लेषणका लागि संख्यात्मक तथा गुणात्मक ढाँचा प्रयोग गरिए तापनि यो समाजशास्त्रीय अध्ययन भएकाले संख्यात्मक ढाँचालाई जोड दिइएको छ ।

## ७.२ पत्ता लागेका मुख्य कुराहरु

राजवंशी समुदायमा गरिएको लैङ्गिक संरचनाको अध्ययनमा पत्ता लगाइएका मुख्य कुराहरु निम्नलिखित छन् ।

- घरायसी क्रियाकलापहरु- खाना बनाउने, बच्चाको हेरचाह तथा साँस्कृतिक नीति नियमको पालना गर्नुभएकाले राजवंशी समुदायमा महिलाहरु सामाजिकरुपमा नै पछि परेका छन् ।
- राजवंशी समुदायको प्रकृति पुरुषप्रधान तथा परिवारमा पुरुषको प्रभुत्व भएकोले महिलाहरु घरासी क्षेत्र र पुरुषहरु सार्वजनिक क्षेत्रमा संलग्न छन् । त्यसैकारण पारिवारिक कार्यविभाजनको प्रकृति असमान रहेको छ, जहाँ ९० प्रतिशत महिलाहरु घरायसी क्षेत्रमा एक्लै काम गर्दछन् ।
- राजवंशी समुदायमा सामाजिक, साँस्कृतिक, शैक्षिक, धार्मिक तथा परम्परागतरुपमा समाजमा चलिआएका मूल्य, मान्यताको प्रभावले गर्दा महिलाहरु जीवनका विभिन्न अवसरहरुबाट वञ्चित भएका छन्, जस्तैः शिक्षा, रोजगारी, घुमफिर, राजनीति आदि ।
- राजवंशी समुदायमा शैक्षिकरुपमा महिलाहरु पिछडिएका छन्, जहाँ ३० प्रतिशत महिलाहरुमात्र शिक्षित छन् । समाजका प्रत्येक क्रियाकलापमा उनीहरु पुरुषमाथि निर्भर हुने गर्दछन् ।
- राजवंशी समुदायमा महिलाहरु सामाजिक मूल्य, मान्यतालाई नै निरन्तरता दिने र पुरुषको सहयोगी भएकाले पारिवारिक निर्णय प्रक्रियामा पुरुषको तुलनामा महिलाको पहुँच कम रहेको छ ।
- यस समुदायमा आर्थिक स्रोत रोजगार, व्यापार, व्यवसायका क्षेत्रमा पुरुषको सहभागिता बढी भएको र महिलाहरुको बढी समय घरायसी क्रियाकलापमा बित्ने भएकोले आयस्रोतको प्रकृतिक असमान रहेको छ ।
- परिवारको चल तथा अचल सम्पत्तिमाथि पुरुषको तुलनामा कम पहुँच रहेकाले महिलाले स्वतन्त्ररुपमा पारिवारिक क्रियाकलापमा निर्णय गर्न पाउँदैनन् ।

- राजवंशी समुदायमा लैंगिक संरचनाको निर्माण विभिन्न तत्वहरु, जस्तैः सामाजिक, साँस्कृतिक, शैक्षिक, आर्थिक तथा धार्मिक आधारमा भएको पाइन्छ ।
- यस राजवंशी समुदायमा परिवारमा छोराले वंशको निरन्तरता कायम गर्ने भनिएकाले छोराको महत्व बढी छ ।
- समाजमा भएका सामाजिक तथा साँस्कृतिक मूल्य, मान्यता, विश्वास तथा परम्परागत नीति नियमअनुसार समाजमा महिला-पुरुषका कार्यविभाजन भएकाले महिलाहरु घरायसी र पुरुष सार्वजनिक क्षेत्रमा संलग्न रहेका छन् ।
- परिवारमा छोराले वंशको निरन्तरता दिने हुनाले सानैदेखि नै उचित सामाजिकीकरणको प्रक्रियाबाट राम्रो शिक्षा तथा समाजका विभिन्न गतिविधिहरुमा संलग्न गराइन्छ भने छोरी विवाहपश्चात अर्काको घरमा जानुपर्ने भन्दै पढाइमा भन्दा घरायसी काम सिकाइन्छ ।
- विगतको तुलनामा वर्तमान समयमा यस समुदायमा जनचेतनाको वृद्धिले गर्दा महिला शिक्षित भए परिवार शिक्षित हुन्छ भन्ने मान्यताले गर्दा परिवारमा छोरासरह छोरीलाई पनि समाज शिक्षा दिइएको पाइन्छ ।
- यस राजवंशी समुदाय पुरुषप्रधान समाज भएकोले परिवारमा महिलालाई पुनर्उत्पादनमा स्वतन्त्रता दिइएको छैन ।
- यसरी यो राजवंशी समुदायमा परम्परागतरुपमा चलिआएका मूल्य, मान्यता तथा विचारहरुमा खासै परिवर्तन नभएकाले समाजमा महिलाहरु सामाजिक बन्धनमा बाँधिएका छन् ।
- यस अध्ययन क्षेत्रमा रहेको राजवंशी समुदाय चेतनाको कमीले समयअनुरुप आफ्ना सामाजिक तथा साँस्कृतिक मूल्य, मान्यता तथा परम्परागत विचारलाई परिवर्तन गर्न नसक्दा अन्य समुदायको तुलनामा पछाडि परेका छन् ।
- विगतको तुलनामा वर्तमान समयमा विभिन्न सञ्चारका साधन, जस्तैः रेडियो, टिभी, पत्रपत्रिकाबाट चेतनाको अभिवृद्धि भई सामाजिक, साँस्कृतिक तथा धार्मिक मूल्य, मान्यता एवं परम्परागत रुढीवादमा क्रमिकरुपमा परिवर्तन आइरहेको छ ।

## ७.३ निष्कर्ष:

यो राजवंशी समुदायमा लैङ्गिक संरचनाको बारेमा गरिएको अध्ययन हो । यस अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायमा सामाजिक संरचनाको आधारमा समाजमा महिला तथा पुरुषका भूमिकाहरु निर्धारण भएका छन् । समाजमा महिलाहरु घरायसी क्षेत्रमा र पुरुषहरु सार्वजनिक क्षेत्रमा संलग्न रहेका छन् । परिवारमा महिला तथा पुरुषहरु पारिवारिक तथा परिवार बाहिरका काममा संलग्न भएतापनि बढी जसो काम महिलाले नै गर्दछन् । साथै समाजमा सम्पूर्ण महिलाहरु घरायसी क्षेत्रमा नै सीमित रहेका छन् ।

यस समुदायमा लैङ्गिकताको निर्माणमा समाजाम भएका सामाजिक सांस्कृतिक, धार्मिक तथा परम्परागत रुपमा रहेका मुल्य, मान्यताले प्रत्यक्ष रुपमा प्रभाव पारेका छन् । समाजमा लैङ्गिक आधारमा नै महिला तथा पुरुषका भूमिकाहरु निर्धारण भएको हुन्छ । साथै लैङ्गिकताको निर्माणमा शिक्षाले पनि प्रत्यक्ष रुपमा प्रभाव पारेको छ । समाजमा जनचेतनाको कामले गर्दा महिलाहरुलाई लैङ्गिकताको बारे नै थाहा छैन । जसले गर्दा समाजमा महिलाहरु पिछडिनुका साथै घरायसी क्षेत्रमा सीमित भएका छन् । यसैगरी यस समुदायमा चलिआएका परम्परागत मान्यताहरुले पनि समाजमा प्रत्यक्षरुपमा प्रभाव पारेको छ ।

यसैगरी लैङ्गिक आधारमा निर्धारित भूमिकाले समाजमा निर्णय प्रकृयामा पनि प्रत्यक्ष रुपमा प्रभाव पारेको छ । परिवारका सम्पूर्ण क्षेत्रमा महिला सहभागिता बढी भए तापनि महिलाले स्वतन्त्र रुपमा निर्णय गर्न सक्दैन । परिवारमा महिलाहरु पूर्ण रुपमा पुरुषमा निर्भर रहेका छन् । यसै गरी यस राजवंशी समुदायमा समाजमा छोरीको तुलनामा छोराको बढी महत्व भएकाले छोरालाई हरेक क्षेत्रमा स्वतन्त्रता दिएको हुन्छ भने छोरी सामाजिक मान्यता अनुरुप आमा बाबुको आज्ञाअनुसार परिवारमा नै सीमित रहेका छन् । यसरी यस राजवंशी समुदायमा समाजमा पुरुषको प्रभुत्व रहेको छ र समाजमा महिलाहरु हरेक क्षेत्रमा दविएका तथा पिछडिएका छन् ।

**भविष्यमा गरिने अध्ययन/अनुसन्धानका लागि सुझाव**

राजवंशी समुदाय झापा जिल्लाको आदिवासी समुदाय हो, जसको आफ्नै मौलिक अस्तित्व रहेको छ । राजवंशी जातिको बारेमा केही अध्ययन तथा अनुसन्धान भए तापनि महिलाको बारेमा कुनै अध्ययन भएकाले यस अध्ययनमा यो समुदायको लैंगिक संरचनाको निर्माण र महिलाको भूमिकाको अध्ययन गरिएको छ । साथै, यस अध्ययनमा अध्ययनक्षेत्रमा रहेका राजवंशी समुदायमा लैंगिक संरचनाको निर्माण कसरी हुन्छ र यसैका आधारमा निर्धारित भूमिकाले समाजमा महिला र पुरुषमा कस्तो प्रभाव पारेको हुन्छ भन्ने कुरालाई विश्लेषण गरिएको छ ।

*यस राजवंशी समुदायमा भविष्यमा अध्ययन तथा अनुसन्धानका लागि निम्न विषयमा अध्ययन गर्न सकिनेछ-*

- राजवंशी समुदायमा आधुनिकीकरणको प्रभाव
- सामाजिक तथा साँस्कृतिक परिवर्तनको स्वरुप
- समाजमा महिला पिछडिनुको कारण
- राजवंशी समुदायमा विवाह पद्धती
- राजवंशी समुदाय पिछडिनुको कारण
- राजवंशी समुदायको सामाजिक संरचनाको स्वरुप

# References


- Acharya, Mina & Lynn Benett (1983), *Women & Subsistence Sector* : Economic pariticipation and household decision making in Nepal, World Bank Staff working paper number 526, USA.
- Adhikari, R and Gautam, T (2002), *Research Methods in Sociology and Anthropology*, Bidhyarthi Pustak Bhandar, Bhotahiti, Kathmandu.
- Benett Lyen (1983), *Dangerous Wife & Sacred Sister* : Social and symbolic role of high caste women in Nepal.
- Berlie, John (1985), *The Rajbanshi* : *A complex ethnic group of sout-east Nepal and Bengal*, Regmi Research Center, Kathmandu.
- Bhasin, Kamala (1993), *What is Partriarchy ?*, Kali for Women, New Delhi.
- Bista, Dor Bahadur (2030 BS), *Sabai Jatko Phulbari* : Shajha Prakashan Kathmandu.
- CBS (2001), National Planning Commission Secretarial H.M.G. Kathamndu, Nepal.
- Chaulagain, Tilak Prasad, Pokharel, Nani Ram, Sapkota, Keshabraj (2004), *Gender Studies: Sociological Analysis,* New Hira Book Interprises, Kirtipur, Nepal.
- Dahal, Dilliram (1981), *An Ethnographic Study of Social Change Among the Eight Communities*, Centre of Economics Development Administration, Tribhuwan University, Kathmandu, Nepal.
- Dahal, Dilliram (1987), *Indian Ethnic Group in the Terai Area* : CNAS, TU, Kathmandu.
- Dhungana, D.R. (2052 BS), *Rajbanshi Jatiko Jeevan Ra Baibahik Parampara* .
- Ghimire, Sujan (2005), *Women and Irrigation In Nepal : Context issue and perspect*, In Occasional paper in Sociology/Anthropology volume 9pp.
- Lorber, Judith (1994), *Paradoxes of Gender*, Yale University Press, New Heaven and London.

- Panta, Shastra Datt (2041 BS), *Jhapa Ka Adibashi*,Sajha Publication, Kathmandu.
- Rai, Raju (2008), *Analysis of Gender Relation of Bantawa Rai: A Case Study of Bhojpur District*, A thesis submitted to the faculty of Humanities and Sciences, TU, Kirtipur.
- Rai, Tara (1997), *Gender Issues and the Role of Rai Women in Decision Making Process on Household Management: A Case Study of Mespang Village,* A thesis submitted to the faculty of Humanities and Social Science, TU, Kirtipur.
- Rajbanshi, Bhumilal (2059 BS), *Festivals of Rajbanshi Caste*, Niyatra Publication, Jhapa.
- Rajbanshi, Panee Lal (2062 BS*), Koja Lar Chhant*, Jhapa.
- Rajbanshi Phul Singh (2050 BS), *Rajbanshi Culture:* Rajbanshi Language Advertising Committee, Jhapa.
- Rajbanshi, Phul Singh (2051 BS), *Historical Introduction of Rajbanshi, Jhapa.*
- Rawal, Nabin (2002), *Saving the Time for Women Empowerment*, A thesis submitted to the faculty of humanities and social science, TU, Kirtipur (UN published dissertation).
- Sanyal, C.C. (1967), *Rajbanshies of West Bengal*, Calcutta, Asiatic Society.
- Sharma, Sheela (2003), *Gender Role in Household Decision Making in Rural Nepal*, A Thesis submitted to the faculty of humanities and social science, TU, Kirtipur (UN published dissertation).
- Shrestha, Keshab (1996), *An Ethnographic Study of Rajbanshi,* A thesis submitted to the faculty of Humanities and Sciences, TU, Kirtipur.
- Upadhyay, Drona (2040), *Nepalese Rajbanshi's Society and Cultures.*
- Village Profile (2065), Rajbadh Village Development Committee.

अनुसूची १



बजारमा सामग्री बेच्दै राजवंशी महिलाहरु ।



विद्यालय जाँदै गरेका राजवंशी विद्यार्थीहरु ।



स्थानीय बजार ।



लक्ष्मीपूजा गर्दै एक राजवंशी पुरुष ।



खेतमा पूजा गर्दै राजवंशी बालबालिकाहरु ।



लक्ष्मीपूजाका लागि तयार गरिएको मन्दिर ।



लक्ष्मीपूजा गर्दै एक राजवंशी पुरुष ।



पूजा गर्दै एक राजवंशी महिला ।



स्थानीय बजारमा राजवंशी समुदायका महिला पुरुषहरु ।



चिया बगानमा काम गर्दै एक राजवंशी महिला ।



स्थानीय विद्यालयमा राजवंशी समुदायका बालबालिकाहरु ।



स्थानीय बजारमा सामग्री बेच्दै राजवंशी महिलाहरु ।



खाना बनाउँदै राजवंशी महिलाहरु ।



चिया बगानमा काम गर्दै राजवंशी समुदायका युवतीहरु ।



एक राजवंशी बालिका ।



स्थानीय बजारमा सामग्री बेच्न ग्राहक कुरेर बसेकी राजवंशी महिला ।



पापड बेच्दै राजवंशी महिला । साथमा अन्य पुरुषहरु ।



एक राजवंशी युवक ।



पसलमा चटपटे बनाउँदै एक राजवंशी महिला ।

प्रश्नावली

# राजवंशी समुदायमा लैङ्गिक संरचनाको निर्माण र महिलाको भूमिका

## प्रश्नावली तालिका

समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग

त्रिवि कीर्तिपुर

पारिवारिक जानकारी :

| सि नं. | नाम | घरमुलीसँगको सम्बन्ध | उमेर | लिङ्ग | वैवाहिक अवस्था | शैक्षिक स्थिति | पेशा | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्राथमिक | द्वितीय |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

घरमुलीसँगको सम्बन्ध

| घरमुलीसँगको सम्बन्ध | लिङ्ग | वैवाहिक स्थिति | शिक्षा | पेशा |
|---|---|---|---|---|
| ०१ घरमुली | ०१ महिला | ०१ विवाहित | ०१ पढ्न लेख्न नसक्ने | ०१ कृषि |
| ०२ पति | ०२ पुरुष | ०२ अविवाहित | ०२ पढ्नमात्र सक्ने | ०२ सरकारी सेवा |
| ०३ श्रीमती | | ०३ सम्बन्ध विच्छेद | ०३ प्राथमिक तह | ०३ निजी सेवा |
| ०४ बाबु | | ०४ छुट्टै बस्ने | ०४ निमावि तह | ०४ वैदेशिक रोजगारी |
| ०५ आमा | | ०५ विवाह गर्ने उमेर भएको तर नगरेको | ०५ माध्यमिक तह | ०५ व्यापार, व्यवसाय |
| ०६ छोरा | | ०६ अन्य | ०६ प्रमाणपत्र तह | ०६ घर गृहस्थी |
| ०७ छोरी | | | ०७ बिए र यसभन्दा माथि | ०७ विद्यार्थी |
| ०८ बुहारी | | | | ०८ राजनीति |
| ०९ नाति | | | | ०९ अन्य |
| १० नातिनी | | | | |
| ११ हजुरबुवा | | | | |
| १२ हजुरआमा | | | | |
| १३ अन्य | | | | |

**क. अध्ययन क्षेत्रमा लैङ्गिक संरचनाको निर्माण सम्बन्धमा खोजी गर्नु :**

१. राजवंशी समुदायमा लैङ्गिक संरचना भनेको के हो ?

..........................................................................................................

२. राजवंशी समुदायमा लैङ्गिक संरचनाको निर्माण कसरी हुन्छ ?

(क) जन्मका आधारमा (ख) सामाजिक आधारमा (ग) साँस्कृतिक आधारमा (घ) अन्य कुनै भए

३. समाजमा यसले महिला र पुरुषबीचमा कस्तो प्रभाव पार्दछ ?

(क) राम्रो (ख) अतिराम्रो (ग) नराम्रो (घ) अति नराम्रो

४. लैङ्गिकता भनेको बुझ्नुहुन्छ ?

(क) थाहा छ (ख) थाहा छैन

यदि थाहा छ भने ..........................................................................................

५. तपाइँको समाजमा बच्चा (छोरा/छोरी) को पालनपोषण प्रक्रिया कस्तो छ ?

(क) समान (ख) असमान (ग) अन्य कुनै भए

यदि छोरा भए कस्तो ..........................................................................................

छोरी भए कस्तो ..........................................................................................

६. तपाइँको समाजमा छोरा र छोरीले निर्वाह गर्ने भूमिका कस्तो छ ?

यदि छोरा भए

१.

२.

३.

यदि छोरी भए

१.

२.

३.

७. तपाइँको समाजमा महिलाको व्यक्तिगत स्थिति कस्तो छ ?

(क) राम्रो (ख) अति राम्रो (ग) नराम्रो (घ) अति नराम्रो

७. तपाइँको समाजमा महिलाले कस्ता काम गर्दछन् ?

| (क) घरभित्र | (ख) सरकारी | (ग) व्यापार | (घ) अन्य |
|---|---|---|---|
| (अ) | (अ) | (अ) | (अ) |
| (आ) | (आ) | (आ) | (आ) |
| (इ) | (इ) | (इ) | (इ) |

८. सामाजिक तथा साँस्कृतिक क्षेत्रमा महिलाको सहभागिता छ ?

(क) छ (ख) छैन

यदि छ भने कस्तो ? ..........................................................................

छैन भने किन ? ..........................................................................

९. तपाइँको परिवारको प्रकृति कस्तो छ ?

(क) पितृसत्तात्मक (ख) मातृसत्तात्मक

१०. तपाइँको समाजमा छोरा र छोरीबीचको भिन्नता कस्तो छ ?

(क) छोरा भए कस्तो ..........................................................................

(ख) छोरी भए कस्तो ..........................................................................

११. वृद्ध पुरुष र महिलाबीचको अवस्था कस्तो छ ?

(क) राम्रो (ख) अति राम्रो (ग) नराम्रो (घ) अति नराम्रो

१२. तपाइँको समाजमा महिला र पुरुषका संस्कारहरु कस्ता छन् ?

(क) जन्म ..........................................................................

(ख) विवाह ..........................................................................

(ग) व्रतवन्ध ..........................................................................

(घ) न्वारन ..........................................................................

(ङ) पास्नी ..........................................................................

(च) मृत्यु ..........................................................................

१३. तपाइँको समाजमा विधवा महिलाको अवस्था कस्तो छ?

(क) राम्रो (ख) अति राम्रो (ग) नराम्रो (घ) अति नराम्रो

१४. लैङ्गिक संरचनाले समाजमा महिलालाई निम्न स्थान दिएको हुन्छ भन्ने मान्यतामा तपाइँ सहमति हुनुहुन्छ ?

(क) सहमति (ख) अतिसहमत (ग) असहमत (घ) अति असहमत

१५. तपाइँको परिवारमा परम्परागत संस्कारहरु कसले गर्दछ ?

(क) पुरुष (ख) महिला (ग) दुबै

पुरुष भए : ..........................................................................................

महिला भए : ........................................................................................

| **टिप्पणीहरु** | **सुझावहरु** |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |

**ख. लैङ्गिक भूमिका र क्रियाकलापको जानकारी :**

१. तपाइँको समाजमा महिलाको भूमिकाबारे थाहा छ ?

(क) छ (ख) छैन

थाहा छ भने ......................................................................................

..........................................................................................................

२. समाजका परम्परागत मूल्य मान्यता तथा सरकारले महिलालाई कस्तो भूमिका दिएको छ ?

(क) घरायसी (अ)

(आ)

(इ)

(ई)

(ख) सार्वजनिक (अ)

(आ)

(इ)

(ई)

३. समाजमा महिलाले कस्तो काम गर्दछन् ?

(क) पारिश्रमिक (ख) बिना पारिश्रमिक (ग) दुबै

४. तपाइँको परिवारमा महिलाले कुन क्षेत्रमा बढी काम गर्दछन् ?

(क) घरायसी (अ)

(आ)

(इ)

(ई)

(ख) सार्वजनिक (अ)

(आ)

(इ)

(ई)

५. तपाइँको परिवार सञ्चालनमा महिलाको भूमिका कस्तो छ ?

(क) मुख्य (ख) सहायक (ग) दुबै

६. कृषि क्षेत्रमा कसले कस्तो काम गर्दछ ?

(क) पुरुष (ख) महिला

यदि पुरुष हो भने कस्तो काम गर्दछ ?

......................................................................................................................

यदि महिला हो भने कस्तो काम गर्दछिन् ?

......................................................................................................................

७. घरायसी क्रियाकलापमा कसको बढी भूमिका रहन्छ ?

(क) महिला (ख) पुरुष (ग) दुबै

८. कृषि कार्यमा बीउ छनोटका निर्णय कसले गर्दछ ?

(क) महिला (ख) पुरुष (ग) दुबै

९. तपाइँहरु उत्पादनका लागि कस्ता प्रकारका श्रमिकहरु प्रयोग गर्नुहुन्छ ?

(क) पर्म (ख) पारिवारिक श्रमिक (ग) ज्यालादारी श्रमिक (घ) अन्य

यस्ता श्रमिक प्रयोग गर्नुको पछाडि के कारण छ ?

......................................................................................................................

१०. साँस्कृतिक क्रियाकलापमा मुख्य भूमिका कसले खेल्दछ ?

(क) महिला (ख) पुरुष (ग) दुबै

महिला (अ)

(आ)

(इ)

पुरुष (अ)

(आ)

(इ)

११. साँस्कृतिक क्रियाकलापको व्यवस्थापन गर्ने भूमिका कसको हुन्छ ?

(क) महिला (ख) पुरुष (ग) दुबै

१२. सामाजिक कार्यक्रममा सहभागी हुने निर्णय कसले गर्दछ ?

(क) पति (ख) पत्नी (ग) अरु

१३. पुनर्उत्पादनमा महिला स्वतन्त्रता छ ?

(क) छ (ख) छैन

यदि छ भने, ..........................................................................................

छैन भने किन ?

..........................................................................................

१४. तपाइँको समाजमा महिला गतिशीलता कस्तो छ ?

(क) राम्रो (ख) अति राम्रो (ग) नराम्रो (घ) अति नराम्रो

१५. सार्वजनिक क्षेत्रमा महिलाको अवस्था कस्तो छ ?

(क) राम्रो (ख) अति राम्रो (ग) नराम्रो (घ) अति नराम्रो

१६. तपाइँको समाजमा विवाहित र अविवाहित महिलाको भूमिका कस्तो हुन्छ ?

(क) विवाहित भए ..........................................................................................

(ख) अविवाहित भए

..........................................................................................

१७. तपाइँको समाजमा महिलालाई कुन रुपमा हेरिन्छ ?

(क) पवित्र (ख) अपवित्र (ग) दुबै

| **टिप्पणीहरु** | **सुझावहरु** |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |

**ग. महिलाको पारिवारिक निर्णय प्रक्रियामा सहभागिता र स्रोतमाथिको नियन्त्रणको अध्ययन :**

१. घरपरिवारमा खर्चको निर्णय कसले गर्दछ ?

(क) बाबु (ख) आमा (ग) छोरा (घ) अन्य

२. तपाइँको परिवारमा आयको मुख्य स्रोत के हो ?

(क) कृषि (ख) व्यापार (ग) जागिर (घ) अन्य

३. स्रोतमाथि कसको नियन्त्रण हुन्छ ?

(क) पुरुष (ख) महिला (ग) दुबै

यदि पुरुष भए (अ)

(आ)

(इ)

यदि महिला भए (अ)

(आ)

(इ)

४. परिवारमा स्रोतको पर्याप्तमात्रामा उपयोग कसले गर्दछ ?

(क) पुरुष (ख) महिला (ग) दुबै

५. घरव्यवहारमा स्रोतको निर्णय र परिभाषा कसले गर्दछ ?

(क) पुरुष (ख) महिला (ग) दुबै

६. तपाइँले कसैलाई ऋृण दिनु वा लिनुभएको छ ?

(क) छ (ख) छैन

यदि छ भने निर्णय कसले गर्दछ ?

(क) पति (ख) पत्नी (ग) अन्य

यदि लिनुभएको छ भने

(क) व्यापारी (ख) ब्याङ्क (ग) नातेदार (घ) अन्य कुनै भए

कति लिएको ? .........................................................................................

७. तपाइँले यी संस्कारमध्ये कुनमा महत्वपूर्ण कार्य गर्नुभएको छ ?

(क) जन्म (ख) विवाह (ग) मृत्यु (घ) अन्य

८. तपाइँले जग्गा अधिया दिनुभएको छ ?

(क) छ (ख) छैन

यदि छ भने कसलाई ?

..........................................................................................

यसको निर्णय कसले गर्दछ ?

(क) आफै (ख) पति (ग) अन्य पुरुष सदस्य (घ) अन्य महिला सदस्य

९. तपाइँको परिवारमा घरायसी मालसामानको किनबेच कसले गर्दछ ?

(क) पुरुष (ख) महिला (ग) अन्य

यदि पुरुष भए ..........................................................................................

महिला भए ..........................................................................................

१०. जग्गाको किनबेच वा घर निर्माणमा कसको निर्णय हुन्छ ?

(क) आफू (ख) पति (ग) अन्य पुरुष सदस्य (घ) अन्य महिला सदस्य

११. सामाजिक, धार्मिक तथा साँस्कृतिक कार्यहरु कसले गर्दछ ?

(क) महिला (ख) पुरुष (ग) अन्य

१२. बजारमा वस्तुको बिक्रीवितरण गर्ने निर्णय कसले गर्दछ ?

(क) बाबु (ख) आमा (ग) छोरा (घ) अन्य

१३. के तपाइँको पेवा सम्पत्ति छ ?

(क) छ (ख) छैन

यदि छ भने कस्तो छ ?

(अ)

(आ)

(इ)

(ई)

त्यो सम्पत्ति तपाइँ आफ्नो इच्छाअनुसार प्रयोग गर्न सक्नुहुन्छ ?

(क) सक्छु (ख) सक्दिन

१४. घरबाहिर जान स्वीकृति लिनु पर्छ कि पर्दैन ?

(क) पर्छ (ख) पर्दैन

यदि पर्छ भने निर्णय कसले गर्दछ ?

(क) बाबु　　(ख) आमा　　(ग) सासू　　(घ) अन्य

१५. राजवंशी समुदायमा महिलाको निर्णय प्रक्रियामा साँस्कृतिक मूल्य मान्यताले कस्तो प्रभाव पारेको छ ?

(क) सक्रिय　　(ख) निष्क्रिय

यदि सक्रिय हो भने कस्तो : ..........................................................................

| **टिप्पणीहरु** | **सुझावहरु** |
| --- | --- |
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |

**घ. आम नागरिकसँगको छलफलका लागि तयार पारिएको जाँच तालिका**

| | |
|---|---|
| नाम : | लिङ्ग : महिला/पुरुष/तेस्रो लिङ्गी |
| मिति : | शिक्षा : |
| ठाउँ : | वैवाहिक स्थिति : |

१. राजवंशी समुदायमा महिला र पुरुषको भूमिका
२. राजवंशी समाजमा मूल्य र मान्यताले पारेको प्रभाव
३. राजवंशी महिलाको विगतदेखि वर्तमानसम्मको अवस्था
४. राजवंशी पुरुषको भूमिका
५. राजवंशी समाजमा महिलाको भूमिका
६. परिवारमा बालबच्चाको पालनपोषणको जिम्मेवारी
७. परिवारमा महिला र पुरुषको भूमिका
८. राजवंशी समुदायमा घरमूली
९. परिवारमा स्रोत तथा साधनको परिचालन
१०. राजवंशी समुदायमा परिवारको प्रकृति
११. समाजको निर्णय प्रक्रियामा महिला-पुरुषको सहभागिता
१२. राजवंशी समाजमा छोरा र छोरीबीचको फरक
१३. पारिवारिक सम्पत्तिमा महिलाको अधिकार
१४. राजवंशी समाजमा विवाहको निर्णय
१५. पारिवारिक क्रियाकलापमा परम्परागत मूल्यमान्यताको प्रभाव

| टिप्पणीहरु | सुझावहरु |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |

## ङ. आम महिलासँगको छलफलका लागि तयार पारिएको जाँच तालिका

नाम : लिङ्ग : महिला/पुरुष/तेस्रो लिङ्गी

मिति : शिक्षा :

ठाउँ : वैवाहिक स्थिति :

१. राजवंशी महिलाको सामाजिक-साँस्कृतिक अवस्था

२. राजवंशी समाजमा लिङ्ग र लैङ्गिकता

३. महिला र पुरुषलाई हेर्ने दृष्टिकोण

४. राजवंशी समुदायमा महिला र पुरुषबीचको समानता र भिन्नता

५. महिलाको बढी समय खर्च हुने कार्यहरु

६. परिवारमा महिलाको स्तर

७. पारिवारिक निर्णय प्रक्रियामा महिलाको भूमिका

८. पुरुषको तुलनामा महिलाको शैक्षिक अवस्था

९. महिलाका विभिन्न कार्यहरुलाई समाजले हेर्ने दृष्टिकोण

१०. रोजगारीको क्षेत्रमा महिलाको पहुँच

११. कृषि क्रियाकलापमा महिलाको भूमिका

१२. परिवारमा महिला-पुरुषका क्रियाकलापहरु

१३. समाजको आर्थिक क्रियाकलापमा महिला सहभागिता

१४. निर्णय प्रक्रियामा महिलाको क्षमता

१५. राजवंशी महिलामाको परिवर्तनको स्वरुप

१६. राजनीति र विकास कार्यमा महिला सहभागिता

| टिप्पणीहरु | सुझावहरु |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |

## च. मुख्य सूचनादाताहरुका लागि तयार पारिएको जाँच तालिका

| | |
|---|---|
| नाम : | लिङ्ग : महिला/पुरुष/तेस्रो लिङ्गी |
| मिति : | शिक्षा : |
| ठाउँ : | वैवाहिक स्थिति : |

१. महिला र पुरुषप्रतिको दृष्टिकोण

२. महिला/पुरुष हुँदाको अनुभव

३. परिवारमा महिला र पुरुषका क्रियाकलापमाथि आदेश वा रोकको अवस्था

४. महिलालाई समाजको अग्रपङ्क्तिमा ल्याउन गर्नुपर्ने कार्यहरु

५. महिला र पुरुषबीचको समानता र भिन्नता

६. महिला र पुरुषले खेल्ने भूमिकामा फरक छ र कारणहरु

७. छोरा वा छोरीलाई हेर्ने दृष्टिकोण

८. ग्रामीण मानिसको मुख्य पेशा

९. राजगढका महिलाको भूमिका


१०. राजगढका महिलाबारे जानकारी


११. महिलाको सार्वजनिक क्षेत्रमा सहभागिता

१२. लैङ्गिकताबारेको बुझाइ ।

१३. महिलाको सर्वाङ्गिक विकासका लागि गर्नुपर्ने कार्यहरु

| <u>टिप्पणीहरु</u> | <u>सुझावहरु</u> |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |


Jhapa District
10 Miles
0
10


Rajagadha VDC
Ward_8
Ward_7
Ward_5
Ward_4
Ward_3
Ward_2
Ward_1
Ward_9
DDC, Jhapa
Drawn & Designed by
Information Center, DDC